# "हाम्रो पाँचखाल"

## स्थानीय पाठ्यक्रम २०७८

प्रकाशक:

पाँचखाल नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

## भूमिका

मानव संसाधन विकासको प्रमुख वाहक भनेकै गुणस्तरीय शिक्षा हो । मानव, राष्ट्र र विश्व सकारात्मक दिशातर्फ गतिशील बनाउन शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको माध्यमवाट नै समाजमा व्याप्त असमानता, पछौटेपन र दरिद्रताको अन्त गरी सुसंस्कृत समाज निमार्ण गर्न सकिन्छ । आयमुलक, गुणस्तरीय तथा व्यवहारिक शिक्षाले मात्र परिवार, समाज र राष्ट्रको आर्थिक सामाजिक रुपान्तरणको अपेक्षा पुरा गर्न सक्दछ । शिक्षालाई परिणाममुखी बनाउन यसलाई सान्दर्भिक र आवश्यकतामूलक तुल्याउनु पर्छ । उपलब्ध मानव पूजीलाई आन्तरिक र बाह्य बजारको माग सुहाउँदो तुल्याउन उपयुक्त शिक्षा नीति, कार्यक्रम र प्रविधिको प्रयोगमा जोड दिनु पर्छ । शैक्षिक प्रकृयावाट व्यक्तिगत स्वार्थ भन्दा राष्ट्रहित र राष्ट्रियतालाई सर्वोपरी ठानी कर्तब्य निर्बाह गर्ने जनशक्तिको विकासको अपेक्षा गरिएको हुन्छ । सामाजिकिकरणको प्रक्रियामा सहयोगी, मानवीय मुल्य मान्यताप्रति कटिबद्ध र राष्ट्र निर्माणमा दृढसंकल्पित र स्पष्ट शिक्षा नीतिले मात्रै समृद्ध मुलुक बन्न सक्छ ।

पाँचखाल नगरपालिका प्रचुर सम्भावनाहरु बोकेको नगरपालिका हो । यहाँको भौगोलिक अवस्था अनुसार स्थान विशेष फरक फरक पहिचान र उत्पादन रहेको छ । यहाँका जल, जमिन, जङल, जडिबुटी र संस्कृति लगायत प्राकृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरु अमुल्य नीधि हुन् । यी स्रोतहरुको पहिचान, संरक्षण, संवर्धन र पूर्ण उपयोग गर्न नगरपालिकाले उचित नीति अवलम्वन गर्दै आएको छ । स्रोत साधनहरुलाई उत्पादन तथा विकाससँग जोड्न नगरपालिकाले विभिन्न क्षेत्रगत नीतिहरु तय गर्ने तथा कायान्वयन गर्ने सन्दर्भमा शिक्षा नीतिलाई यसको प्रमुख कडीको रुपमा लिई आधारभूत तह १– ८ का लागि यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

शिक्षाको विकेन्द्रीकरण सम्वन्धी संवैधानिक व्यवस्था वास्तविक कार्यन्वयन गर्न निर्मित यस स्थानीय पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मार्गदर्शन र आधारभुत तह(कक्षा १–८)को पाठ्यक्रम, प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेतलाई आधार मानिएको छ ।

केवल पाठ्यक्रम निर्माण हुनु मात्रै महत्वपूर्ण कार्य होइन । यसको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेच्छित उद्देश्यहरु हासिल हुन सक्दछन् । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ । त्यसका निम्ति सिक्नका लागि सिकाउने वैयक्तिक शिक्षण र नवीन शैलीहरु अवलम्बनप्रति सजक हुनु पर्दछ । यिनै कुराहरुलाई यस पाठ्यक्रमले स्पष्ट रुपमा निर्देशन गरेको छ । यो पाठ्यक्रमले पाँचखाल नगरपालिकाको शिक्षालाई ब्यबहारिक र जीवन उपयोगी बनाउन सफल हुनेछ भन्ने कुरामा हामी पूर्ण विश्वस्त छौं ।

निर्धारित समयावधि भित्र कार्ययोजना निर्माण, पाठ्यक्रम मस्यौदा समिति गठन, विज्ञहरुसँगको परामर्श, सरोकारवालाहरुसँग सुझाव सङ्कलन एवम् प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ संस्थाका प्रतिनिधिहरुसँग छलफल लगायतका महत्वपूर्ण कार्य प्रक्रिया अवलम्वन गरी व्यापक छलफल र बहस पश्चात यो पाठ्यक्रम तयार भएको छ । यस प्रक्रियामा सक्रिय सहभागी यस नगरपालिकाका जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरु समेतको सहभागिताप्रति नगरपालिका सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछ । यो पाठ्यक्रमको मस्यौदा निर्माण समितिका संयोजक श्री दीनानाथ पन्थी, सदस्यहरु श्री उदय प्रसाद कोईराला, श्री नारायण कुमार राई, श्री धन वहादुर बस्नेत, श्री बैकुण्ठ प्रसाद न्यौपाने, श्री बेग बहादुर थापा र श्री गंगा कुमारी रावल रहनुभएको थियो । पाठ्यक्रमलाई मुर्तरुप दिन महत्वपुर्ण योगदान पुर्याउनु हुने नगर प्रमुख श्री महेश खरेल उप प्रमुख श्री लक्ष्मी दनुवार प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद हुमेगाईं लगायत पाठ्यक्रम निर्माण कार्यमा प्रत्यक्ष अप्रत्क्ष रुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण महानुभावहरुमा यस अवसरमा नगरपालिका सबैलाई धन्यवाद दिन चाहन्छ ।

अन्त्यमा, यस नगरपालिकाले निर्माण गरेको गुरुयोजना अन्तर्गत शिक्षा विज्ञान तथा प्रविधिको क्षेत्रमा तय गरिएको नारालाई सार्थक तुल्याउन यो पाठ्यक्रमलाई पाँचखाल नगरपालिकामा प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सरोकारवाला पक्ष सबैको अहम् भूमिका रहने हुँदा यस पाठ्यक्रमको निरन्तर समसामयीक थप सुधारका लागि सबैसँग समालोचनात्मक राय, सल्लाह, सुझाव र टिप्पणीको अपेक्षा गरिन्छ ।

**नगरप्रमुखको भनाई**

नेपाल विविधतायुक्त देश हो । विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो । शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन । यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो । समग्र शिक्षा प्रणालीलाई ब्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले पाँचखाल नगरपालिकाभित्र विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापी हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरू गर्दै जाँदा हाम्रा भावी सन्ततीहरूले पनि यसबाट प्रतिफल लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहान्छौं । सम्बृद्ध र विकसित समाज निर्माण गर्न चाहान्छौं । श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहान्छौं । र, नागरिकलाई स्वाभिमानी र आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहान्छौं । यी सबैका लागि हामीलाई गुणस्तरीय र व्यवहारिक पाठ्यक्रम चाहिन्छ । गुणस्तरीय र व्यवहारिक शिक्षण सिकाइ चाहिन्छ । र, गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ । यी सबै कुराहरूको ब्यवस्थापन गर्दै लाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तहसम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७९ बाट कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागू हुने कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्‍यालयहरूले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारित अझै बढेर जाने मेरो विश्वास छ । स्थानीय जात, जाति, भाषा, धर्म संस्कार, संस्कृति उद्‍योग, पर्यटन, सामाजिक मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामुहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । “विश्वब्यापी सोच, स्थानीय अभ्यास” भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात गर्दै रैथाने ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा “केही गरौं“ भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । यस पाठ्यक्रमले पाँचखाल नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ । काभ्रेपलाञ्चोक जिल्लाको विशिष्ट अवस्थालाई समेटेको छ । हाम्रौ गौरवको रुपमा रहेका ऐतिहासिक

धरोहर हरुलाई चिनाएको छ । हाम्रो मौलिक कला, संस्कृति वेशभुषा परम्परागत ज्ञान तथा सीप आदि बुझ्ने अवसर दिएको छ । यस अर्थमा यो पाठ्यक्रम हाम्रो पाँचखाल बनेको छ भन्ने मेरो विश्वास छ ।

सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यक्रमले पाँचखाल नगरको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएको छु । स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाई रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शन र कोशेढुङ्गा सावित हुनेछ । स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिएको "हाम्रो पाँचखाल" नामक यस पाठ्यक्रमले पाँचखालका विविध पक्षहरूको यथोचित जानकारी पनि दिएको छ । यो पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष छ । यसले स्थानीय भूगोललाई समेटेको छ । स्थानीय आवश्यकता र चाहानालाई सम्बोधन गरेको छ । स्थानीय भाषा, संस्कृति, धर्म, मूल्यमान्यता, संस्कार, ज्ञान, सीप र प्रविधिलाई आफ्नो विषयवस्तु बनाएको छ । स्थानीय भाषाभाषि, जातजाति कला, धर्म, प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ । स्थानीय सरोकारवालाहरूलाई महत्त्व दिएको छ । स्थानीय सम्पदाको प्रचार प्रसार, विकास र संरक्षणलाई सघाएको छ । रैथाने सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्धन गर्ने अभिष्ट राखेको छ । र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरूहरूलाई पस्केको छ । यस अर्थमा यो पाठ्यक्रम हाम्रो पहिचान कायम राख्न सफल हुने छ भन्ने विश्वास लिएको छु ।

पाँचखाल नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्युहरूलाई हार्दिक बधाइ दिन चाहान्छु । नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्बाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयनयोग्य बनाउनु भएकोमा म अत्यन्त हर्षित छु । यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन शिक्षक महासंघ, शिक्षकका प्रतिनिधिमूलक संघ/सँगठन, पाँचखाल नगरपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, विद्यालय ब्यवस्थापन समिति लगायत सरोकारवालाहरूलाई म हार्दिक अनुरोध गर्दछु र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत म प्रतिवद्ध रहनेछु । पाठ्यक्रम आफैमा एक गतिशील दस्तावेज भएकोले आवश्यकतानुसार यसको समसामयिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहान्छु ।

महेश खरेल

प्रमुख

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक

## स्थानिय पाठ्यक्रम निर्देशक समिति

१. नगर प्रमुख श्री महेश खरेल

२. नगर उप प्रमुख श्री लक्ष्मी दनुवार

३. प्रमुख प्रशासकिय अधिकृत श्री शिव प्रसाद हुमेगाईं

४. सामाजिक विकास समिति संयोजक श्री किरण श्रेष्ठ

५. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री दीनानाथ पन्थी

## स्थानिय पाठ्यक्रम निर्माण समिति

१. दीनानाथ पन्थी - संयोजक

२. उदय प्रसाद कोईराला - सदस्य

३. नारायण कुमार राई- सदस्य

४. धन बहादुर बस्नेत- सदस्य

५. बैकुण्ठ प्रसाद न्यौपाने- सदस्य

६. बेग बहादुर थापा- सदस्य

७. गंगा कुमारी रावल- सदस्य

# विषयसूची


| **शीर्षक** | **पृष्ठ संख्या** |
| --- | --- |
| १. पृष्ठभूमि | १ |
| २. विषय प्रवेश | ३ |
| ३. हाम्रो पाँचखाल (स्थानीय पाठ्यक्रमको परिचय) | ७ |
| ४. तहगत सक्षमता | ८ |
| ५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण | १० |
| ६. विषय क्षेत्र तथा क्रम निर्धारण(१-८) | १२ |
| ७. कक्षागत सिकाइ उपलब्धि कक्षा (१-८) | २० |
| ८. विषयवस्तुको विस्तृतीकरण(१-८) | २९ |
| ९. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ९९ |
| १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरु | १०३ |
| ११. मूल्याङ्कन प्रणाली | १०५ |
| १२. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव | ११७ |

## १. पृष्ठभूमिः

नेपाल आफैमा विविधतायुक्त देश हो । भाषा आयोगका अनुसार नेपालमा १३१ भाषा पहिचान गरिएको छ । १२५ जातजातिको संख्या रहेको देखिन्छ । भाषा र जातजातिको सङ्ख्या खोजी हुने कार्य भइरहेको पनि छ । यो सङ्ख्या अझै बढ्न सक्ने आँकलन पनि गरिएको छ । यसको अर्थ हो- भाषामा विविधता कायम छ । जातिगत विविधता पनि नेपालको पहिचान बनेको छ । धार्मिक विविधता अनुभूत गर्न सकिन्छ । यी विविधताको कारण संस्कार र चिन्तनमा एकरुपता हुने कुरै भएन । भाषिक पहिचानको सवालमा फरक-फरक मान्यता स्थापित छ । जातीय पहिचानको सन्दर्भ पनि छ । कतै एकल पहिचानको कुरा । कतै बहुपहिचानको कुरा । सामर्थ्यको कुरा पनि छ । समावेशीताको मुद्दामा पनि बहु-मतहरू छन् । भौगोलिक विविधतासँगै सम्भावना र अवसरहरू पनि असन्तुलित छन् । असमान बनाइएका छन् । बनेका छन् । वर्ग र समुदायको विशिष्ट पहिचानको सवाल बहसमा छ । मिश्रित जाती/समुदायको अभ्यास पनि छ । निश्चित भूगोलभित्र एकल जाती/समुदायको अस्तित्व पनि कायमै छ । कतै विविधतामा एकता । कतै एकतामा विविधता तर सहिष्णुता कायम छ । कतै आक्रोश र असन्तुष्टि पनि । यस अर्थमा नेपाली समाज कुनै एकल सिद्धान्तले अर्थ्याउन सम्भव छैन । बहुसिद्धान्तलेमात्र समेट्न सक्छ नेपाली समाजलाई । परिवेश सापेक्ष सिद्धान्त । अर्थात गाँठो फुकाउने सिद्धान्त । नेपाली माटो अनुकुलको सिद्धान्त । शिक्षाको सवालमा पनि फरक मतहरू छन्, हुन्छन् । स्थानीय पाठ्यक्रमको सन्दर्भमा पनि फरक फरक अभ्यासहरू भएका छन् हुदैछन् । स्थानीय विशिष्टताको आधारमा स्थानीय पाठ्यक्रमको बनोट र संरचना पनि फरक हुन सक्छ । पाठ्यवस्तु पनि । स्रोत साधान तथा अवसर र सम्भावनाले शैक्षिक आयामहरू निर्देशित हुँदोरहेछ । समय, सन्दर्भ र परिवेश अनुरुप शिक्षाको प्रकृतिमा विविधता हुनु स्वभाविक नै हो र हुनसक्छ । अभिभावकीय सोचमा पनि शिक्षा सम्बन्धी दृष्टिकोणमा समानता छैन । राजनीतिक दलहरूको शैक्षिक चिन्तनमा पनि एकरुपता छैन । कतिपय सबालमा समानता पनि । जातीविशेषको विद्यमान स्थानीय सीप र प्रविधिलाई शिक्षासँग जोड्न सकिएको छैन । तर, सीपमूलक शिक्षामा सबै क्षेत्रको रुचि र सँगबद्धता पनि आइरहेका छ । स्थानीय सीप र प्रविधि बामे सर्न लागेको अवस्था छ । "विश्वब्यापी सोचाइ, स्थानीय अभ्यास" को स्थापित मान्यताको जगमा स्थानीय परिवेश सापेक्ष निर्माण गरिने स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सरकारहरू क्रियाशील भइरहेका सुखद परिवेश पनि निर्माण हुदैं गइरहेको देखिदैछ ।

शिक्षालाई समग्र विकासको आधारशीलाको रुपमा स्वीकार्ने गरिन्छ । विकास र प्रगतिको आधार केवल पूर्वाधारमात्र नभएर एक प्रमुख आधार शिक्षा पनि हो । समाज सापेक्ष शिक्षा कि, शिक्षा सापेक्ष समाज भन्ने कुरा बहसको विषय हुन सक्ला । तर, व्यवहारिक, वैज्ञानिक एवम् सीपमूलक शिक्षाले समाजलाई बदल्न सक्छ । समाजलाई उन्नतिशील बनाउन सक्छ । सभ्य समाज बनाउन मद्दत गर्छ । र,

समतामूलक समाज निर्माणमा साथ दिन्छ । ती देशहरूनै विकास र समृद्धिको सिढी चढ्न सफल छन् जसले शिक्षामा समुचित लगानी गरी यसलाई मुख्य प्राथमिकतामा राखेका छन् । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन नसक्ला । गुणस्तरीय र व्यवहारिक शिक्षाले सीप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संकृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरूको सकृय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्धरुपमा सञ्चालन गर्ने पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडलहरू प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजनाबद्ध रुपमा सञ्चालन गर्ने पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सहि ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता स्थापित भएको पाइन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, सिकारुको रुचि/क्षमता एवम् अभिभावकको आवश्यकतालाई सहिढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रहि आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारुसम्म पुर्याउने एउटा सहज मार्गको रुपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण-सिकाइको योजनाको रुपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ । हुनुपर्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहीत गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । २०७८/०७९ को नगरपालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०७९ देखि कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निर्माण गरी पालिकाभित्रका सवै विद्यालयहरूमा लागू गर्ने कार्यक्रम रहेको अवस्थामा स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सबै सरोकारावालाहरूसँगको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य सफल भएको हो ।

## २. विषय प्रवेश

पाठ्यक्रम सिकाइको मार्गदर्शन हो र यो समग्र सिकाइको योजना पनि हो । शिक्षण सिकाइलाई निर्देशित गर्ने मुख्य आधारको रुपमा पनि पाठ्यक्रमलाई लिन सकिन्छ । शिक्षण-सिकाइको निर्धारक र समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने सम्पूर्ण योजनाको एकीकृत स्वरुप भनेर पनि पाठ्यक्रमलाई परिभाषित गर्ने गरेको पाइन्छ । निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न बनाइएको एउटा व्यवस्थित र योजनाबद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्ने प्रचलन पनि छ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम तयार गर्ने परम्परा प्रचलनमा रहदै आएको छ । स्थानीय पाठ्यक्रमलाई लुप्त (Hidden) पाठ्यक्रमको रुपमा पनि लिने र यसलाई शिक्षण सिकाइमा मात्र आवश्यकतानुसार जोड्ने कार्यपनि विगतमा हुने गरेको थियो । किनभने यसले सिकारुको रुचि र अभिभावकको आवश्यकतामा आधारित विभिन्न विषयवस्तुहरूबारे समुचित ज्ञान दिन सहयोग गर्दछ । सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासको लागि स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुन्छ । यसले स्थानीय भूगोललाई समेट्छ । स्थानीय परिवेशलाई आत्मसात गर्छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ । स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिविम्बन गर्छ । स्थानीय सरोकारवालाहरूलाई समेट्छ । सारमा स्थानीय अवस्थाको प्रचार प्रसार, विकास, संरक्षणलाई अङ्गाल्छ । रैथाने सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्धन गर्ने अभिष्ट राख्दछ । र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरू पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ । हामीलाई थाहा छ, नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, सांस्कृतिक र धार्मिक रुपले विविधतायुक्त देश हो । यस मेसोमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रुपमा सम्बोधन गर्दैन । गर्न पनि सक्दैन । अनुभव र अभ्यासले पनि यही देखाउँछ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको समान स्वामित्व र सहभागिता आवश्यक हुन्छ भन्ने प्रचलित मान्यतालाई पनि स्थानीय पाठ्यक्रमले सम्बोधन गर्न सक्नुपर्दछ । गर्छ भन्ने विश्वास पनि संस्थागत हुदैछ । भएको छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप लक्षित वर्ग र समुदायको आवश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिन्छ । यसै पृष्ठभूमिमा पाँचखाल नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रको विषयवस्तु र काभ्रेपचाञ्चोक जिल्लाको परिवेशलाई आफ्नो स्थानीय पाठ्यक्रम भित्र समेट्ने प्रयत्न गरेको छ । स्थानीय

पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको एउटा सबल पक्षको रूपमा लिनु सान्दर्भिक होला । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतालाई पाँचखाल नगरपालिकाले आत्मसात गर्ने जमर्को गरेको छ । पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि यस कुरालाई उच्च महत्व दिएको देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ नै । विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको प्रतिनिधित्व हुन नसकेको परिवेश विद्यमान छ । फलस्वरुप शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन । अतः स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको अधिकाधिक सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसारका स्थानीय ज्ञान, सीप, धारणासँग सम्वन्धित विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमको रुपमा मान्यता दिने प्रचलन विश्वका विकासोन्मुख र विकसित देशहरूमा पनि पाइन्छ । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय मठमन्दिर, सांस्कृतिक सम्पदा, रहन सहन, स्थानीय माटो तथा हावा पानी, चालचलन पर्यापर्यटन आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो जन्मभूमी तथा स्थानीय परिवेशमा नै "केही गरौं" भन्ने भावनाको विकास गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो स्थानीय परिवेशअनुकूल मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गरिने लाचिलो प्रकृतिको पाठ्यक्रम हो । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार,

गीत, सँगीत, आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुबाट राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । अतः पाँचखाल नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक पर्नुका कारणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

क) पाँचखाल नगरपालिका क्षेत्रभित्रको स्थानीय आवश्यकता र समग्र काभ्रेपलाञ्चोक जिल्लाको सामाजिक परिवेश अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहित गर्न,

ख) पाँचखाल नगरपालिका र काभ्रेपलाञ्चोक जिल्लाभित्र रहेका मुख्य, वातावरणीय, भौगोलिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय, सांस्कृति एवं प्राकृतिक सम्पदाको बारेमा परिचित गराउन,

ग) पाँचखाल नगरपालिकाका स्थानीय व्यक्ति समूह वा समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न,

घ) स्थानीय जातजाति, धर्म, संस्कृति, परम्परा, मान्यता चाडपर्व, मठमन्दिर, स्थान विशेष, कला कौशल उद्योग, व्यवसाय, स्थानीय स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र संवर्धन गर्न,

ङ) स्थानीय नेतृत्व र संरचना, पोषण, खानपिन र सरसफाइबारे सिकारुलाई सूसुचित गराउन ,

च) शिक्षालाई श्रम, सीप र उत्पादनसँग जोड्दै जीविकोपार्जनमा सक्षमता अभिवृद्धि गर्न,

छ) स्थानीय परम्परागत ज्ञान, सीपको खोजी र सम्बर्धन गर्न,

ज) स्थानीय विज्ञताको समुचित उपयोग गरी रैथाने ज्ञान, सिप र सक्षमताको अभिवृद्धि गर्न,

झ) स्थानीय दनुवार तथा तामाङ् भाषाको बोलाई तथा लेखनमा कूशलता हासिल गर्न ।

**स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार**

स्थानीय विषय स्वभावले नै स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकतालाई मुख्य आधार बनाएर तयार गरिने पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमका आधारभूत पक्षहरूलाई नै पाँचखाल नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार मानेको छ ।

**क) स्थानमा आधारित सिद्धान्त**: ग्रामीण समाजको वस्तुस्थितिको वस्तुपरक आँकलन गरि स्थानीय स्रोत, साधन, ज्ञान, सिप र मान्यताको संरक्षण, सम्वर्धन र विकास गर्ने, प्रचारप्रसार गर्ने र स्थानीय समुदायलाई

सुसूचित गराइ स्थानीय विशिष्टता सिकारु समक्ष पुर्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिने भएकोले यो स्थानमा आधारित सिद्धान्तबाट निर्देशित छ ।

**ख) सामाजिक पुनर्संरचनावादी सिद्धान्त:** यो पाँचखाल नगरपालिकाको सामाजिक मुद्धा, सामाजिक आवश्यकता, भविष्यको आशा र स्थानीय सामाजिक संरचनाको जगमा तयार गरिएकोले पनि यसमा सामाजिक पुनर्संरचनावादी सिद्धान्तको पृष्ठभुमि रहेको छ । सामाजिक पुनर्संरचनाको मूलमर्म नै समाजमा प्रचलनमा रहिसकेका तर आल लोपोन्मुख अवस्थामा पुगेका राम्रा अभ्यासहरूलाई जीवन्त बनाउनु हो । त्यसैगरी प्रचलनमा रहेका गलत तथा समाज अनुपयोगी अभ्यास र परम्पराहरूको खारेजी वा संसोधन पनि हो । मौलिक र दीगो विकासमा सामाजिक पुनर्संरचनाले वकालत गर्दछ ।

**ग) रैथाने मान्यता केन्द्रित सिद्धान्त**: स्थानीय पाठ्यक्रम रैथाने ज्ञान, सिप, अभिवृत्ति तथा स्थानीय विशिष्ट परिवेशको जगमा तयार गरिने भएकोले यो रैथाने मान्यता केन्द्रित सिद्धान्तबाट परिलक्षित हुन्छ । राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका स्थानीय सरोकारका विषयवस्तुहरू समेटेर तयार गरिने स्थानीय पाठ्यक्रमका केही आधारभूत पक्षहरू हुन्छन् । स्थानीय पाठ्यक्रमका ती आधारभूत पक्षहरूलाई नै पाँचखाल नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको निम्न पक्षहरूलाई आधार मानेको छ ।

**घ) आधारभूत आवश्यकता**: स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश र स्थानीय आवश्यकताका मुलभूत पक्षलाई आत्मसात गर्न सक्नुपर्दछ । सोझो अर्थमा स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको प्रतिनिधित्व गर्नुपर्दछ । स्थानीय आवश्यकताको पहिचान गर्ने कार्य स्थानीय सरोकारवालाहरूकै भएकोले स्थानीय सरोकारवालाहरूको सार्थक सहभागितामा मात्र स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यो कुनै कोठामा बसेर विज्ञता ओकेल्ने प्रक्रिया होइन । यो त स्थानीय सरोकारवालाहरूको चाहना, आवश्यकता र रुचिको आधारमा स्थानीय विषयवस्तु समेटेर तयार गरिने पाठ्यक्रम हो । स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिका लागि अवसरहरू पहिचान र परिचालन गर्ने माध्यमको रुपमा पनि स्थानीय पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ । यस अर्थमा पनि स्थानीय आवश्यकताको पहिचान स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष हो भन्न सकिन्छ ।

**ङ) स्थानीय विषयवस्तु:** स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय स्तरको विषयवस्तु हो । स्थानीय विषयवस्तुको पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुनुपर्छ । स्थानीय समुदाय र परिवेशमा आधारित ज्ञान, सिप, प्रविधि, अवधारणा, मूल्यमान्यता र स्थानीय स्रोत-साधन तथा भौगोलिक, सांस्कृतिक, प्राकृतिक, जातिगत, भाषिक, कला, कौशल जस्ता विषयवस्तुहरू नै स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू हुन् ।

**च) स्थानीय सहभागिता र विज्ञता**: स्थानीय पाठ्यक्रमको अर्को महत्वपूर्ण आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय परिवेशलाई स्थानीय सरोकारवालाहरूले नै सहिढङ्गले बुझ्न सक्छन्। स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयनमा स्थानीय समुदायमा रहेका व्यक्तिहरू र स्थानीय विज्ञ व्यक्तिहरूको संलग्नता बाञ्छनीय हुन्छ । यसमा स्थानीय विज्ञताको समुचित कदर गरिन्छ । किनपनि भने स्थानीय विज्ञताले स्थानीय परिवेशलाई समुचितढंगले आत्मसात गर्न सक्छ । पाठ्यक्रम निर्माण र लेखन गर्ने काम एक प्राविधिक काम भएकोले पनि स्थानीय विज्ञहरूलाई समेट्न आवश्यक हुन्छ । पाठ्यक्रमका लागि चाहिने स्रोत, साधन, सूचना र सन्दर्भ ग्रन्थहरूको संकलन, विश्लेषण र ती पक्षहरूलाई पाठ्यक्रममा समेट्ने दक्षताको कमी भयो भने स्थानीय पाठ्यक्रमले सही विषयवस्तु समावेश गर्न सक्दैन । यस अर्थमा पनि स्थानीय सहभागिता र विज्ञतालाई स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष मानिएको हो ।

**३. स्थानीय पाठ्यक्रम (हाम्रो पाँचखाल)को परिचय**: पाँचखाल नगरपालिकामा अध्ययनरत कक्षा १-८ का बालबालिकाहरूले आफ्नो बस्तुस्थिति, स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकुन, स्थानीय कला, संस्कृति, पर्यटन, कृषि, जीविकोपार्जन, प्राकृतिक भौगोलिक, सांस्कृतिक, जातिगत, भाषिक अवस्थाबारे समुचित सूचना प्राप्त गर्न सकुन भनेर यो पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्य मान्यता, संस्कार, सभ्यता, संस्कृति र पर्यटनसँग सुसूचित गराउँदै बालबालिकाहरूलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको हो । बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रले पाँचखाल र समग्र काभ्रेपलाञ्चोक जिल्लाको बस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ । यस पाठ्यक्रममा निम्नलिखित क्षेत्रहरू समेटिएका छन्ः

१. नगरपालिकाको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक अवस्था

२. सामाजिक तथा धार्मिक संस्कार र संस्कृति

३. स्थानीय सामाजिक मूल्य मान्यताहरु

४. महिला तथा बालयौन हिंसा र बालश्रम

५. स्थानीय उपजहरु र तीनको उपयोग

६. स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु

७. स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि

८. दनुवार तथा तामाङ् भाषाको चिनारी

**४. तहगत सक्षमताहरु:** हाम्रो पाँचखाल नामक यस स्थानीय पाठ्यक्रमले खासमा पाँचखाल नगरपालिका र काभ्रेपलाञ्चोक जिल्लाको परिवेशमा विद्‍यमान वातावरण, संस्कार, संस्कृति, जातजाति तथा समग्र बस्तुस्थितिसँग सिकारु परिचित हुन सकुन भन्ने उद्देश्य राखेको छ । स्थानीय पेसा, ब्यावसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरूबारे सिकारुको सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ । समग्रमा **हाम्रो पाँचखाल** विषयले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

**आधारभूत तह (कक्षा १-५)**

यस तहको अन्त्यमा विद्‍यार्थीहरूले निम्नलिखित विषयवस्तुमा सक्षमता हासिल गर्ने छन्:

१. आफ्नो वडा तथा नगरपालिकाको भौगोलिक संरचना, विशेषता र सम्पदाहरु,

२. आफ्नो नगरपालिकामा बोलिने भाषा मान्ने धर्म मनाउने चाडपर्व तथा देवीदेवताहरु

३. आफ्नो घरपरिवार, विद्‍यालय तथा समुदायमा हुने असल र खराव बानी व्यवहारहरु, असल ब्यवहारहरुको अवलम्वन तथा खराव ब्यवहारहरुबारेको सचेतता,

४. काम र जातको आधारमा गरिने जातीय विभेद र यसबाट पर्ने प्रभाव,

५. सामाजिक कुरीतिहरु(भुत, प्रेत, धामी, झाँक्री, बोक्सी आदि)बारेको जानकारी, स्वास्थ्य उपचारका आधिकारिक विधिहरुको प्रयोगको लागि योगदान,

६. बालश्रम र यसले निम्ताउने खराव परिणामहरु,

७. स्थानीय उपजहरु, स्वस्थ र सन्तुलित विकासको लागि खानेकुराको सही प्रयोग, भण्डारण र उपलब्धहुने स्थान,

८. आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरु, पर्यटक र पर्यटकलाई आकर्षण गर्ने उपायहरु र यसबाट हुने फाईदाहरु,

९. विभिन्न रोगको उपचारमा प्रयोगहुने परम्परागत विधिहरु, त्यसमा प्रयोगहुने वनस्पति/सामग्रीहरु संकलन र प्रयोग गरी औषधी तयार गर्ने सीप र त्यसको उचित प्रयोग,

१०. नगरपालिकामा भएका पेशा व्यवसायहरु र परिवारले गरेको पेशामा आफुले गरेको योगदान,

११. स्थानीय सीप, प्रविधि र त्यसको प्रयोग: डोरी बाट्ने, चोया काड्ने, साधारण दाम्लो, नाम्लो बाट्ने तथा टोकरी निर्माण गर्ने सीप विकास

१२. दनुवार तथा तामाङ् भाषामा बोल्न तथा लेख्न सक्ने सीप विकास

**आधारभूत तह (कक्षा ६-८)**

यस तहको अन्तमा विद्यार्थीहरुले निम्नलिखित विषयवस्तुहरुमा सक्षमताहरु हासिल गर्नेछन:

१. नगरको भौगोलिक, प्राकृतिक, राजनितिक तथा प्रशासनिक अवस्था
२. नगरको सामाजिक तथा धार्मिक संस्कार र संस्कृतिको संरक्षण र प्रवर्धन
३. सामाजिक मूल्य, मान्यताहरुको पहिचान र प्रवर्धन, असल विवेकपूर्ण सच्चरित्रताको विकास
४. महिला तथा बाल यौनहिंसा बालश्रम मुक्त समाज निर्माणको लागि भूमिका निर्वाह
५. हाम्रा स्थानीय उपजहरुको पहिचान, बिउ बीजनको छनौट, जैविक विषादी, यसको उत्पादन र प्रयोग
६. धार्मिक तथा पर्यटकीय स्थलबाट देशको समृद्धि र पहिचानमा पुग्नसक्ने योगदान तथा संरक्षण सम्वर्धनमा सहभागिता
७. परम्परागत उपचार पद्दती, योग ध्यान र प्रणायामको अभ्यास स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको प्रयोग
८. व्यापार व्यवसाय उद्योगधन्दा सञ्चालनको सम्भाव्यता अध्ययन तथा व्यवसाय छनौट संबन्धि सीप विकास
९. स्थानीय प्रविधि नाम्लो, दाम्लो, टोकरी, ढिकी, जाँतो, पानी घट्ट आदिको प्राविधिक सीप विकास, प्रदर्शन र उपयोग

## ५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण

**विषयः हाम्रो पाँचखाल**

(कक्षा १-३)को लागि: साप्ताहिक पाठ्यघण्टा- ५, बार्षिक कार्यघण्टा- १६०

(कक्षा ४-८)को लागि: साप्ताहिक पाठ्यघण्टा- ४, बार्षिक कार्यघण्टा- १२८

**कक्षा १-५**

| क्रसं | विषय क्षेत्र | कक्षा: १ कार्यघण्टा | कक्षा: २ कार्यघण्टा | कक्षा: ३ कार्यघण्टा | कक्षा: ४ कार्यघण्टा | कक्षा: ५ कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका बारे जानकारी (भौगोलिक, प्राकृतिक, राजनितिक तथा प्रशासनिक) | २५ | २५ | २५ | २० | २० |
| २ | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | २० | २० | २० | १५ | १५ |
| ३ | स्थानीय सामाजिक मूल्य मान्यताहरु | २५ | २५ | २५ | २३ | २३ |
| ४ | महिला तथा बालयौन हिंसा र बालश्रम | २० | २० | २० | १५ | १५ |
| ५ | स्थानीय उपजहरु र तीनको उपयोग | २० | २० | २० | १५ | १५ |
| ६ | स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु | २० | २० | २० | १५ | १५ |
| ७ | स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | ३० | ३० | ३० | २५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | दनुवार तथा तामाङ् भाषाबारे जानकारि | आवश्यकतानुसार समायोजन गर्ने | आवश्यकतानुसार समायोजन गर्ने | आवश्यकतानुसार समायोजन गर्ने | - | - |
| | जम्मा | १६० | १६० | १६० | १२८ | १२८ |

**कक्षा ६-८**

| क्रसं | विषय क्षेत्र | कक्षा: ६<br>कार्यघण्टा | कक्षा: ७<br>कार्यघण्टा | कक्षा: ८<br>कार्यघण्टा |
|---|---|---|---|---|
| १ | नगरपालिका बारे जानकारी (भौगोलिक, प्राकृतिक, राजनितिक तथा प्रशासनिक) | २० | २० | २० |
| २ | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | १५ | १५ | १५ |
| ३ | स्थानीय सामाजिक मूल्य मान्यताहरु | २३ | २३ | २३ |
| ४ | महिला तथा बालयौन हिंसा र बालश्रम | १५ | १५ | १५ |
| ५ | स्थानीय उपजहरु र तीनको उपयोग | १५ | १५ | १५ |
| ६ | स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु | १५ | १५ | १५ |
| ७ | स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | २५ | २५ | २५ |
| | जम्मा | १२८ | १२८ | १२८ |

**६ विषयवस्तुको क्षेत्र र क्रम**

| विषय क्षेत्र | मूख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक अवस्था | नगरपालिका र आफु बसेको वडाको नाम | आफ्नो वडासंग जोडिएका वडाहरुको नाम र स्थान | आफ्नो वडाको भौगोलिक बनावट | आफ्नो वडाको भौगोलिक विशेषता | नगरपालिकाको भौगोलिक संरचना र विशेषता | नगरपालिकाको भौगोलिक संरचना विशेषता र वातावरण ।<br>आफ्नो वडाको प्रशासनिक संरचना | आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण तथा प्रशासनिक अवस्था | नगरको भौगोलिक प्राकृतिक राजनितिक अवस्था तथा प्रशासनिक संरचना |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नगर भित्रका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | आफ्नो बसेको ठाउँ परिपरि रहेका पोखरी, खोलानाला चौतारा र बन जङ्गलको पहिचान | आफ्नो घर वरिपरि रहेका पाटीपौवा, मठ मन्दीर, गुम्वा, चैत्य र मस्जिदहरुको पहिचान | आफ्नो वडा भित्र रहेका पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा, चैत्य र मस्जिदहरुको पहिचान स्थान तथा संख्याबारे तुलना | आफ्नो र नजिकको वडा भित्र रहेका पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा चैत्य र मस्जिदहरुको पहिचान स्थान तथा संख्याबारे तुलना | आफ्नो नगरपालिका भित्र रहेका पोखरी, नदीनाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा, चैत्य र मस्जिदहरुको पहिचान स्थान तथा संख्याबारे तुलना | आफ्नो नगरपालका भित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको विशेषता र महत्व | आफ्नो वडाको नक्सा निर्माण र वडाभित्र रहेका पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय पाटीपौवा, मठ मन्दीर, गुम्वा, चैत्य र मस्जिदहरुको संकेत | आफ्नो नगरपालिकाको नक्सा निर्माण र नगरभित्र रहेका पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय पाटीपौवा, मठ मन्दीर, गुम्वा, चैत्य र मस्जिदहरुको संकेत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | आफु आफ्नो परिवार र कक्षाका साथीको नाम थर र बोल्ने भाषा | आफु र साथीहरुले मान्ने धर्म, बोल्ने भाषा र मनाउने चाडपर्व तथा जाने धार्मिक स्थलहरु | आफु र साथीहरुले मान्ने धर्म, बोल्ने भाषा र मनाउने चाडपर्व तथा जाने धार्मिक स्थलहरु र आफुले मान्ने धर्म अनुसारका केही देवीदेवताहरु | आफ्नो वडामा मान्ने धर्म भाषा र मनाउने चाडपर्व आफ्नो वडा भित्र आफुले मान्ने धर्म र अन्य धर्म अनुसारका धार्मिक स्थहरु, रहेको स्थान तथा देवी देवताहरु | आफ्नो नगरपालिकामा मान्ने धर्म भाषा र मनाउने चाडपर्वहरु नगरपालिका भित्र रहेका धार्मिक स्थलहरु देवीदेवताहरु तथा भाषाहरु | आफ्नो नगरपालिकामा मान्ने धर्म, भाषा, मनाउने चाडपर्व र तिनका विशेषता धार्मिक तथा विशिष्ट व्यक्तिका विचारहरु | आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार र संस्कृति, धार्मिक सहिष्णुता, धर्म अनुसारको जन्म, नामाकरण, आन्नप्रासन, विवाह तथा मृत्यू संस्कार | - आफ्नो नगरपालिकामामान्ने धार्मिक संस्कार र संस्कृतिको पहिचान संरक्षण तथा प्रवर्धन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता | सकारात्मक मूल्य मान्यता विवेक सच्चरित्रता र सामाजिक कार्य | विद्यालय तथा घर परिवारका सदस्यहरुलाई सम्मान र सम्बोधन | विद्यालय घर तथा समाजमा माँया आदर सम्मान तथा मायाँको भाव व्यक्त हुनेगरी अभिनय | आफ्नो घरपरिवार र विद्यालयमा गर्ने असल बानी ब्यवहारहरु र त्यसको अवलम्वन | आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्ने असल बानी ब्यवहारहरु । दुख तथा अप्ठ्यारो परेको स्थितिमा एक अर्कोलाई सययोग | आफ्नो समुदायमा हुने असल तथा खराव बानी व्यवहारहरुको मूल्याँकन र सचेतता | आफ्नो समुदायको सामाजिक मूल्य मान्यताहरुको पहिचान र त्यस प्रतिको सचेतता, खराव सामाजिक मूल्यन्यताहरुको उदाहरण र त्यसले पारेको प्रभाव | आफ्नो समुदायको असल सामाजिक मूल्य मान्यताको प्रवर्धन र खराव मूल्यमान्यताहरुको निराकरणमा भूमिका | असल विवेकपूर्ण सच्चरित्रताको विकास, सकारात्मक मूल्य मान्यताहरु प्रति आस्थावान र सामाजिक कार्यहरुमा अग्रसरता |
| | जातजाती तथा जातीय विभेद | आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती | आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती र त्यसको | आफ्नो समुदाय तथा वडा भित्र भएको जातजातीहरु, जातीय विभेद | आफ्नो नगरपालिका भित्र रहेका जातजातीहरु र उनीहरुले अगाल्ने परम्परागत | जात र कामको आधारमा गरिने जातीय विभेद, विद्यालय तथा | जातजातीको परिभाषा दिन तथा समाजमा हुने जातीय विभेदका घटनाहरु: छुवाछुत | काम र श्रमको सम्मान तथा जातीय सहिष्णुता र सहअस्तित्वको प्रवर्धन | समुदायमा जातीय विभेद अन्तकोलागि आफ्नो भूमीका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्मान | | पेशा व्यवसायहरुको पहिचान, विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाहरु | समुदायमा हुने जातीय विभेदका घटनाहरु र त्यसको असर | छोईछिटो हाल्ने उँचनिच जस्ता सामाजिक कुप्रथाहरु | | |
| | सामाजिक कुरीतिहरु | कुरितीको अर्थ बोध | भुतप्रेत, बोक्सा बोक्सी, धामी झाँक्रीको सन्दर्भ र समाजिक मान्यता र बुझाई | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको भ्रमले घरपरिवार र छिमेकमा घटेका घटनाहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको सामाजिक बुझाईको न्यूनिकरणका लागि चेतना विकास | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकता, स्वास्थ्य उपचारका वैकल्पिक विधिहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकता, स्वास्थ्य संस्थाहरु त्यसबाट हुने उपचार | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकता तथा स्वास्थ्य संस्थाहरुबाट उपचारलिन सहजिकरण | नागरिक चेतनाको अभिवृद्धि र भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको भ्रमबाट मुक्त स्वस्थ समाज निर्माण |
| महिला | महिला तथा | बालबालिका | घरपरिवार | यौन हींसाको | कक्षाकोठा | बालश्रमको | महिला तथा | महिला तथा | महिला तथा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तथा बालयौन हिंसा र बालश्रम | बालयौन हिंसा र बालश्रम | हरुलाई गर्नुपर्ने सकारात्मक व्यवहारहरु | तथा छिमेकमा बालबालिका तथा महिलाहरुलाई गरिने नकारात्मक व्यवहार र सकारात्मक व्यवहारहरुको अनुसरण | अर्थ, गाउँघर तथा समुदायमा हुने बाल तथा महिला यौन हिंसाका उदाहरण र सचेतता | तथा छरछिमेकमा घटेका यौन हिंसाहरु र त्यसको निराकरण | अर्थ र यसले बालबालिकाको जीवनमा पार्ने खराव असरहरु | बालयौन हिंसा र बालश्रमको न्यूनीकरणका उपायहरु | बालयौन हिंसा र बालश्रमको न्यूनीकरणका लागि चेतनामूलक सामग्री निर्माण र संप्रेषण | बालयौन हिंसा र बालश्रममुक्त समाज निर्माणमा विद्‌यार्थीको भूमिका |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | स्थानिय उपज र त्यसको प्रयोग | घरमा खाने कुराहरु र प्राप्तहुने श्रोत | आफुले घरमा खाने कुराहरुमद्धे आफ्नै खेताबारीमा उत्पादन हुने उपजहरु | स्वस्थ र सन्तुलित विकासको लागि खानेकुराको महत्व र उपयोग | खानेकुराहरु प्रति स्रद्धा त्यसको सही उपयोगको बारेमा आफ्नो भावना व्यक्त गर्न | खानेकुराहरुको भण्डारणगर्ने तरिका, घरमा उत्पादन नहुने वस्तुहरु प्राप्त गर्ने स्रोत तथा स्थान | हाटबजार तथा यसको महत्व | उपजहरुको बजारीकरण तथा खरिदविक्री | उपयुक्त विउ विजनहरुको छनौट जैविक मल र विषादीको उत्पादन र प्रयोग |
| हाम्रा | धार्मिक | धार्मिक | आफ्नो | आफ्नो | आफ्नो | धार्मिक तथा | धार्मिक तथा | धार्मिक तथा | धार्मिक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| धार्मिक तथा पर्यटकिय स्थलहरु | तथा पर्यटकिय स्थलहरु | तथा पर्यटकिय स्थलको साधारण परिचय | गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरु | गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरु, पर्यटक र पर्यटनको अर्थ | नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरु, पर्यटकलाई आकर्षण गर्ने उपायहरु | पर्यटकिय स्थलहरुबाट हुने फाईदा | पर्यटकिय स्थलको महत्व तथा आर्थिक कृयाकलापमा यसको भूमिका | पर्यटकिय स्थलहरुको संरक्षण संवर्धन प्रचारप्रसारमा आफ्नो भूमिका | तथा पर्यटकिय स्थलबाट देशको समृद्धि र पहिचानमा पुग्न सक्ने योगदान, त्यसको संरक्षण र संवर्धन |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | परम्परागत ज्ञान र त्यसको प्रयोग | उपचारका परम्परागत विधिहरु | उपचारका परम्परागत विधिहरुको प्रयोग र त्यसको उपयोगिता | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु संकलन तथा बर्गिकरण | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु संकलन तथा बर्गिकरण, औषधी निर्माण र | योग ध्यान र प्रणायामको अर्थ र प्रारम्भिक अभ्यास । स्वस्थ शारिरीक विकासमा यसको प्रयोग | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको प्रयोग | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | त्यसको प्रयोग | | | प्रयोग |
| | स्थानीय पेशा र व्यवसाय | पेशा तथा व्यवसायको सामान्य जानकारी | आफ्नो परिवार तथा छरछिमेकमा भएका पेशा व्यवसायहरु | कृषि पेशा र विभिन्न कृषि बालीहरु । कृषिमा परिवारको संलग्नता र आफ्नो भूमिका | पशुपालनको परिचय, आफ्नो छरछिमेक तथा वडा भित्र भएका पशुपालन व्यवसायहरु पशुपालनमा परिवारको संलग्नता र आफ्नो भूमिका | आफ्नो नगरभित्र सञ्चालन भएका कृषि तथा पशुपालनका व्यवसायकहरु, त्यसको विशेषता र महत्व | आफ्नो नगरभित्र सञ्चालन भएका व्यापार व्यवसाय तथा उद्योगधन्दाहरु | नगरपालिकाको समृद्धिमा व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु ले खेलेको भूमिका | व्यापार व्यवसाय तथा उद्योगध न्दा सञ्चालनको सम्भावना तथा व्यवसाय छनौट संवन्धि सीप विकास |
| | स्थानीय प्रविधि | स्थानीय सामग्रीहरु डोरी नाम्लो दाम्लो डोको थुन्से | स्थानीय सामग्रीहरु डोरी नाम्लो दाम्लो डोको थुन्से टोकरी | डोरी बाट्ने तथा गाँठो पर्ने सीप विकास | डोरीको प्रयोग गरी दाम्लो तथा नाम्लो तयार गर्ने सीप विकास | बाँस तथा निगालोको छनौट गरी चोया काड्न र टोकरी | ढीकि जाँतोको प्रयोग, यसको बनावट र यसमा प्रयोग भएको | ढीकि, जाँतोको नमूना निर्माण, आधुनिक यन्त्रहरुमा यस प्रविधिको | पानी घट्ट र यसको उपयोग, यसको बनावटमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | टोकरी भकारी मुढा ठेकी मधानी चौंठी हर्पे आदि चिनारी तथा यसमा प्रयोगहुने सामग्रीहरु | भकारी ठेकी मधानी चौंठी हर्पे आदिको प्रयोग | | | बुन्ने सीप विकास | प्राविधिक ज्ञानको विश्लेषण र व्याख्या, मुढा बनाउने अभ्यास | प्रयोगको पहिचान, मुढा बनाउने अभ्यास । | प्रयोग भएको वैज्ञानिक प्रविधिको पहिचान र आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगबारे जानकारी । नमूना पानी घट्टको निर्माण |
| दनुवार/ तामाङ् भाषा | दनुवार/ तामाङ् भाषाको चिनारी | दनुवार/ तामाङ् भाषामा गरिने साधारण कुराकानी सम्बोधन र | दनुवार/ तामाङ् भाषामा सञ्चार तथा लेखन | दनुवार/ तामाङ् भाषामा सञ्चार तथा लेखन र व्यवहारिक सीप | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लिपि | | | | | | | |

७ **कक्षागत सिकाईउपलब्धिहरु**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरपालिका र आफु बसेको वडाको नाम बताउन | आफ्नो वडासंग जोडिएका वडाहरुको नाम र स्थान बताउन | आफ्नो वडाको भौगोलिक बनावट बारे जानकारी दिन | आफ्नो वडाको भौगोलिक विशेषता | नगरपालिका को भौगोलिक संरचना र विशेषता बारे बताउन | नगरपालिका को भौगोलिक संरचना विशेषता र वातावरण बारे बताउन<br>आफ्नो वडाको प्रशासनिक संरचना बारे जानकारि दिन | आफ्नो नगरपालिका को भौगोलिक प्राकृतिक वातावरण तथा प्रशासनिक अवस्थाबारे जानकारि दिन | - नगरको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक अवस्था बारे ब्याख्या गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | आफ्नो बसेको ठाउँ परिपरि रहेका पोखरि खोलानाला चौतारा र बन जङ्गको पहिचान गरी बताउन | आफ्नो घर वरिपरि रहेका पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको पहिचान गरि बताउन | आफ्नो वडा भित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको पहिचान, रहेको स्थान तथा संख्या | आफ्नो र नजिकको वडा भित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको पहिचान, रहेको स्थान | आफ्नो नगरपालिका भित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको पहिचान, रहेको स्थान | आफ्नो नगरपालका भित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरुको विशेषता र महत्वबारे | आफ्नो वडाको नक्सा बनाई त्यसमा वडाभित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरु | आफ्नो नगरपालिकाको नक्सा बनाई त्यसमा वडाभित्र रहेका पोखरी खोलानाला चौतारा वन जंगल विद्यालय पाटीपौवा मठ मन्दीर गुम्वा चैत्य र मस्जिदहरु संकेत गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बारे तुलना गर्न | तथा संख्या बारे तुलना गर्न | तथा संख्या बारे तुलना गर्न | बताउन | संकेत गर्न | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | आफु आफ्नो परिवार र कक्षाका साथीको नाम थर र बोल्ने भाषा बताउन | - कक्षाका साथीहरुको थरको सूची बनाउन<br>- आफ्नो धर्म भाषा र मनाउने चाडपर्वबारे बताउन<br>- आफु जाने धार्मिक स्थलको नाम भन्न | - आफ्नो कक्षाका साथीहरुको धर्म भाषा र मनाउने चाडपर्व बारे बताउन<br>- आफुले मान्ने धर्म अनुसारका केही देवीदेवताहरु को नाम भन्न | - आफ्नो वडामा मान्ने धर्म भाषा र मनाउने चाडपर्व बारे बताउन<br>- आफ्नो वडा भित्र आफुले मान्ने धर्म र अन्य धर्म अनुसारका धार्मिक स्थहरु, रहेको स्थान तथा देवी देवताहरुको नाम बताउन | - आफ्नो नगरपालि कामा मान्ने धर्म भाषा र मनाउने चाडपर्व बारे बताउन<br>- नगरपालि का भत्र रहेका धार्मिक स्थलहरु देवीदेवताह रु तथा भाषाहरुको सूची बनाउन | - आफ्नो नगरपालिका मा मान्ने धर्म, भाषा, मनाउने चाडपर्व र तिनका विशेषता बताउन<br>- धार्मिक तथा विशिष्ट व्यक्तिहरुको प्रवचन सुनी असल कुराहरुलाई व्यवहारमा लागु गर्न | - आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार र संस्कृतिको पहिचान र सूचीकण गर्न<br>- धार्मिक सहिष्णुता बारे जानकारि दिन<br>- धर्म अनुसारको जन्म नामाकरण अन्नप्रासन विवाह तथा मृत्यू | - आफ्नो नगरपालिकामा मान्ने धार्मिक संस्कार र संस्कृतिको पहिचान संरक्षण तथा प्रवर्धन गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | संस्कारबारे बताउन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता | विद्‌यालय तथा घर परिवारका सदस्यहरुलाई सम्मान र सम्बोधन गर्न | - विद्‌यालय घर तथा समाजमा आफुभन्दा ठुलालाई आदर तथा सानोलाई माँया गर्न<br>- आदर सम्मान तथा मायाँको भाव व्यक्त हुनेगरी अभिनय गर्न | - आफ्नो घरपरिवार र विद्‌यालयमा गर्ने असल बानी ब्यवहारहरुको सूची बनाउन<br>- असल बानी व्यवहारहरुको अवलम्वन गर्न | - आफ्नो घरपरिवार विद्‌यालय र समुदायमा गर्ने असल बानी ब्यवहारहरुबारे बताउन<br>- दुख तथा अप्ठ्यारो परेको स्थितिमा एक अर्कोलाई सययोग गर्न | - आफ्नो समुदायमा हुने असल तथा खराव बानी व्यवहारहरुबारे बताउन<br>- असल बानीव्यवहारहरुको अवलम्वन तथा खराव व्यवहारहरु बारे सचेत रहन | - आफ्नो समुदायको सामाजिक मूल्य मान्यताहरुको पहिचान गर्न र त्यस प्रति सचेत रहन<br>- असल तथा खराव सामाजिक मूल्य मान्यताहरुको उदाहरण र त्यसले पारेको प्रभावबारे बताउन | - आफ्नो समुदायको असल माजिक मूल्य मान्यताको प्रवर्धन र खराव मूल्यमान्यताहरुको निराकरणमा भूमिका निर्वाह गर्न<br>- | - असल विवेकपूर्ण सच्चरित्रताको विकास गर्न<br>- सकारात्मक मूल्य मान्यताहरु प्रति आस्थावान रहन<br>- सामाजिक कार्यहरुमा अग्रसरता देखाउन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती बारे बताउन | - आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती बारे बताउन र एकअर्कोलाई | - आफ्नो समुदाय तथा वडा भित्र भएको जातजातीहरु को सूचीकरण | - आफ्नो नगरपालिका भित्र रहेका जातजातीहरु र उनीहरुले अगाल्ने | - जात र कामको आधारमा गरिने जातीय विभेदबारे | - जातजातीको परिभाषा दिन तथा समाजमा हुने जातीय विभेदका | - काम र श्रमलाई सम्मान गर्न तथा जातीय सहिष्णुता र सहअस्तित्व | समुदायमा जातीय विभेद अन्तकोलागि भूमीका निर्वाह गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्मान गर्न | गर्न<br>- जातीय विभेदको बारेमा जानकार हुन | परम्परागत पेशा व्यवसायहरुको पहिचान र सम्मान गर्न<br>- विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाहरुबारे परिचित हुन र सजग रहन | जानकारी लिन र त्यसको विरोध गर्न<br>- विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाहरुबाट बालबालिकामा पर्ने गरेको मानसिक प्रभाव बारे बताउन | घटनाहरुको उदाहरण दिन र त्यसको विरोध गर्न<br>- छुवाछुत छोईछिटो हाल्ने उँचनिच जस्ता सामाजिक कुप्रथाहरुबारे जानकार भई त्यसको विरुद्धमा आवाज उठाउन | लाई स्वीकार एवं प्रवर्धन गर्न | तथा सन्देशमूलक नाटक तयार गरी प्रदर्शन गर्न |
| | कुरितीको अर्थ बोध गर्न | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको | सडक नाटक र्‍याली आदिको माध्यमबाट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सन्दर्भ समाजिक मान्यताबारे परिचित हुन र यस विरुद्धको बुझाई विकास गर्न | भ्रमले घरपरिवार र छिमेकमा घटेका घटनाहरु बताउन | सामाजिक बुझाईबाट मुक्त भई आफु सचेत रहन र घर परिवारका व्यक्तिहरुलाई सचेत गराउन पहल गर्न | भ्रम र वास्तविकता बारे परिचित भई स्वास्थ्य उपचारका वैकल्पिक विधिहरुबारे जानकार हुन | भ्रम र वास्तविकता बारे छर छिमेक र समुदायका मानिसहरुमा सूचना संप्रेषण गर्न र स्वास्थ्य संस्थाहरुबाट उपचारलिन प्रोत्साहित गर्न | भ्रम र वास्तविकता बारे छर छिमेक र समुदायका मानिसहरुमा चेतना अभिवृद्धि गर्न भूमिका निर्वाह गरी स्वास्थ्य संस्थाहरुबाट उपचारलिन सहजिकरण गर्न | नागरिक चेतनाको अभिवृद्धि गरी भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको भ्रमबाट मुक्त स्वस्थ समाज निर्माणमा भूमिका निर्वाह गर्न |
| महिला तथा बालयौन हिंसा र बालश्रम | बालबालिकाहरुलाई गर्नुपर्ने सकारात्मक व्यवहारहरुबारे साधारण जानकारि | - घरपरिवार तथा छिमेकमा बालबालिका तथा महिलाहरुलाई | - यौन हींसाको अर्थ बताउन गाउँघर तथा समुदायमा हुने बाल तथा महिला यौन | - कक्षाकोठा तथा छरछिमेकमा घटेका यौन हिंसाबारे जानकार भई | - बालश्रमको अर्थ र यसले बालबालिकाको जीवनमा पार्ने खराव परिणामबारे | - महिला तथा बालयौन हिंसा र बालश्रमको न्यूनीकरणका उपायहरु | - महिला तथा बालयौन हिंसा र बालश्रमबारे घरपरिवार छरछिमेक | महिला तथा बालयौन हिंसा र बालश्रममुक्त समाज निर्माणको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लिन | गरिने नकारात्मक व्यवहारबारे आफुले देखेका कुराहरु भन्न तथा सकारात्मक व्यवहारहरु अनुसरण गर्न | हिंसाका उदाहरण दिन र त्यस प्रति सचेत रहन | आफुभन्दा ठुला मान्छेलाई जानकारि गराउन | जानकारि हासिल गर्न | पत्ता लगाई त्यसको सूचिकरण गर्न | तथा समुदायमा चेतनामूलक सूचनाहरु संप्रेषण गर्न | लागि भूमिका निर्वाह गर्न |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | आफुले घरमा खाने कुराहरुको नाम बताउन र ती कुराहरु कहाँबाट प्राप्त हुन्छन भन्न | - आफुले घरमा खाने कुराहरुमद्धे आफ्नो खेताबारीमा उत्पादन हुने उपजहरुको सूची बनाउन | - स्वस्थ र सन्तुलित विकासको लागि खानेकुराको महत्व र उपयोग बारे बताउन | - खानेकुराहरु प्रति स्रद्धा देखाउन त्यसको सही उपयोग र खेराफाल्न हुँदैन भन्ने बारेमा सचेत रही आफ्नो भावना व्यक्त गर्न | - खानेकुराहरु को भण्डारणबारे जानकारी हासिल गर्न<br>- घरमा उत्पादन नहुने वस्तुहरु प्राप्त गर्ने स्रोत तथा स्थानवारे | - हाटबजारको परिभाषा र महत्वबारे आफ्नो विचार व्यक्त गर्न | - उपजहरुको बजारीकरण तथा खरिदविक्री बारे जानकारी लिई आफ्नो घरपरिवारलाई सहयोग गर्न | उपयुक्त विउ विजनहरुको छनौट र प्रवर्धन जैविक मल र विषादीको प्रयोग बारे परिचित भई त्यसको उत्पादन र प्रयोगबारे |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जानकारि दिन | | | सीप विकास गर्न |
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकिय स्थलबारे साधारण जानकारी दिन | आफ्नो गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकिय स्थल बताउन | आफ्नो गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरुको सूची बनाउन तथा पर्यटक र पर्यटनको अर्थ बताउन | आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरुको सूची बनाउन तथा पर्यटकहरुलाई आकर्षण गर्ने उपायहरु बताउन | धार्मिक तथा पर्यटकिय स्थलहरुबाट हुने फाईदाहरु बताउन | धार्मिक तथा पर्यटकिय स्थलको महत्व तथा आर्थिक कृयाकलापमा यसको भूमिका बताउन | धार्मिक तथा पर्यटकिय स्थलहरुको संरक्षण संवर्धन प्रचारप्रसारमा आफ्नो भूमिका बताउन र निर्वाह गर्न | धार्मिक तथा पर्यटकिय स्थलबाट देशको समृद्धि र पहिचानमा पुग्न सक्ने योगदानको चर्चागर्न तथा संरक्षण र संवर्धनमा सहभागि बन्न |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र | उपचारका परम्परागत विधिहरु बताउन | उपचारका परम्परागत विधिहरुको प्रयोग र त्यसको | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा | योग ध्यान र प्रणायामको अर्थ बताउन र प्रारम्भिक अभ्यास गर्न | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता तथा विभिन्न | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रविधि | | उपयोगिताबारे बताउन | सामाग्रीहरुको नाम भन्न | सामाग्रीहरु संकलन तथा बर्गिकरण गर्न | सामाग्रीहरु संकलन तथा बर्गिकरण गरी औषधी तयार गर्न र त्यसको उचित प्रयोग गर्न | स्वस्थ शारिरीक विकासमा यसको प्रयोगबारे जानकारी दिन | रोगको उपचारमा यसको प्रयोग गर्न | तथा विभिन्न रोगको उपचारमा यसको प्रयोग गर्न |
| | पेशा तथा व्यवसायको बारेमा सामान्य जानकारी दिन | आफ्नो परिवार तथा छरछिमेकमा भएका पेशा व्यवसायहरुको सूचिकरण गर्न | कृषि पेशाको परिचय दिन र विभिन्न कृषि बालीहरुको बारेमा जानकारी दिन । कृषिमा आफ्नो परिवारको संलग्नता र आफ्नो भूमिकाबारे बताउन | पशुपालनको परिचय दिन र आफ्नो छरछिमेक तथा वडा भित्र भएका पशुपालन व्यवसायहरुको सूची तयार गर्न । पशुपालनमा आफ्नो परिवारको संलग्नता र आफ्नो | आफ्नो नगरभित्र सञ्चालन भएका कृषि तथा पशुपालनका व्यवसायकहरु को सूची बनाई त्यसको विशेषता र महत्व बताउन । | आफ्नो नगरभित्र सञ्चालन भएका व्यापार व्यवसाय तथा उद्योगधन्दाह रुको सूची तयार गर्न | व्यापार व्यवसाय तथा उद्योगधन्दाह रुले पारिवारिक तथा नगरपालिकाको समृद्धिमा खेलेको भूमिका बारे व्याख्या गर्न | व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालनको सम्भाव्यता अध्ययन तथा व्यवसाय छनौट संवन्धि सीप विकास गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भूमिकाबारे बताउन | | | | |
| | स्थानीय सामग्रीहरु डोरी नाम्लो दाम्लो डोको थुन्से टोकरी भकारी मुढा ठेकी मधानी चौंठी हर्पे आदि चिन्न तथा यसमा प्रयोगहुने सामग्रीहरुको नाम बताउन | स्थानीय सामग्रीहरु डोरी नाम्लो दाम्लो डोको थुन्से टोकरी भकारी ठेकी मधानी चौंठी हर्पे आदिको प्रयोगको बारेमा जानकारी दिन | डोरी बाट्ने तथा गाँठो पर्ने सीप विकास गर्न | डोरीको प्रयोग गरी दाम्लो तथा नाम्लो तयार गर्ने सीप विकास गर्न | बाँस तथा निगालोको छनौट गरी चोया काड्न र टोकरी बुन्ने सीप विकास गर्न | ढीकि जाँतोको प्रयोग, यसको बनावट र यसमा प्रयोग भएको प्राविधिक ज्ञानको विश्लेषण गरी व्याख्या गर्न<br>मुढा बनाउने अभ्यास गर्न | ढीकि, जाँतोको नमूना निर्माण गर्न, आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगको पहिचान गरी बताउन । मुढा बनाउन । | पानी घट्ट र यसको उपयोग बारे बताउन, यसको बनावटमा प्रयोग भएको वैज्ञानिका प्रविधि पत्तालगाई आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोग बारे वनाउन । नमूना पानी घट्ट बानाई |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रदर्शन गर्न |
| दनुवार/तामाङ् भाषा | दनुवार/ तामाङ् भाषामा साधारण कुराकानी र सम्बोधन गर्ने तथा लिपि लेख्न सक्ने | दनुवार/ तामाङ् भाषामा सञ्चार सम्वोधन तथा लेखन सीप विकास गर्ने | दनुवार/ तामाङ् भाषामा सञ्चार, लेखन तथा आफ्नो संस्कृतिको बारेमा बताउन सक्ने सीप विकास | - | - | - | - | - |

## ८. विषयवस्तुको विस्तृतीकरण:

### कक्षा: १

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका | नगरपालिका र वडा | नगरपालिका र आफु बसेको | नगरपालिकाको | विद्यार्थीलाई आफ्नो घर वरिपरि रहेका | विद्यार्थीलाई आफ्नो नाम र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बारे जानकारी | परिचय | वडाको नाम र रहेको स्थान बताउन | नाम र ठेगाना<br><br>आफु बस्ने वडा र ठेगाना | ठाउँहरुको नाम भन्न लगाउने,<br><br>आफ्नो वडा रहेको स्थान पहिचान गर्न लगाई वडा नंवर भन्न लगाउने,<br><br>नगरपालिकाको नाम र रहेको स्थान भन्न लगाउने, नगरपालिकाको नक्सा देखाई विद्यार्थी रहेको वडा पहिचान गराउने,<br><br>विद्यार्थीलाई नाम वडा र नगरपालिका खुल्ने गरी एकआपसमा परिचय आदाप्रदान गर्न लगाउने | स्थान भन्न लगाउने,<br><br>विद्यार्थी बस्ने नगरपालिकाको नाम र ठेगाना भन्न लगाउने,<br><br>नक्सामा आफ्नो वडा र नगरपालिका रहेको स्थान देखाउन लगाउने | |
| | प्राकृतिक सम्पदाहरु | आफ्नो बसेको ठाउँ परिपरि रहेका पोखरि खोलानाला र बन जङ्गको पहिचान गरी बताउन | विद्यालय तथा गाउँघर वरपर रहेका प्राकृतिक सम्पदाहरु | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने<br><br>विद्यालय र गाउँघर नजिक विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक सम्पदाहरुको पहिचान गराउने<br><br>प्राकृतिक सम्पदा भनेको केहो परिचय दिने | सम्पदाहरुको नाम भन्न लगाउने<br><br>कक्षालाई दुई समुहमा बाँडी खेलविधिबाट धेरै सम्पदाको नाम भन्न प्रतिस्पर्धा गराउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | आफु आफ्नो परिवार र साथीहरु | आफु र आफ्नो परिवारका सदस्यहरुको नाम थर र बोल्ने भाषा बताउन<br>कक्षाका साथीको नाम थर र बोल्ने भाषा बताउन | आफु र आफ्नो परिवारका सदस्यहरुको नाम थर र बोल्ने भाषा<br>कक्षाका साथीको नाम थर र बोल्ने भाषा | विद्यार्थीलाई आफ्नो नाम थर र बोल्ने भाषा भन्न लगाउने<br>परिवारका सदस्यहरुको नाता अनुसारको नाम थर भन्न लगाउने<br>कक्षाका साथीहरुको नाम थर तथा उनीहरुले बोल्ने भाषा भन्न लगाउने<br>विद्यार्थीहरुलाई एक अर्काको नाम थर र भाषा भन्न लगाई परिचय दिन लगाउने<br>विद्यार्थीलाई आफ्नो र साथीको नाम लख्न लगाउने | प्रश्नोत्तर लेख्ने अभ्यास गराई गरी विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |
| सामाजिक मूल्य मान्यता | सम्मान, माँया तथा सम्बोधन | विद्यालय तथा घर परिवारका सदस्यहरुलाई सम्मान तथा माँया गर्न र सम्बोधन गरी बोलाउन,<br>बोटविरुवाहरुलाई माँया गर्न | सम्मान गर्नुपर्ने तथा माँया गर्नुपर्ने व्यक्तिहरु,<br>आदरार्थी तथा माँया गर्ने शब्द तथा त्यसको प्रयोग,<br>सम्बोधनका | आदर तथा सम्मानजनक रुपबाट ढोग प्रणाम तथा नमस्कार गरेका चित्रहरुको अवलोकन र छलफल<br>आफुभन्दा सानालाई माँया गरेको भाव ब्यक्त गर्ने कटआउट्स तथा चित्रहरुको अवलोकन र छलफल<br>विद्यालय वरिपरिका बोटविरुवाहरुको अवलोकन र त्यसलाई जथाभावी टिप्न | आदरार्थी तथा माँया गर्ने शब्दहरुको प्रयोग गरेर सम्बोधन गर्न लगाई विद्यार्थी सिकाईको अवस्था अवलोकन गरी पृष्ठपोषण दिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तरिकाहरु,<br>विद्यालय तथा घर वरिपरिका विरुवाहरु | भाँच्न हुँदैन भन्न भावना जगाउने खालका कृयाकलाप गराउने | | |
| | स्थानीय जातजातीहरु | आफ्नो कक्षामा रहेका साथीहरुको थर तथा जातजाती बारे बताउन | आफ्नो कक्षामा रहेका साथीहरुको थर<br>आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती | शिक्षकले थर तथा जातजातीहरुको बारेमा छलफल गर्ने र विद्यार्थीले बुझ्नेगरी उदाहरण सहित जानकारी दिने<br>विद्यार्थीहरुको थर तथा त्यसको जातजातीहरुको आधारमा वर्गिकरण गर्ने<br>एक जातीले अर्को जातीको सम्मान गर्नुपर्छ भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने | थर र जातको विचको सम्वन्ध बताउन लगाउने । विभिन्न थर तथा जातजातीहरु बारे भन्न लगाउने | |
| | सामाजिक कुरीतिहरु | कुरितीको अर्थ बोधगर्न, सामाजिक कुरितीहरुको उदाहरण दिन | सामाजिक कुरितीहरुको अर्थ तथा परिभाषा<br>सामाजिक कुरितीका | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थी बुझाई थाहा पाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उदाहरणहरुको सूची | लगाउने | | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | सकारात्मक व्यवहार | बालबालिकाहरुलाई गर्नुपर्ने सकारात्मक व्यवहारहरुबारे बताउन | बालबालिकाहरुको स्वभाव ईच्छा तथा चाहनाहरु,<br><br>हेरचाह तथा माँया,<br><br>पोषण र सरसफाई | बालबालिकाहरुलाई मनपर्ने कुराहरु केके हुन भनि सोध्ने माँया पोषण तथा सरसफाई झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाई छलफल गराउने<br><br>घरपरिवार तथा छरछिमेकमा उनीहरुलाई गर्ने व्यवहारको बारेमा सोधपुछ गरी असल व्यवहारहरु अवलम्वन गर्न सिकाउने | चित्र अवलोकन छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | घरमा खाने खानेकुराहरु र प्राप्तिको स्रोत | आफुले घरमा खाने कुराहरुको नाम बताउन र ती कुराहरु कहाँबाट प्राप्त हुन्छन त्यसबारे भन्न | घरमा खाने विभिन्न खानेकुराहरु<br><br>खानेकुराहरु प्राप्तहुने स्रोत(खेतवारी, पसल, वजार) | बालबालिकाहरुलाई आफुले घरमा खानेकुराहरुको बारेमा भन्न लगाउने<br><br>ती खानेकुराहरु कहाँकहाँबाट प्राप्त हुन्छन भन्नेकुरा छलफल गर्ने र विद्यार्थीको विचार लिने<br><br>विभिन्न पोष्टर तथा चित्र देखाई छलफल गराउने<br><br>खेतवारी पसल तथा नजिको बजार अवलोकन गराउने | चित्र अवलोक छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन र पृष्ठपोषण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकिय स्थलबारे साधारण जानकारी दिन | धार्मिक स्थलको चिनारी<br><br>पर्यटकीय स्थलको चिनारी<br><br>धार्मिक तथा पर्यटकिय स्थलको अवधारणा | विद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट उनीहरु बुवा आमा वा साथीहरुसंग घुम्न गएको ठाउँहरु तीर्थस्थलहरुको बारेमा सोधपुछ गरी जानकारी लिने<br><br>मानिसहरु जान मनपराउने देवीदेवताको पुजाआजा गर्ने ठाउँहरु भन्न लगाउने । कुनै नयाँ मानिस वा विदेशीहरु घुम्न आएको देखेको वा सुनेजानेको भए भन्न लगाउने<br><br>पोष्टर कट्सआउट्स वा चित्रहरुबाट रमणीय ठाउँ र मठमन्दिरहरुको चित्र देखाई छलफल गराउने<br><br>नजिकको मठमन्दिर वा रमणीय ठाउँमा भ्रमण लग्ने र यस्ता ठाउँहरुलाई धार्मिक तथा पर्यटकीय स्थल भनिन्छ भनेर धारणा विकास गर्ने । चित्र कोर्ने अभ्यास गराउने । | अवलोकनबाट देखेका र आफु घुम्न वा देवताको दर्शन गर्न मठमन्दिर गएको अनुभव भन्न लगाउने<br><br>मठमन्दिर तथा रमणीय स्थानको नाम भन्न लगाउने | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | स्थानीय ज्ञान | उपचारका परम्परागत विधिहरु बताउन | सन्चो नभएको बेला घरमै गरिने औषधी उपचार<br><br>औषधीको रुपमा | बिरामी भएको बेला घरमा आमा बुबाले के गर्नु हुन्थ्यौ/गर्नुहुन्छ भन्नेबारेमा विद्यार्थीहरुबाट जानकारी लिने<br><br>कस्तो विमार हुँदा के खान दिनुहुन्छ वा | अनुभव आदान प्रदान<br><br>छलफल तथा प्रश्नोत्तरको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रयोग गरिने वस्तुहरु<br>हेराउने फुकाउने प्रचलन | कस्कोमा केको लागि लग्नुहुन्छ सोध्ने<br>औषधीको रुपमा खान दिंदा केके चिजहरु हालेर कसरि बनाएर दिनु हुन्थो सोध्ने<br>साधारण रुघाखोकी, पेटदुखेको, टाउको दुखेको, खाना मिठो नलाग्ने आदि हुँदा गरिने घरेलु उपचारको बारेमा शिक्षकले जानकारि दिने । यसबारेको सत्यता र भ्रम बारेमा प्रष्ट पर्ने | माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| | स्थानीय पेशा तथा व्यवसाय | पेशा तथा व्यवसायको बारेमा सामान्य जानकारी दिन | स्थानीय पेशा<br>स्थानीय व्यवसाय | आफ्नो घरमा बुवाआमाले गर्ने, गाउँघरमा मानिसहरुले गर्ने कामहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाई जानकारि लिने<br>त्यस्ता कामहरुबाट परिवारको भरणपोषण हुने वारेमा विद्यार्थीहरुमा धारणा विकास गराउने<br>खेतिपाती, कुखुरापालन, बंगुरपालन, पसल सञ्चालन, घर बनाउने, ज्याला मजदुरी गर्नेकाम, फर्निचर बनाउने काम आदिहरुको बारेमा विद्यार्थीको विचारसंगै शिक्षकले थप उदाहरण दिने | अबलोकनको अनुभव व्यक्त गर्न लगाउने छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरुलाई पेशा व्यवसाय सञ्चालन भएको ठाउँको अवलोकन गराई पेशा र व्यवसायको बारेमा धारणा बसाल्ने | | |
| | स्थानीय प्रविधि | गाउँघरमा प्रयोग गरिने स्थानीय सामग्रीहरु र यसको उपयोगबारे बताउन | गाउँघरमा प्रयोग गरिने स्थानीय सामग्रीहरु र यसको प्रयोग | विद्यार्थीहरुलाई आफ्नो घरमा घउतेल, अन्न, दाल तरकारी राख्न, गाईभैंसी बाँध्न, दुध दुहुन, कपडा सुकाउन, खेतीपाति गर्न आदि कामको लागि प्रयोग गर्ने गरेका सामग्रीहरुको नाम भन्न लगाउने । विद्यार्थीले भनेको सामग्रीहरुको टिपोट गर्ने ठोष वस्तु चित्र कट्सआउट्स आदि देखाई डोरी, नाम्लो, डोको, थुन्से, टोकरी, भकारी, मुढा, ठेकी, मधानी, चौंठी, हर्पे, हलो, जुवा, ढिकी, जाँतो, सिलौटो आदि स्थानीय सामग्रीहरु हुन भनी निष्कर्षमा पुग्ने । | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| दनुवार/तामाङ भाषा | दनुवार/ तामाङ भाषाको चिनारी | दनुवार/ तामाङ भाषामा साधारण कुराकानी र सम्बोधन गर्ने तथा लिपि लेख्न सक्ने | दनुवार/तामाङ भाषामा साधारण कुराकानी सम्बोधन र लिपि लेखन | दनुवार/तामाङ भाषामा बालबालिकहरुलाई सम्वोधन गर्ने र उनीहरुलाई पनि सम्वोधन गर्ने अभ्यास गराउने । उनीहरुसंग साधारण बोलचालमा आउने शब्दहरुको प्रयोग गरेर बोल्ने र बोल्ने अभ्यास गराउने । बालबालिकाहरुलाई संवन्धित भाषाको लिपी | सम्वोधन कुराकानी तथा लिपि लेखनको आधारमा विद्यर्थी मूल्यांकन गरी पृष्ठपोषण दिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लेखन अभ्यास गराउने । | | |

## विषयवस्तुको विस्तृतीकरण: कक्षा: २

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरपालिका र वडा परिचय | आफ्नो वडासंग जोडिएका वडाहरुको नाम र स्थान बताउन | छिमेकी वडाहरुको नाम र स्थान | विद्यार्थीलाई आफ्नो वरिपरि र आफ्नो छिमेकी वडाहरुमा रहेका ठाउँहरुको नाम भन्न लगाउने,<br><br>आफ्नो वडासंग जोडिएका छिमेकी वडाहरु रहेको स्थान पहिचान गर्न लगाई वडा नंवर भन्न लगाउने,<br><br>नगरपालिकाको नाम र रहेको स्थान भन्न लगाउने, नगरपालिकाको नक्सा देखाई विद्यार्थी रहेको वडा र त्यससंग जोडिएका वडाहरु पहिचान गराउने,<br><br>विद्यार्थीलाई नाम वडा र नगरपालिका खुल्ने गरी एकआपसमा परिचय | विद्यार्थीलाई आफ्नो नाम र स्थान भन्न लगाउने,<br><br>विद्यार्थी बस्ने नगरपालिकाको नाम र ठेगाना भन्न लगाउने,<br><br>नक्सामा आफ्नो वडा र नगरपालिका र आफ्नो वडासंग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आदाप्रदान तथा कुराकानी गर्न लगाउने | जोडिएर रहेका वडाहरुको नाम र स्थान देखाउन लगाउने | |
| | प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | आफ्नो घर वरिपरि रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु पहिचान गरि बताउन | वडाभित्र रहेका प्राकृतिक सम्पदाहरु<br><br>वडा भित्ररहेका मानव निर्मित सम्पदाहरु | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने<br><br>विद्यालय र गाउँघर नजिक विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता बारेमा जानकारि गराउने । प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण सहित परिचय दिने<br><br>बोर्डमा सम्पदाहरुको सूची बनाई कस्तो सम्पदाहो चिन्न लगाउने । वडाको नक्सामा ती सम्पदाहरु संकेत गर्न | सम्पदाहरुको नाम भन्न लगाउने<br><br>कक्षालाई दुई समुहमा बाँडी खेलविधिबाट धेरै सम्पदाको नाम भन्न प्रतिस्पर्धा गराउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाउने ।<br>लेखन अभ्यास गराउने | | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | कक्षाका साथीहरुको थरको सूची बनाउन<br>आफ्नो धर्म भाषा र मनाउने चाडपर्वबारे बताउन<br>आफु जाने धार्मिक स्थलको नाम भन्न | आफु आफ्नो परिवार र साथीहरु<br>भाषा धर्म तथा धार्मिक स्थलहरु | विद्यार्थीलाई आफ्नो नाम थर र बोल्ने भाषा भन्न लगाउने<br>परिवारका सदस्यहरुको नाता अनुसारको नाम थर भन्न लगाउने, कक्षाका साथीहरुको नाम थर तथा उनीहरुले बोल्ने भाषा भन्न लगाउने, विद्यार्थीहरु पुजाआजा तथा प्रार्थनाको लगि जाने धार्मिक स्थलहरुको वारेमा जानकारि लिई ती स्थलहरु कुन धर्मसंग सम्वन्धित छन भनी बताउने,चित्र तथा पोष्टरहरुको माध्यमबाट धार्मिक स्थलहरुको बारेमा छलफल गराउने, विद्यार्थीहरुलाई एक अर्काको नाम थर बोल्ने भाषा भन्न मान्ने धर्म भन्न लगाई एक अर्काको परिचय दिन लगाउने, विद्यार्थीलाई आफ्नो र साथीको नाम भाषा र धर्म लेख्न लगाउने | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता | आदर सत्कार तथा मायाँ | विद्यालय घर तथा समाजमा आफुभन्दा ठुलालाई आदर तथा सानोलाई माँया गर्न<br><br>आदर सम्मान तथा मायाँको भाव व्यक्त हुनेगरी अभिनय गर्न | आदर सत्कार तथा मायाँको अवधारणा<br><br>आदर सत्कार गर्ने बानी व्यवहारहरु<br><br>मायाँ तथा करुणाभाव व्यक्तगर्ने अवस्था र बानी व्यवहारहरु | आदर तथा सम्मानजनक रुपबाट ढोग प्रणाम तथा नमस्कार गरेका चित्रहरुको अवलोकन र छलफल<br><br>आफुभन्दा सानालाई मायाँ तथा असक्त बृद्धवृद्धाहरुमा करुणा भाव ब्यक्त गर्ने कटआउट्स तथा चित्रहरुको अवलोकन र छलफल<br><br>विद्यालय वरिपरिका बोटविरुवाहरु तथा जीवजन्तुहरुको अवलोकन गराई त्यसको हेरचाह माँया तथा करुणा भावना जगाउने खालका कृयाकलाप गराउने | आदरार्थी तथा माँया गर्ने शब्दहरुको प्रयोग गरेर सम्बोधन गर्न लगाउने तथा बोटविरुवा असक्त बृद्धवृद्धाहरुलाई के गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी सिकाईको अवस्था अवलोकन गरी पृष्ठपोषण दिने | |
| | जातजाती | आफ्नो कक्षामा रहेका साथीहरुको जातजाती बारे बताउन<br><br>एक जातिले अर्को जातीलाई सम्मान | गाउँघर तथा समुदायमा भएका विभिन्ना थरहरु थर अनुसार जात जातीको वर्गिकरण<br><br>फरक जाती बिचमा सम्मान र | शिक्षकले थर तथा जातजातीहरुको बारेमा छलफल गर्ने र विद्यार्थीले बुझ्नेगरी उदाहरण सहित जानकारी दिने<br><br>विद्यार्थीहरुको थर तथा त्यसको जातजातीहरुको आधारमा वर्गिकरण गर्ने<br><br>एक जातीले अर्को जातीको सम्मान | थर र जातको विचको सम्वन्ध बताउन लगाउने । विभिन्न थर तथा जातजातीहरु बारे भन्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न | सद्भाव | गर्नुपर्छ जातको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने | | |
| | सामाजिक कुरितीहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको सन्दर्भका समाजिक मान्यताबारे परिचित हुन र यस विरुद्धको बुझाइ विकास गर्न | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको सन्दर्भका समाजिक मान्यताहरु<br>गलत मान्यताहरुको निराकरणको लागि चेतना विकास | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br>धामी झाँक्री टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने<br>यस्ता कुरितीको कारणबाट गाउँघरमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाई थाहा पाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला तथा बालयौन हिंसा र बालश्रम | महिला तथा बालबालिकाहरुलाई गरिने सामाजिक व्यवहारहरु | घरपरिवार तथा छिमेकमा बालबालिका तथा महिलाहरुलाई गरिने नकारात्मक व्यवहारबारे आफुले देखेका कुराहरु भन्न तथा सकारात्मक व्यवहारहरु अनुसरण गर्न | घरपरिवार तथा छिमेकमा बालबालिका तथा महिलाहरुलाई गरिने सकारात्मक तथा नकारात्मक व्यवहारहरु<br><br>सकारात्मक व्यवहारको अनुसरण | घर तथा छिमेकमा साना बालबालिका तथा महिला(दिदि बहिनी आमा सानी आमा ठुली आमा आदि)लाई गरिने नकारात्मक कुराहरु केके हुन भनि सोध्ने तथा स्कूल जान नपाएको, समयमा खाना खान नपाएको, घाँस दाउरा, मेलापात, चुलोचौको, घरको सरसफाई आदि काममा धेरैजसो महिला मात्र संलग्न भएको जस्ता कुराहरु झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाई छलफल गराउने र विद्यार्थीको अनुभव पनि सुनाउन लागाउने<br><br>नकारात्मक ब्यवहारले बालबालिका तथा महिलाको जीवनमा परेको असरको बारेमा छलफल गराई उदाहरण सहित प्रष्ट पार्ने<br><br>घरपरिवार तथा छरछिमेकमा उनीहरुलाई गर्ने व्यवहारको बारेमा सोधपुछ गरी नकारात्मक ब्यवहारले बालबालिका तथा महिलाको जीवनमा परेको असरको बारेमा | चित्र अवलोकन छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छलफल गराई उदाहरण सहित प्रष्ट पार्ने<br>असल व्यवहारहरु अवलम्वन गर्न सिकाउने र खराव व्यवहारको विरोधमा बोल्नुपर्छ भन्ने कुरा सिकाउने | | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | स्थानीय उपजहरु र यसको उपयोग | आफुले खाने खानेकुराहरुमा आफ्नो खेतबारीमा उत्पादन हुने उपजहरुको नाम बताउन | आफुले खाने खानेकुराहरु<br>आफ्नै खेतवारीमा उत्पादन हुने खानेकुरा/उपजहरु | बालबालिकाहरुलाई आफुले घरमा खानेकुराहरुको बारेमा भन्न लगाउने<br>ती खानेकुराहरु कहाँकहाँबाट प्राप्त हुन्छन भन्नेकुरा छलफल गर्ने र विद्यार्थीको विचार लिने<br>विभिन्न पोष्टर तथा चित्र देखाई छलफल गराउने<br>खेतवारी पसल तथा नजिको बजार अवलोकन गराउने<br>खानेकुराहरु मद्दे आफ्नै खेतवारीमा उत्पादन हुने खानेकुराहरुको बारेमा भन्न लगाई त्यसको सूची बनाउन लगाउने । | चित्र अवलोक छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन र पृष्ठपोषण | |
| हाम्रा धार्मिक | धार्मिक तथा पर्यटकीय स्थहरु | आफ्नो गाउँघर तथा वडामा भएका | आफ्नो गाउँघर तथा वडामा भएका | विद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट उनीहरु बुवा आमा वा साथीहरुसंग घुम्न | अवलोकनबाट देखेका र आफु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथा पर्यटकिय स्थलहरु | | धार्मिक तथा पर्यटकीय स्थलहरु बताउन | धार्मिक तथा पर्यटकीय स्थलहरु | गएको ठाउँहरु तीर्थस्थलहरुको बारेमा सोधपुछ गरी जानकारी लिने<br><br>मानिसहरु जान मनपराउने ठाउँ तथा देवीदेवताको पुजाआजा गर्ने ठाउँहरु भन्न लगाउने । कुनै नयाँ मानिस वा विदेशीहरु घुम्न आएको देखेको वा सुनेजानेको भए भन्न लगाउने<br><br>पोष्टर कट्सआउट्स वा चित्रहरुबाट रमणीय ठाउँ र मठमन्दिरहरुको चित्र देखाई छलफल गराउने<br><br>नजिकको मठमन्दिर वा रमणीय ठाउँमा भ्रमण लग्ने र यस्ता ठाउँहरुलाई धार्मिक तथा पर्यटकीय स्थल भनिन्छ भनेर धारणा विकास गर्ने । आफ्नो गाउँघर तथा वडामा रहेका मानिसहरु घुम्न आउने रमाईला ठाउँहरु तथा मठमन्दीर आदिको नाम भन्न र लेख्न लगाउने<br><br>सबै विद्यार्थीहरुले भनेका कुराहरु बोर्डमा टिपोट गरी छलफल गराउने । चित्र कोर्ने | घुम्न वा देवताको दर्शन गर्न मठमन्दिर गएको अनुभव भन्न लगाउने<br><br>आफ्नो वडामा रहेका मठमन्दिर तथा रमणीय स्थानको नाम भन्न र लेख्न लगाउने<br><br>ती मद्दे कुनैको चित्र कोर्न लगाई मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अभ्यास गराउने । | | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | स्थानीय ज्ञान | उपचारका परम्परागत विधिहरु र त्यसको उपयोगितावारे बताउन | मानिसहरुलाई लाग्ने विभिन्न रोगहरु र ती रोगहरुको उपचार गर्दा अपनाईने स्थानीय विधिहरु | घरमा आफु घरपरिवारको सदस्यहरु बिरामीहुँदा कस्तो खालको बिमार लागेको थियो सोध्ने । ती बिमार लाग्दा घरमा आमा बुबाले के गर्नु हुन्थ्यो/गर्नुहुन्छ भन्नेबारेमा विद्यार्थीहरुबाट जानकारी लिने<br><br>कस्तो विमार हुँदा के खान दिनुहुन्छ वा कस्कोमा के विमारहुँदा लग्नु हुन्छ/जानुहुन्छ भनी सोध्ने<br><br>औषधीको रुपमा खान दिंदा केके चिजहरु हालेर कसरि बनाएर दिनु हुन्छ सोध्ने<br><br>साधारण रुघाखोकी, पेटदुखेको, टाउको दुखेको, खाना मिठो नलाग्ने आदि हुँदा गरिने घरेलु उपचारको बारेमा शिक्षकले जानकारि दिने । यसबारेको सत्यता र भ्रम बारेमा स्पष्ट पारी घरेलु उपचारको उपयोगिताको बारेमा विद्यार्थीहरुलाई जानकारि गराउने | अनुभव आदान प्रदान<br><br>छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय पेशा तथा व्यवसायहरु | आफ्नो घरपरिवार तथा छरछिमेकमा भएका पेशा व्यवसायहरुको सूची बनाउन | आफ्नो घर छिमेकमा भएका पेशा व्यवसायहरु | आफ्नो घरमा बुवाआमाले गर्ने, गाउँघरमा मानिसहरुले गर्ने कामहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाई जानकारि लिने<br><br>त्यस्ता कामहरुबाट परिवारको भरणपोषण हुने वारेमा विद्यार्थीहरुमा धारणा विकास गराउने<br><br>खेतिपाती, कुखुरापालन, बंगुरपालन, पसल सञ्चालन, घर बनाउने, ज्याला मजदुरी गर्नेकाम, फर्निचर बनाउने काम आदिहरुको बारेमा विद्यार्थीको विचारसंगै शिक्षकले थप उदाहरण दिने<br><br>विद्यार्थीहरुलाई पेशा व्यवसाय सञ्चालन भएको ठाउँको अवलोकन गराई पेशा र व्यवसायको बारेमा धारणा बसाल्ने<br><br>स्थानीय गाउँघरमा उवलम्वन गरिएको पेशा व्यवसायहरुको सूची बनाउन लगाउने | अबलोकनको अनुभव व्यक्त गर्न लगाउने छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय प्रविधि | गाउँघरमा प्रयोग गरिने स्थानीय सामग्रीहरु र यसको उपयोगबारे बताउन<br><br>यी सामग्री बनाउँदा प्रयोग गरिने कच्चापदार्थ/सामग्री बताउन | गाउँघरमा प्रयोग गरिने स्थानीय सामग्रीहरु र यसको प्रयोग<br><br>स्थानीय सामग्री बनाउँदा प्रयोग गरिने कच्चापदार्थहरु | विद्यार्थीहरुलाई आफ्नो घरमा घउतेल, अन्न, दाल तरकारी राख्न, गाईभैंसी बाँध्न, दुध दुहुन, कपडा सुकाउन, खेतीपाति गर्न आदि कामको लागि प्रयोग गर्ने गरेका सामग्रीहरुको नाम भन्न लगाउने । विद्यार्थीले भनेको सामग्रीहरुको टिपोट गर्ने ठोष वस्तु चित्र कट्सआउट्स आदि देखाई डोरी, नाम्लो, डोको, थुन्से, टोकरी, भकारी, मुढा, ठेकी, मधानी, चौंठी, हर्पे, हलो, जुवा, ढिकी, जाँतो, सिलौटो आदि स्थानीय सामग्रीहरु हन भनी निष्कर्षमा पुग्ने । यी सामग्रीहरु बनाउँदा प्रयोगमा आउने वस्तुहरुको बारेमा पनि यसै विधिबाट निष्कर्षमा पुग्ने । | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| दनुवार/ तामाङ् भाषा | दनुवार/तामाङ् भाषाको चिनारी | दनुवार/तामाङ् भाषामा सञ्चार र सम्वोधन गर्ने तथा लेखन सीप विकास गर्ने | दनुवार/तामाङ् भाषामा सञ्चार, सम्वोधन तथा लेखन सीप विकास | दनुवार/तामाङ् भाषामा बालबालिकाहरुले दर्जा अनुसारको सम्वोधन गर्ने अभ्यास गराउने । उनीहरुसंग व्यवहारिक विषयवस्तुहरुमा आधारित रहेर कुराकानी छलफल गरेर बोल्ने र लेख्ने अभ्यास गराउने । बालबालिकाहरुलाई संवन्धित | सम्वोधन कुराकानी तथा लिपि लेखनको आधारमा बालबालिकाहरुको मूल्यांकन गरी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भाषाको लिपी लेखनमा थप अभ्यास गराउने । | पृष्ठपोषण दिने | |

## विषयवस्तुको विस्तृतीकरण : कक्षा-३

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | वडाको भौगोलिक बनावट | आफ्नो वडाको भौगोलक बनावट बारे जानकारि दिन | विद्यार्थी रहेको वडाको भौगोलिक बनावट | विद्यार्थीलाई आफ्नो वडाको जमिन (सम्मो, भिरालो, छाँगा, नदीकिनार, बनजङ्गल भएको, खेतबारी भएको बाँझो, अग्लो, पहाड, चट्टानी भूभाग) कस्तो छ भन्न लगाउने,<br>वडाको नक्सा देखाई विद्यार्थीहरुलाई ती विभिन्न स्वरुपहरु देखाउन लगाउने,<br>वडाको भौगोलिक स्वरुप देखाउने गरी नक्सा बनाउन लगाउने | विद्यार्थीलाई उनीहरु रहेको वडाको भौगोलिक बनावटको बारेमा प्रश्नोत्तर गर्ने<br>बनावट कस्तो छ कपिमा लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | आफ्नो वडा भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान रहेको स्थार र संख्याबारे तुलना गरि बताउन | वडाभित्र रहेका प्राकृतिक सम्पदाहरु रहेको स्थान र संख्या<br><br>वडा भित्ररहेका मानव निर्मित सम्पदाहरु रहेको स्थान र संख्या | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने<br><br>विद्यालय र गाउँघर नजिक विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता ती सम्पदा रहेको स्थानबारेमा जानकारि गराउने । प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण सहित परिचय दिने<br><br>बोर्डमा सम्पदाहरुको सूची बनाई कस्तो सम्पदाहो चिन्न लगाउने । वडाको नक्सामा ती सम्पदाहरु संकेत गर्न लगाउने । कुन सम्पदाको संख्या बढी र घटी छ भन्ने बारेमा छलफल गराउने । | विद्यार्थीहरुलाई सम्पदाहरुको नाम रहेको स्थान र संख्या भन्न लगाउने | |
| सामाजिक तथा | सामाजिक तथा | आफु र साथीहरुले | स्थानीय भाषा धर्म चाडपर्व तथा | विद्यार्थीलाई आफ्नो नाम थर र बोल्ने भाषा भन्न | बोर्डमा विभिन्न भाषा, धर्म, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धार्मिक संस्कार र संस्कृति | धार्मिक संस्कार र संस्कृति | मान्ने धर्म, बोल्ने भाषा र मनाउने चाडपर्व तथा जाने धार्मिक स्थलहरु र आफुले मान्ने धर्म अनुसारका केही देवीदेवताहरु | धार्मिक स्थलहरु<br><br>धर्म अनुसार मान्ने देवीदेवताहरु | लगाउने<br><br>परिवारका सदस्यहरुको नाता अनुसारको नाम थर भन्न लगाउने, कक्षाका साथीहरुको नाम थर तथा उनीहरुले बोल्ने भाषा भन्न लगाउने, विद्यार्थीहरु पुजाआजा तथा प्रार्थनाको लगि जाने धार्मिक स्थलहरुको वारेमा जानकारि लिई ती स्थलहरु कुन धर्मसंग सम्वन्धित छन भनी बताउने,चित्र तथा पोष्टरहरुको माध्यमबाट धार्मिक स्थलहरुको बारेमा छलफल गराउने, विद्यार्थीहरुलाई एक अर्काको नाम थर बोल्ने भाषा भन्न मान्ने धर्म भन्न लगाई एक अर्काको परिचय दिन लगाउने, विद्यार्थीलाई आफ्नो र साथीको नाम भाषा र धर्म लेख्न लगाउने । यसैगरी विद्यार्थीहरुलाई आफुले मान्ने धर्म अनुसार पुज्ने देवीदेवताहरुको नाम भन्न लगाई छलफल गराउने | धार्मिक स्थल तथा देवीदेवताहरुको नाम लेखी विद्यार्थीहरुलाई उठाएर उसले बोल्ने तथा मान्ने कुराहरु भन्न लगाउने । प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |
| सामाजिक मूल्य | अवलम्वन गर्नुपर्ने असल | आफ्नो घरपरिवार र विद्यालयमा | घरपरिवार र विद्यालयमा गर्ने असल बानी | आदर तथा सम्मानजनक रुपबाट ढोग प्रणाम तथा नमस्कार गरेका चित्रहरुको अवलोकन र छलफल | आदरार्थी तथा माँया गर्ने शब्दहरुको प्रयोग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मान्यता | बानी व्यवहारहरु | गर्ने असल बानी ब्यवहारहरुको सूची बनाउन,<br><br>असल बानी व्यवहारहरुको अवलम्वन गर्न | ब्यवहारहरु,<br><br>असल बानी ब्यवहारहरुको व्यवहारिक प्रयोग | आफुभन्दा सानालाई मायाँ तथा असक्त बृद्धवृद्धाहरुमा करुणा भाव ब्यक्त गर्ने कटआउट्स तथा चित्रहरुको अवलोकन र छलफल<br><br>विद्यालय वरिपरिका बोटविरुवाहरु तथा जीवजन्तुहरुको अवलोकन गराई त्यसको हेरचाह माँया तथा करुणा भावना जगाउने खालका कृयाकलाप गराउने<br><br>असल बानी व्यवहारहरुको सूची बनाउन लगाउने<br><br>विद्यार्थीहरुलाई नाटकिकरण/भूमिका निर्वाह गराई असल व्यवहारको व्यवहारिक प्रयोगको सम्वन्धमा अभ्यास गराउने | गरेर सम्बोधन गर्न लगाउने तथा बोटविरुवा असक्त बृद्धवृद्धाहरुलाई के गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी सिकाईको अवस्था अवलोकन गरी पृष्ठपोषण दिने | |
| | जातजाती | आफ्नो समुदाय तथा वडा भित्र भएका जातजातीहरुको बारेमा बताउन जातीय विभेदको | आफ्नो समुदाय तथा वडा भित्र भएका जातजातीहरु, जातीय विभेद | शिक्षकले थर तथा जातजातीहरुको बारेमा छलफल गर्ने र विद्यार्थीले बुझ्नेगरी उदाहरण सहित जानकारी दिने<br><br>शिक्षकले आफ्नो समुदाय र वडा भित्र रहेका विभन्न जातजातीहरुको बारेमा विद्यार्थीलाई प्रश्न सोधी बोर्डमा टिप्ने | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन आदि गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवधारणा बताउन | | जातीको आधारमा समाजमा हुने गरेका विभेदका उदाहरणहरु विद्यार्थीबाट लिंदै थप छलफल गर्ने<br><br>विभिन्न चित्र पोष्टरहरुबाट छलफल गराउने<br><br>जातीय विभेदका कारण समाजमा उत्पन्न भएका समस्याहरुको बारेमा छलफल गर्दै एक जातीले अर्को जातीको सम्मान गर्नुपर्छ, जातको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने | | |
| | सामाजिक कुरितीहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको भ्रमले घरपरिवार र छिमेकमा घटेका घटनाहरु बताउन | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको सन्दर्भका समाजिक मान्यताहरु<br><br>यस्ता मान्यताबाट समाजमा घट्ने घटना तथा सिर्जनाहुने समस्याहरु | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br><br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br><br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br><br>धामी झाँक्री टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने<br><br>यस्ता कुरितीको कारणबाट गाउँघरमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाई थाहा पाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरुसंग थप छलफल गर्ने | | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | यौन हिंसा | यौन हिंसाको अर्थ बताउन,<br><br>घरपरिवार तथा छिमेकमा बालबालिका तथा महिलाहरुलाई गरिने यौन हिंसाजन्य घटनाहरुबारे आफुले देखेका सुनेका कुराहरु बताउन,<br><br>यौन हिंसाजन्य घटनाहरु प्रति सचेत रहन | यौन हींसाको अर्थ, गाउँघर तथा समुदायमा हुने बाल तथा महिला यौन हिंसाका उदाहरण र सचेतता | यौन हिंसाजन्य कुराहरु झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाएर छलफल गराई यौनहिंसा केहो भन्नबारेमा धारणा विकास गराउने । मायाँ गरेजस्तो गरेर शरिरका सम्वेदनशील अंगहरुमा स्पर्ष गर्ने चुम्वन गर्ने विभिन्न प्रलोभन देखाई एकान्त ठाउँमा लग्न खोज्ने जस्ता व्यवहारहरुलाई यौनहिंसा भनिन्छ भनेर प्रष्ट पार्ने । घर तथा छिमेकमा साना बालबालिका तथा महिला(दिदि, बहिनी, आमा, सानी आमा, ठुली आमा आदि)माथि भएका यौन हिंसाजन्य कुराहरु केके सुनेका वा देखेका छौ भनी छलफल गराउने । घरपरिवार विद्यालय तथा छरछिमेकमा उनीहरुलाई गर्ने व्यवहारको बारेमा सोधपुछ गरी यौनहिंसाजन्य नकारात्मक ब्यवहारभए भन्न लगाउने । नर्मला तथा भागिरथी हत्याकाण्ड जस्ता जघन्य यौन अपराधहरु तथा विद्यालय कक्षाकोठामा शिक्षक तथा विद्यार्थीहरुबाट बालबालिहुने यौन दुर्व्यवहारका घटनाहरुको उदाहरणहरु दिने । यस्ता घटनाहरुले बालबालिका तथा महिलाको जीवनमा परेको असरको बारेमा | चित्र अवलोकन छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छलफल गराई उदाहरण सहित प्रष्ट पार्ने । बालबालिकाहरुलाई यस्ता घटनाहरुबाट सुरक्षित रहन अवलम्वन गर्नुपर्ने सचेतताका कुराहरुमा व्यापक छलफल गर्ने । असल व्यवहारहरु अवलम्वन गर्न सिकाउने र खराव व्यवहारको विरोधमा बोल्नुपर्छ भन्ने कुरा सिकाउने | | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | स्थानीय उपजहरु र यसको उपयोग | स्वस्थ र सन्तुलित विकासको अर्थ बताउन<br>स्वस्थ र सन्तुलित विकासको लागि खानेकुराको महत्व र यसको उपयोग बताउन | स्वस्थ र सन्तुलित विकासबारे जानकारि<br>स्वस्थ र सन्तुलित विकासको लागि खानेकुराको महत्व र यसको उपयोग | शिक्षकले स्वास्थ्य र स्वस्थताको बारेमा छोंटो प्रस्तुती दिंदै प्रश्नोत्तर र छलफलको माध्यमबाट बालबालिकाहरुको धारणा विकास गराउने । शरिरको सन्तुलित विकास र यसका लागि खानेकुराहरुको भूमिका के रहन्छ भन्ने बारेमा छलफल गराउने । सन्तुलित खाना भित्र केके कुराहरु पर्छन भन्ने बारेमा पोष्टर र  चत्रहरु देखाउँदै छलफलबाट धारणा विकास गराउने । सन्तुलित र पर्याप्त खानेकुराको अभावमा हुने शारीरिक कमजोरी बृद्धि विकासमा देखापरेका समस्याहरुको बारेमा पोष्टर चित्रहरु देखाई छलफल गराउने । यस्ता कमजोरी तथा असरहरु कमगर्न स्वस्थ सफा र सन्तुलित खानाको आवश्यकता पर्छ भन्ने बारेमा विद्यार्थीहरुलाई सहमत यसको महत्व बारे स्पष्ट पारिदिने । आफुले घरमा खानेकुराहरुको | चित्र अवलोक छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन र पृष्ठपोषण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बारेमा भन्न लगाउने ती खानेकुराहरु कहाँकहाँबाट प्राप्त हुन्छन भन्नेकुरा छलफल गर्ने र विद्यार्थीको विचार लिने । यस्ता खानेकुराहरुको सही प्रयोग गर्नुपर्छ खानेकुराहरु खेरफाल्नु हुँदैन भन्ने बारेमा छलफल गर्दै खानेकुराको महत्व र उपयोगितको बारेमा निष्कर्शमा पुग्ने । | | |
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकीय स्थहरु | आफ्नो गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरु बारे बताउन<br><br>पर्यटन र पर्यटकको अर्थ बताउन | आफ्नो गाउँघर तथा वडामा भएका धार्मिक तथा पर्यटकीय स्थलहरु<br><br>पर्यटन र पर्यटकको अर्थ | विद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट उनीहरु बुवा आमा वा साथीहरुसंग घुम्न गएको ठाउँहरु तीर्थस्थलहरुको बारेमा सोधपुछ गरी जानकारी लिने<br><br>मानिसहरु जान मनपराउने ठाउँ तथा देवीदेवताको पुजाआजा गर्ने ठाउँहरु भन्न लगाउने । कुनै नयाँ मानिस वा विदेशीहरु घुम्न आएको देखेको वा सुनेजानेको भए भन्न लगाउने । पोष्टर कट्सआउट्स वा चित्रहरुबाट रमणीय ठाउँ र मठमन्दिरहरुको चित्र देखाई छलफल गराउने ।नजिकको मठमन्दिर वा रमणीय ठाउँमा भ्रमण लग्ने र यस्ता ठाउँहरुलाई धार्मिक तथा पर्यटकीय स्थल भनिन्छ भनेर धारणा विकास गर्ने । आफ्नो गाउँघर तथा वडामा रहेका मानिसहरु घुम्न आउने रमाईला ठाउँहरु तथा मठमन्दीर आदिको नाम भन्न र लेख्न लगाउने । यस्ता ठाउँहरु हेर्न र घुम्न आउने अन्य ठाउँहरुका | अवलोकनबाट देखेका र आफु घुम्न वा देवताको दर्शन गर्न मठमन्दिर गएको अनुभव भन्न लगाउने<br><br>आफ्नो वडामा रहेका मठमन्दिर तथा रमणीय स्थानको नाम भन्न र लेख्न लगाउने<br><br>ती मद्दे कुनैको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मानिसहरुलाई पर्यटक र यस्तो घुम्न आउने कामलाई पर्यटन भनिन्छ भनेर प्रष्ट पार्ने । पर्यटन सम्वन्धि विभिन्न चित्र पोष्टर आदिबाट यसबारेमा थप छलफल गराई प्रष्ट पार्ने । आफ्नो नजिकको पर्यटकीय स्थलको चित्र कोर्ने अभ्यास गराउने । | चित्र कोर्न लगाई मूल्याँकन गर्ने । पर्यटक र पर्यटनको बारेमा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाईको लेखाजोखा गर्ने । | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | स्थानीय ज्ञान | विभिन्न रोगको उपचारका लागि प्रयोगहुने बनस्पति तथा सामग्रीहरु बताउन | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु | घरमा आफु, घरपरिवारको सदस्यहरु बिरामीहुँदा कस्तो खालको बिमार लागेको थियो सोध्ने । ती बिमार लाग्दा घरमा आमा बुबाले के गर्नु हुन्थ्यो/गर्नुहुन्छ भन्नेबारेमा विद्यार्थीहरुबाट जानकारी लिने,कस्तो विमार हुँदा के खान दिनुहुन्छ वा कस्कोमा के विमारहुँदा लग्नु हुन्छ/जानुहुन्छ भनी सोध्ने, साधारण रुघाखोकी, पेटदुखेको, टाउको दुखेको, खाना मिठो नलाग्ने आदि हुँदा गरिने घरेलु उपचारको औषधी तयार गर्दा कुन कुन वनस्पति तथा समग्रीहरुको प्रयोग हुन्छ भन्ने बारेमा छलफल गरी जानकारी लिने । यसबारेको सत्यता र भ्रम बारेमा स्पष्ट पारी घरेलु उपचारको उपयोगिताको बारेमा | अनुभव आदान प्रदान<br>छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरुलाई जानकारि गराउने । | | |
| | कृषि पेशा र प्रमुख कृषि बालीहरु | कृषि पेशा को अवधारणा बारे बताउन<br><br>आफ्नो खेतवारीमा उत्पादन हुने कृषि उपजहरु/बालीहरुको नाम बताउन<br><br>कृषि पेशामा परिवार र आफ्नो संलग्नता र भूमिका बारे बनाउन | कृषि पेशा र विभिन्न कृषि बालीहरु ।<br><br>कृषिमा परिवारको संलग्नता र आफ्नो भूमिका | आफ्नो घरमा बुवाआमाले गर्ने, गाउँघरमा मानिसहरुले गर्ने कामहरुको बारेमा विद्यार्थीहरुलाई भन्न लगाई जानकारि लिने<br><br>त्यस्ता कामहरुबाट परिवारको भरणपोषण हुने वारेमा विद्यार्थीहरुमा धारणा विकास गराउने<br><br>खेतिपाती, कुखुरापालन, बंगुरपालन, पसल सञ्चालन, घर बनाउने, ज्याला मजदुरी गर्नेकाम, फर्निचर बनाउने काम आदिहरुको बारेमा विद्यार्थीको विचारसंगै शिक्षकले थप उदाहरण दिने<br><br>विद्यार्थीहरुलाई पेशा व्यवसाय सञ्चालन भएको ठाउँको अवलोकन गराई पेशा र व्यवसायको बारेमा धारणा बसाल्ने<br><br>स्थानीय गाउँघरमा उवलम्वन गरिएको पेशा व्यवसायहरुको सूची बनाउन लगाउने । अन्न, दलहन, तेलहन बाली, तरकारी खेती, मसला बाली फलफुल खेती आदिसंग संबन्धित पेशा कृषि पेशा हुन भनि विद्यार्थीहरुलाई प्रष्ट पार्ने । यस पेशामा आफ्नो परिवारका सदस्यहरुको सहभागिता कसरि भईरहेको | अबलोकनको अनुभव व्यक्त गर्न लगाउने छलफल, प्रश्नोत्तर तथा कक्षा सहभागिताको आधारमा विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छ र आफुले पनि कृषि बालीहरुको उत्पादनमा कुन रुपमा सहभागिता वा सहयोग पुर्याएको छ त्यसको बारेमा पनि छलफल गराउने ।<br><br>विद्यार्थीहरुलाई कृषिवाली अन्तरगतका उपजहरुको सूची बनाउन लगाउने । उनीहरुले खेतपातीमा कसरी सहयोग गर्छन भन्नेकुरा कपिमा लेख्न लगाउने | | |
| | स्थानीय प्रविधि | डोरी बाट्ने तथा गाँठो पर्ने सीप विकास गर्न सक्ने छन | डोरी बाट्ने तथा गाँठो पर्ने सीप विकास | बालबालिकाहरुलाई डोरी बाट्नको लागि घरमा कुनकुन सामग्रीहरु प्रयोग गरिन्छ भनेर सोध्ने । विद्यार्थीले भनेका सामग्रीहरुको नाम बोर्डमा टिप्दै जाने र शिक्षकले छुटेका थप सामग्रीको नाम पनि बताई टिपोट गर्ने । सामग्री संकलन गरी डोरी बाट्ने तरीका बताउँदै शिक्षकले बाटेर देखाउने । विद्यार्थीहरुलाई पनि विस्तारै सिकाउँदै थप अभ्यास गराउने । | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |
| दनुवार/ तामाङ् भाषा | दनुवार/तामाङ् भाषाको चिनारी | दनुवार/ तामाङ् भाषामा सञ्चार गर्न, लेख्न तथा आफ्नो धर्म संस्कृतिको बारेमा बताउने सिप विकास | दनुवार/तामाङ् भाषामा सञ्चार, लेखन<br><br>दनुवार/तामाङ् जातीको धर्म संस्कृति | दनुवार/तामाङ् भाषामा बालबालिकाहरुलाई व्यवहारिक विषयवस्तुहरुमा आधारित रहेर कुराकानी छलफल गरेर बोल्ने र लेख्ने अभ्यास गराउने । बालबालिकाहरुलाई संवन्धित भाषाको लिपी लेखनमा थप अभ्यास गराउने । आफ्नो भाषामा आफ्नो जातीहरुमा मानिने धर्म संस्कृति तथा यसको विशेषताहरु बारे विचार व्यक्त गर्ने तथा लेख्ने | सम्वोधन सञ्चार लेखन अभ्यास र छलफलमा कृयाशिलता जस्ता कुराहरुको आधारमा बालबालिकाहरुको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अभ्यास गराउने । | मूल्यांकन गरी पृष्ठपोषण दिने | |

## विषयवस्तुको विस्तृतीकरण : कक्षा-४

| विषय क्षेत्र | विषयव स्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपा लिका बारे जानकारी | वडाको भौगोलिक बिशेषता | आफ्नो वडाको भौगोलक बिशेषता बताउन | आफ्नो वडाको भौगोलिक विशेषता | विद्यार्थीलाई आफ्नो वडाको जमिन (सम्मो, भिरालो, छाँगा, नदीकिनार, बनजङ्गल भएको, खेतबारी भएको, बाँझो, अग्लो, पहाड, चट्टानी भूभाग) कस्तो छ भन्न लगाउने,<br><br>वडाको नक्सा देखाई विद्यार्थीहरुलाई ती विभिन्न स्वरुपहरु देखाउन लगाउने,<br><br>वडाको भौगोलिक स्वरुप देखाउने गरी नक्सा बनाउन लगाउने,<br><br>त्यहाँको जमिन, पहारीलो, ओसिलो, सुख्खा, पानी परिरहने, माटोको प्रकृति(रातोमाटो, रुखो, चट्टानी माटो) कस्तो छ, खेतीपाती कत्तिको हुन्छ, आदिको बारेमा | विद्यार्थीलाई उनीहरु रहेको वडाको भौगोलिक बनावट तथा विशेषताको बारेमा प्रश्नोत्तर गर्ने,<br><br>बटावट तथा विशेषताहरु केके छन कपिमा लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छलफल गराई भौगोलिक विशेषताको वारेमा स्पष्ट पार्ने । | | |
| | प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | आफ्नो वडा नजिकको वडाभित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान रहेको स्थान र संख्याबारे तुलना गरि बताउन | आफ्नो र नजिकको वडा भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु स्थान तथा संख्या | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने<br><br>आफ्नो गाउँघर र नजिकको वडामा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता, ती सम्पदा रहेको स्थानबारेमा जानकारि गराउने । विद्यार्थी तथा शिक्षकले आफ्नो स्थानीय वडा नथा नजिकको वडामा रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण(पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा चैत्य, मस्जिद आदि) सहित ती सम्पदाहरुको परिचय दिने । बोर्डमा सम्पदाहरुको सूची बनाई कस्तो सम्पदाहो चिन्न लगाउने । वडाको नक्सामा ती सम्पदाहरु संकेत गर्न लगाउने । आफ्नो र नजिकको वडामा कुनकुन सम्पदाको संख्या बढी र घटी छ भन्ने बारेमा तुलना | विद्यार्थीहरुलाई सम्पदाहरुको नाम रहेको स्थान र संख्या भन्न लगाउने<br><br>सम्पदाको बारेमा सामान्य जानकारि दिन लगाई मूल्याँकन गरी पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गरि छलफल गराउने । | | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | आफ्नो वडामा बोलिने भाषा मान्ने धर्म धार्मिक स्थलहरु र ती स्थल रहेको स्थान तथा देवीदेवताहरु बारे बताउन, आफ्नो वडामा मनाउने चाडपर्वहरुबारे बताउन | आफ्नो वडामा बोलिने भाषा मान्ने धर्म र धार्मिक स्थलहरु र रहेको स्थान तथा देवीदेवताहरु आफ्नो वडामा मनाउने चाडपर्वहरु | विद्यार्थीलाई आफ्नो नाम थर र बोल्ने भाषा भन्न लगाउने परिवारका सदस्यहरुको नाता अनुसारको नाम थर भन्न लगाउने, कक्षाका साथीहरुको नाम थर तथा उनीहरुले बोल्ने भाषा भन्न लगाउने, विद्यार्थीहरु पुजाआजा तथा प्रार्थनाको लगि जाने धार्मिक स्थलहरुको वारेमा जानकारि लिई ती स्थलहरु कुन धर्मसंग सम्वन्धित छन भनी बताउने, चित्र तथा पोष्टरहरुको माध्यमबाट धार्मिक स्थलहरुको बारेमा छलफल गराउने, विद्यार्थीहरुलाई एक अर्काको नाम थर, बोल्ने भाषा, मान्ने धर्म भन्न लगाई एक अर्काको परिचय दिन लगाउने । विद्यार्थीलाई आफ्नो र साथीको नाम भाषा र धर्म लेख्न लगाउने । यसैगरी विद्यार्थीहरुलाई आफुले मान्ने धर्म अनुसार पुज्ने देवीदेवताहरुको नाम भन्न लगाई छलफल गराउने । आफ्नो धार्मिक परम्परा अनुसार वडा भित्र मनाईने विभिन्न चाडपर्वहरुको बारेमा छलफल गराउने तथा ती चाडपर्वहरु कुन धर्मसंग सम्वन्धित छन भनी छलफल गराएर प्रष्ट पार्ने | बोर्डमा विभिन्न भाषा, धर्म, धार्मिक स्थल देवीदेवताहरु तथा चाडपर्वको नाम लेखी विद्यार्थीहरुलाई उठाएर उसले बोल्ने तथा मान्ने कुराहरु भन्न लगाउने । प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| सामाजिक मूल्य मान्यता | असल व्यवहार र सहयोग | आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्ने असल बानी ब्यवहारहरु बताउन,<br><br>दुख तथा अप्ठ्यारो परेको स्थितिमा एक अर्कोलाई गर्नुपर्ने सहयोगको बारेमा बताउन | आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्ने असल बानी ब्यवहारहरु ।<br><br>दुख तथा अप्ठ्यारो परेको स्थितिमा एक अर्कोलाई गर्ने सहयोगी ब्यवहारहरु । | विद्यार्थीलाई आफ्नो घरपरिवार तथा नाता सम्वन्धमा एक अर्कोलाई गर्ने सम्मान सहयोग र आफुले घरमा आदर सम्मान मायाँ घरायसी कामहरुमा सहयोग आदिको वारेमा अनुभव आदान प्रदान गर्न लगाउने । आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्नुपर्ने असल बानी ब्यवहारहरुको बारेमा विद्यार्थीहरुबाट जानकारि लिई शिक्षकले थप सहजीकरण गर्दै असल ब्यवहारहरु बोर्डमा टिपोट गरी सूची बनाउने । बृद्ध असक्त अपाङ्ग दुखमा परेका व्यक्ति तथा जनावरहरुलाई के गर्नुपर्ला भनेर प्रश्न गरी विचार लिने । यस सम्बन्धी सहयोग गरिएका चित्र पोष्टर तथा सन्दर्भ सामग्री देखाउँदै सहयोगी ब्यवहारको बारेमा विद्यार्थीलाई प्रष्ट पार्ने । विद्यार्थीहरुलाई असल तथा सहयोगि ब्यवहारहरु कपिमा लेख्न लगाई अभ्यास गराउने | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, आदिको माध्यमबाट विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |
| | जातजातीहरु र पेशा व्यवसाय | आफ्नो नगरपालिका भित्र रहेका जातजातीहरु र | आफ्नो नगरपालिका भित्र रहेका जातजातीहरु र उनीहरुले | शिक्षकले जातजातीहरुको बारेमा छलफल गर्ने र विद्यार्थीले बुझ्नेगरी उदाहरण सहित जानकारी दिने<br><br>शिक्षकले आफ्नो समुदाय वडा तथा भित्र रहेका विभिन्न जातजातीहरुको बारेमा विद्यार्थीलाई प्रश्न सोधी बोर्डमा | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन आदि गराई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा जातीय विभेद | उनीहरुले अगाल्ने परम्परागत पेशा व्यवसायहरुको पहिचान गरी बताउन<br><br>विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाहरु बताउन | अगाल्ने परम्परागत पेशा व्यवसायहरुको पहिचान,<br><br>विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाहरु | टिप्ने<br><br>जातीको आधारमा समाजमा हुने गरेका विभेदका उदाहरणहरु विद्यार्थीबाट लिंदै थप छलफल गर्ने<br><br>विभिन्न चित्र पोष्टरहरुबाट छलफल गराउने<br><br>जातीय विभेदका कारण समाजमा उत्पन्न भएका समस्याहरुको बारेमा छलफल गर्दै एक जातीले अर्को जातीको सम्मान गर्नुपर्छ, जातको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने | विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |
| | सामाजिक कुरितीहरु | भुत, प्रेत, बोक्सा, बोक्सी, धामी, झाँक्रीको सामाजिक सामाजिक बुझाईबारे आफ्नो धारणा व्यक्त गर्न, | भुत, प्रेत, बोक्सा बोक्सी, धामी झाँक्रीको सामाजिक बुझाईको न्यूनिकरणका लागि चेतना विकास | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br><br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br><br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br><br>धामी झाँक्री टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने । यस्ता कुरितीको कारणबाट | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाई थाहा पाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यस्ता कुरीति विरुद्ध आफ्नो भूमिकाबारे बताउन | | गाउँघर तथा समाजमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने । यस्ता कुरीतिहरु हटाउन विद्यार्थीले खेल्नुपर्ने भूमिका बारे छलफल गर्ने । | | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | यौन हिंसा | कक्षाकोठा, विद्यालय तथा छरछिमेकमा घटेका यौन हिंसाबारे जानकारी दिन,<br><br>यौन हंसा निराकरणमा विद्यार्थीको भूमिका बारे बताउन | कक्षाकोठा, विद्यालय तथा छरछिमेकमा घट्ने यौन हिंसाहरु,<br><br>यौन हंसा निराकरणमा विद्यार्थीको भूमिका | यौन हिंसाजन्य कुराहरु झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाएर छलफल गराई यौनहिंसा केहो भन्नबारेमा धारणा विकास गराउने । मायाँ गरेजस्तो गरेर शरिरका सम्वेदनशील अंगहरुमा स्पर्ष गर्ने चुम्वन गर्ने विभिन्न प्रलोभन देखाई एकान्त ठाउँमा लग्न खोज्ने जस्ता व्यवहारहरुलाई यौनहिंसा भनिन्छ भनेर प्रष्ट पार्ने । घर तथा छिमेकमा साना बालबालिका तथा महिला(दिदि, बहिनी, आमा, सानी आमा, ठुली आमा आदि)माथि भएका यौन हिंसाजन्य कुराहरु केके सुनेका वा देखेका छौ भनी छलफल गराउने । घरपरिवार विद्यालय तथा छरछिमेकमा उनीहरुलाई गर्ने व्यवहारको बारेमा सोधपुछ गरी यौनहिंसाजन्य नकारात्मक ब्यवहारभए भन्न लगाउने । नर्मला तथा भागिरथी हत्याकाण्ड जस्ता जघन्य यौन अपराधहरु तथा विद्यालय कक्षाकोठामा शिक्षक तथा विद्यार्थीहरुबाट बालबालिका माथि हुने यौन दुर्व्यवहारका | चित्र अवलोकन, छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | घटनाहरुको उदाहरणहरु दिने । यस्ता घटनाहरुले बालबालिका तथा महिलाको जीवनमा परेको असरको बारेमा छलफल गराई उदाहरण सहित प्रष्ट पार्ने । कक्षाकोठा विद्यालय तथा छरछिमेकमा घटेका यौन हिंसाजन्य घटनाहरु भन्न लगाउने<br><br>बालबालिकाहरुलाई यस्ता घटनाहरुबाट सुरक्षित रहन अवलम्वन गर्नुपर्ने सचेतताका कुराहरुमा व्यापक छलफल गर्ने ।<br><br>यस्ता घटनाहरुको जानकारि आफुभन्दा ठुला मानिस वा अफसमा गएर गराउने बारेमा विद्यार्थीहरुलाई बुझाउने<br><br>असल व्यवहारहरु अवलम्वन गर्न सिकाउने र खराव व्यवहारको विरोधमा बोल्नुपर्छ भन्ने कुरा सिकाउने । | | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | स्थानीय उपजहरु र यसको उपयोग | खानेकुराहरु प्रति स्रद्धा र त्यसको सही उपयोग गर्ने बारेमा आफ्नो धारणा व्यक्त | खानेकुराहरु प्रति स्रद्धा र त्यसको सही उपयोग | सन्तुलित र पर्याप्त खानेकुराको अभावमा हुने शारीरिक कमजोरी बृद्धि विकासमा देखापरेका समस्याहरुको बारेमा पोष्टर चित्रहरु देखाई छलफल गराउने । यस्ता कमजोरी तथा असरहरु कमगर्न स्वस्थ सफा र सन्तुलित खानाको आवश्यकता पर्छ भन्ने बारेमा विद्यार्थीहरुलाई सहमत गराई यसको महत्व बारे स्पष्ट पारिदिने । आफुले | चित्र अवलोक छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न | | घरमा खानेकुराहरुको बारेमा भन्न लगाउने ती खानेकुराहरु कहाँकहाँबाट प्राप्त हुन्छन भन्नेकुरा छलफल गर्ने र विद्यार्थीको विचार लिने । यस्ता खानेकुराहरुको सही प्रयोग गर्नुपर्छ खानेकुराहरु खेरफाल्नु हुँदैन भन्ने बारेमा छलफल गर्दै खानेकुराको महत्व र उपयोगितको बारेमा निष्कर्शमा पुग्ने । | पृष्ठपोषण | |
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकीय स्थहरु | आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरु बताउन<br><br>पर्यटकलाई आकर्षण गर्ने उपायहरु बारे बताउन | आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थल,<br><br>पर्यटकलाई आकर्षण गर्ने उपाय | विद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट उनीहरु बुवा आमा वा साथीहरुसंग घुम्न गएको ठाउँहरु तीर्थस्थलहरुको बारेमा सोधपुछ गरी जानकारी लिने<br><br>मानिसहरु जान मनपराउने ठाउँ तथा देवीदेवताको पुजाआजा गर्ने ठाउँहरु भन्न लगाउने । कुनै नयाँ मानिस वा विदेशीहरु घुम्न आएको देखेको वा सुनेजानेको भए भन्न लगाउने । पोष्टर कट्सआउट्स वा चित्रहरुबाट रमणीय ठाउँ र मठमन्दिरहरुको चित्र देखाई छलफल गराउने । नजिकको मठमन्दिर वा रमणीय ठाउँमा भ्रमण लग्ने र यस्ता ठाउँहरुलाई धार्मिक तथा पर्यटकीय स्थल भनिन्छ भनेर धारणा विकास गर्ने । आफ्नो गाउँघर वडा तथा नगरपालिका रहेका मानिसहरु घुम्न आउने रमाईला ठाउँहरु तथा मठमन्दीर आदिको नाम भन्न र लेख्न लगाउने । पर्यटन सम्वन्धि विभिन्न चित्र पोष्टर आदिबाट यसबारेमा थप छलफल | अवलोकनबाट देखेका र आफु घुम्न वा देवताको दर्शन गर्न मठमन्दिर गएको अनुभव भन्न लगाउने<br><br>आफ्नो वडामा रहेका मठमन्दिर तथा रमणीय स्थानको नाम भन्न र लेख्न लगाउने<br><br>ती मद्दे कुनैको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गराई प्रष्ट पार्ने । आफ्नो नजिकको पर्यटकीय स्थलकोबारेमा भन्न लगाउने तथा त्यसको चित्र कोर्ने अभ्यास गराउने । आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । पर्यटकीय स्थलहरुको भ्रमण गर्नका लागि पर्यटकहरुलाई कसरी आकर्षण गर्न सकिन्छ भन्ने बारेमा विद्यार्थीहरुलाई छलफल गराई प्रस्तुत गर्न लगाई प्रस्तुत गर्न लगाउने । अन्तमा शिक्षकले थप ब्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने | चित्र कोर्न लगाउने । नगरपालिलक भित्र रहेका प्रमुख पर्यटकीय स्थलहरु भन्न लगाउने तथा संरक्षणका उपायहरु भन्न लगाई मूल्यांकन गर्ने । आवश्यक गृहकार्य दिने र परिक्षण गरी पृष्ठपोषण दिने । | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | स्थानीय ज्ञान | विभिन्न रोगको उपचारका लागि प्रयोगहुने बनस्पति तथा सामग्रीहरु बताउन<br><br>ती सामग्रीहरु संकलन गरी रोग अनुसार | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु संकलन तथा बर्गिकरण | घरमा आफु, घरपरिवारको सदस्यहरु बिरामीहुँदा कस्तो खालको बिमार लागेको थियो सोध्ने । ती बिमार लाग्दा घरमा आमा बुबाले के गर्नु हुन्थ्यो/गर्नुहुन्छ भन्नेबारेमा विद्यार्थीहरुबाट जानकारी लिने,कस्तो विमार हुँदा के खान दिनुहुन्छ वा कस्कोमा के विमारहुँदा लग्नु हुन्छ/जानुहुन्छ भनी सोध्ने, साधारण रुघाखोकी, पेटदुखेको, टाउको दुखेको, खाना मिठो नलाग्ने आदि हुँदा गरिने घरेलु उपचारको औषधी तयार गर्दा कुन कुन वनस्पति तथा समग्रीहरुको प्रयोग हुन्छ भन्ने बारेमा | अनुभव आदान प्रदान<br><br>छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बर्गिकरण गर्न | | छलफल गरी जानकारी लिने । त्यसरी रोगलाग्दा प्रयोग हुने वनस्पति तथा सामग्रीहरु बढीभन्दा बढी संकलन गर्न लगाउने । रोग अनुसार प्रयोगहुने ती वनस्पति तथा सामग्रीहरु बर्गिकरण गर्न लगाई प्रस्तुत गर्न लगाउने । कपिमा लेख्न लगाउने । | गर्ने | |
| | कृषि पेशा र प्रमुख कृषि बालीहरु | पशुपालनको अवधारणा बारे बताउन<br><br>आफ्नो छरछिमेक तथा वडा भित्र भएका पशुपालन व्यवसायहरु बताउन<br><br>आफ्नो घरमा पशुपालनमा परिवारको संलग्नता र भूमिका बारे | पशुपालनको परिचय, आफ्नो छरछिमेक तथा वडा भित्र भएका पशुपालन व्यवसायहरु<br><br>पशुपालनमा परिवारको संलग्नता र आफ्नो भूमिका | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट पशुपालनको बारेमा विद्यार्थीहरुको बुझाईको बारेमा जानकारि लिई शिक्षकले यस बारेमा प्रष्ट पार्ने । आफ्नो घर छरछिमेक तथा वडाभित्र कुन प्रकारले पशुपालन गरिएको छ पारिवारिक आवश्यकता पुरा गर्ने हिसावले वा व्यवसायिक हिसावले पशुपालन गरिएको छ विद्यार्थीहरुलाई भन्न लगाई जानकारि लिने । वडाभित्र रहेका व्यावसायिक पशुपालनहरु पहिचान गर्ने र त्यहाँ कस्ता किसिमका कामहरु हुन्छन भन्ने बारेमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई जानकारि प्रदान गर्ने । आफ्नो घरमा भएको पशुपालनमा परिवारका सदस्यहरुले गर्ने काम दिने समय तथा स्वयं विद्यार्थीको भूमिका बारेमा छलफल गरि विद्यार्थीलाई कपिमा लेख्न लगाउने ।<br><br>त्यस्ता व्यवसायहरुबाट परिवारको भरणपोषण हुने | अबलोकनको अनुभव व्यक्त गर्न लगाउने छलफल, प्रश्नोत्तर तथा कक्षा सहभागिताको आधारमा विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बनाउन | | वारेमा विद्यार्थीहरुमा धारणा विकास गराउने | | |
| | स्थानीय प्रविधि | डोरीको प्रयोग गरी दाम्लो तथा नाम्लो तयार गर्ने सीप विकास | डोरीको प्रयोग गरी दाम्लो तथा नाम्लो तयार गर्ने सीप विकास | दाम्लो तथा नाम्लो देखाई यसमा केके भागहरु हुन्छन भन्ने बारे विद्यार्थीलाई भन्न लगाउने र शिक्षकले प्रष्ट पार्ने । डोरीको प्रयोग गरि दाम्लो बाट्ने तरीका बताउँदै शिक्षकले बाटेर देखाउने । विद्यार्थीहरुलाई पनि विस्तारै सिकाउँदै थप अभ्यास गराउने । त्यस्तै डोरी र जुट/प्लाष्टिकको बोरा(टाउकोमा राख्ने पातो बनाउने प्रयोजनका लागि) प्रयोग गरि नाम्लो बनाउने तरिका बताउँदै शिक्षकले नाम्लो बनाएर देखाउने र विद्यार्थीलाई पनि अभ्यास गराउँदै सिप विकास गराउने । | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |

# विषयवस्तुको विस्तृतीकरण : कक्षा-५

| विषय क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरपालिकाको भौगोलिक संरचना र बिशेषता | आफ्नो नगरपालिकाको भौगोलिक संरचना र विशेषता बारे बताउन | नगरपालिकाको भौगोलिक संरचना<br><br>नगरपालिकाको भौगोलिक विशेषता | विद्यार्थीलाई नगरपालिकाको जमिन (सम्मो, भिरालो, छाँगा, नदीकिनार, बनजङ्गल भएको, खेतबारी भएको, बाँझो, अग्लो, पहाड, चट्टानी भूभाग, खानीयुक्त) कस्तो छ भन्न लगाउने,<br><br>नगरपालिकाको नक्सा देखाई विद्यार्थीहरुलाई ती विभिन्न स्वरुपहरु देखाउन लगाउने,<br><br>नगरपालिकाको भौगोलिक स्वरुप देखाउने गरी नक्सा बनाउन लगाउने,<br><br>त्यहाँको जमिन, पहारीलो, ओसिलो, सुख्खा, पानी परिरहने, माटोको प्रकृति(रातोमाटो, रुखो, चट्टानी माटो) कस्तो छ, खेतीपाती कत्तिको हुन्छ, कुनै खानी वा जडिबुटीआदि भएको छकी आदिको बारेमा छलफल गराई भौगोलिक विशेषताको वारेमा स्पष्ट पार्ने । | विद्यार्थीलाई आफ्नो नगरपालिकाको भौगोलिक संरचना तथा विशेषताको बारेमा प्रश्नोत्तर गर्ने,<br><br>बटावट तथा विशेषताहरु केके छन कपिमा लेख्न लगाउने | |
| | नगर | आफ्नो | आफ्नो | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने | विद्यार्थीहरुलाई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | नगरपालिका भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु र ती सम्पदा रहेको स्थान तथा संख्या बताउन तथा तुलना गर्न | नगरपालिका भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु स्थान तथा संख्या | आफ्नो नगरभित्रका विभिन्न स्थानमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता, ती सम्पदा रहेको स्थानबारेमा जानकारि गराउने । विद्यार्थी तथा शिक्षकले आफ्नो नगरपालिकामा रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण(पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा चैत्य, मस्जिद आदि) सहित ती सम्पदाहरुको परिचय दिने । बोर्डमा सम्पदाहरुको सूची बनाई कस्तो सम्पदाहो चिन्न लगाउने । लगाउने । प्राकृतिक तथा मानव निर्मित सम्पदाको संख्या र विशेषताको आधारमा तुलना गर्न लगाउने | सम्पदाहरुको नाम रहेको स्थान र संख्या भन्न लगाउने<br>सम्पदाको बारेमा सामान्य जानकारि दिन लगाई मूल्याँकन गर्ने र पृष्ठपोषण दिने । | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | - आफ्नो नगरपालिकामा मान्ने धर्म भाषा र मनाउने चाडपर्व बारे बताउन<br>- नगरपालिका भित्र रहेका | नगरपालिकामा बोलिने भाषा मान्ने धर्म र धार्मिक स्थलहरु र रहेको स्थान तथा देवीदेवताहरु,<br>नगरपालिकामा | विद्यार्थीलाई आफ्नो नाम थर र बोल्ने भाषा भन्न लगाउने<br>परिवारका सदस्यहरुको नाता अनुसारको नाम थर भन्न लगाउने, कक्षाका साथीहरुको नाम थर तथा उनीहरुले बोल्ने भाषा भन्न लगाउने, विद्यार्थीहरु पुजाआजा तथा प्रार्थनाको लगि जाने धार्मिक स्थलहरुको वारेमा जानकारि लिई ती स्थलहरु कुन धर्मसंग सम्वन्धित छन भनी बताउने, चित्र तथा पोष्टरहरुको माध्यमबाट धार्मिक स्थलहरुको बारेमा छलफल गराउने, | बोर्डमा विभिन्न भाषा, धर्म, धार्मिक स्थल देवीदेवताहरु तथा चाडपर्वको नाम लेखी विद्यार्थीहरुलाई उठाएर उसले बोल्ने तथा मान्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धार्मिक स्थलहरु देवीदेवताहरु तथा भाषाहरुको सूची बनाउन | मनाउने चाडपर्वहरु | विद्यार्थीहरुलाई एक अर्काको नाम थर, बोल्ने भाषा, मान्ने धर्म भन्न लगाई एक अर्काको परिचय दिन लगाउने । विद्यार्थीलाई आफ्नो र साथीको नाम भाषा र धर्म लेख्न लगाउने । यसैगरी विद्यार्थीहरुलाई आफुले मान्ने धर्म अनुसार पुज्ने देवीदेवताहरुको नाम भन्न लगाई छलफल गराउने । आफ्नो धार्मिक परम्परागत वडा भित्र मनाईने विभिन्न चाडपर्वहरुको बारेमा छलफल गराउने तथा ती चाडपर्वहरु कुन धर्मसंग सम्वन्धित छन भनी छलफल गराएर प्रष्ट पार्ने,<br>नगरपालिकाको नक्सा बनाउन लगाई त्यसमा भाषिक क्षेत्रहरु धार्मिक स्थलहरु देखाउन लगाउने | कुराहरु भन्न लगाउने । प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |
| सामाजिक मूल्य मान्यता | सामाजिक व्यवहारहरु | - आफ्नो समुदायमा हुने असल तथा खराव बानी व्यवहारहरुबारे बताउन<br>- असल | आफ्नो घरपरिवार विद्यालय र समुदायमा गरिने असल तथा खराव बानी ब्यवहारहरु । | विद्यार्थीलाई आफ्नो घरपरिवार तथा नाता सम्वन्धमा एक अर्कोलाई गर्ने सम्मान सहयोग र आफुले घरमा आदर सम्मान मायाँ घरायसी कामहरुमा सहयोग आदिको वारेमा अनुभव आदान प्रदान गर्न लगाउने । आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्नुपर्ने असल बानी ब्यवहारहरुको बारेमा विद्यार्थीहरुबाट जानकारि लिई शिक्षकले थप सहजीकरण गर्दै असल ब्यवहारहरु बोर्डमा टिपोट गरी सूची बनाउने । समाजमा | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, आदिको माध्यमबाट विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बानीव्यवहारहरुको अवलम्वन तथा खराव व्यवहारहरु बारे सचेत रहन | दुख तथा अप्ठ्यारो परेको स्थितिमा एक अर्कोलाई गर्ने सहयोगी र असल ब्यवहारहरुको अवलम्बन | एकले अर्कोलाई हेप्ने, गालीगर्ने, कुटपिट गर्ने, अनावश्यक दुख दिने जस्ता खराब व्यवहारहरुबारे विद्‌यार्थीहरुबाट जानकारी लिंदै यस्ता व्यवहारहरुबारे कक्षामा छलफल गरी त्यस प्रति सचेत गराउने । बृद्ध असक्त अपाङ्ग दुखमा परेका व्यक्ति तथा जनावरहरुलाई के गर्नुपर्ला भनेर प्रश्न गरी विचार लिने । यस सम्बन्धी सहयोग गरिएका चित्र पोष्टर तथा सन्दर्भ सामग्री देखाउँदै सहयोगी ब्यवहारको बारेमा विद्‌यार्थीलाई प्रष्ट पार्ने । विद्‌यार्थीहरुलाई असल तथा सहयोगि ब्यवहारहरु कपिमा लेख्न लगाई अभ्यास गराउने | | |
| | जातजाती हरु र पेशा व्यवसाय तथा जातीय विभेद | - जात र कामको आधारमा गरिने जातीय विभेदबारे जानकारी लिन र त्यसको विरोध गर्न<br>- विद्‌यालय | नगरपालिका भित्र रहेका जातजातीहरु र उनीहरुले अगाल्ने परम्परागत पेशा व्यवसायहरु,<br><br>जात र कामको आधारमा गरिने जातीय विभेद | शिक्षकले जातजातीहरुको बारेमा छलफल गर्ने र विद्‌यार्थीले बुझ्नेगरी उदाहरण सहित जानकारी दिने<br><br>शिक्षकले आफ्नो समुदाय वडा तथा नगरपालिका भित्र रहेका विभिन्न जातजातीहरु र उनीहरुले गर्ने काम पेशा व्यवसायको बारेमा विद्‌यार्थीलाई प्रश्न सोधी बोर्डमा टिप्ने<br><br>जात र कामको आधारमा समाजमा हुने गरेका विभेदका उदाहरणहरु विद्‌यार्थीबाट लिंदै थप छलफल गर्ने | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन प्रस्तुतिकरण आदि गराई विद्‌यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा समुदायमा हुने जातीय विभेदका घटनाहरुबाट बालबालिकामा पर्ने गरेको मानसिक प्रभाव बारे बताउन | विद्यालय तथा समुदायमा हुने जातीय विभेदका घटनाबाट बालबालिकामा पार्ने प्रभाव | विभिन्न चित्र पोष्टरहरुबाट छलफल गराउने<br>जातीय विभेदका कारण समाजमा तथा कक्षाकोठामा उत्पन्न भएका समस्याहरुको बारेमा छलफल गर्दै एक जातीले अर्को जात र कामको सम्मान गर्नुपर्छ, जात र कामको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने<br>कक्षाकोठामा जातीय विभेदका घटनाहरुबाट बालबालिकामा पर्ने गरेको मानसिक प्रभाव बारे उदाहरण दिएर छलफल गराई जातीय सद्भाव र सहयोगको भावना बढाउने खालका कृयाकलाप गराउने | | |
| | सामाजिक कुरितीहरु | - भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकताबारे परिचित भई स्वास्थ्य उपचारका आधिकारिक | भुत, प्रेत, बोक्सा बोक्सी, धामी झाँक्रीको सामाजिक बुझाई र यसको वास्तविकता<br>यस सम्वन्धि भ्रमको न्यूनिकरण र चेतना विकास | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br>धामी झाँक्री टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने । यस्ता कुरितीको कारणबाट गाउँघर तथा समाजमा देखिने झैझगडा समस्या तथा | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाई थाहा पाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विधिहरुबारे जानकार हुन | तथा स्वास्थ्य उपचारका आधिकारिक विधिहरु | पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने । यस्ता कुरीतिहरु हटाउन विद्यार्थीले खेल्नुपर्ने भूमिका बारे छलफल गर्ने ।<br><br>बिरामी परेको समयमा धामी झाँक्रीको भर पर्दा समाजमा घटेका घटनाहरुको बारेमा उदाहरण दिंदै स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने बारेमा सहमत गराउने र गाउँघरमा सो बारेमा चेतना फैलाउने खालका कृयाकलापमा विद्यार्थीलाई संलग्न गराउने । | | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | बालश्रम | - बालश्रमको अर्थ र यसले बालबालिकाको जीवनमा पार्ने खराव असरबारे जानकारि हासिल गर्न | बालश्रमबारे जानकारी<br><br>बालश्रमले बालबालिकाको जीवनमा पार्ने खराव असरहरु | बालश्रमजन्य कुराहरु झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाएर छलफल गराई बालश्रम केहो भन्नबारेमा धारणा विकास गराउने । घरको काम ब्यवहारमा सामान्य सहयोग गर्न कुरा र आर्थीक उपार्जनको हिसाबले बालबालिकाहरुलाई काम गराउने कुरा बिचको फरक बताउँदै १६ बर्ष भन्दा कम उमेर समुहका बालबालिकाको पढ्ने लेख्ने तथा शारीरिक बौद्धिक मानसिक र संबेगात्मक विकासहुने उमेरमा श्रममा लगाईन्छ भने त्यसलाई बालश्रम भनिन्छ भनेर प्रष्ट पार्ने । घर तथा छिमेकमा बालबालिकाहरुले बिहान दिउस वा बेलुका कस्तो प्रकारको काम गर्ने गरेको | चित्र अवलोकन, छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | देखेका वा सुनेका छौ भनी छलफल गराउने । विहान देखि बेलुका सम्म खेतबारीमा काम गर्ने वा घरको काममा व्यस्त रहने ईटा भट्टामा काम गर्ने होटेलहरुमा काम गर्ने भारी बोक्ने जस्ता कामहरु बालश्रम भित्र पर्छन भनी थप स्पष्ट गर्ने । बालश्रम संबन्धि यस्ता घटनाहरुले बालबालिकाको जीवनमा परेको असरको बारेमा छलफल गराई उदाहरण सहित प्रष्ट पार्ने । बालबालिकाहरुलाई बालश्रमका यस्ता घटनाहरुबाट सचेत र सुरक्षित रहन  तथा यसको विरुद्धमा आवाज उठाउन गर्नुपर्ने सचेतताका कुराहरुमा व्यापक छलफल गर्ने । | | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | खानेकुराहरुको भण्डारण र श्रोत | - खानेकुराहरुको भण्डारणबारे जानकारी हासिल गर्न<br>- घरमा उत्पादन नहुने वस्तुहरु प्राप्त गर्ने स्रोत तथा स्थानवारे | उपज तथा खानेकुराहरुको भण्डारण<br><br>खानेकुराहरु प्राप्तीका श्रोतहरु | आफुले घरमा खानेकुराहरुको बारेमा भन्न लगाई ती खानेकुराहरु सुरक्षित र नविग्रने गरी घरमा कसरी राख्ने गरीएको छ भनी प्रश्नोत्तर गरी जानकारी लिने । अन्नबाली तरकारी तथा खानेकुराहरु लामो समयसम नबिग्रने गरी सुरक्षित किसिमले राख्ने कार्यलाई भण्डारण भनिन्छ भनी प्रष्ट पार्ने । भण्डारण गर्ने स्थानीय तौरतरिका तथा कोल्डस्टोरको बारेमा पनि छलफल गर्ने ।<br><br>खानेकुराहरु कहाँकहाँबाट प्राप्त हुन्छन भन्नेकुरा | चित्र अवलोक छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्याथीहरुको मूल्यांकन र पृष्ठपोषण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जानकारि दिन | | छलफल गर्ने र विद्यार्थीको विचार लिने । आफुलाई आवश्यक पर्ने तर आफ्नो घरमा उत्पादन नहुने वस्तुहरु कहाँबाट ल्याउने गरिएको छ विद्यार्थीबाट जानकारी लिने । पसल बजार हाटबजार छलछिमेक आदिबाट वस्तुहरु प्राप्त गर्न सकिने बारेमा जानकार गराउने । खानेकुराहरुको सही प्रयोग गर्नुपर्छ खानेकुराहरु खेरफाल्नु हुँदैन भन्ने बारेमा छलफल गर्दै खानेकुराको महत्व र उपयोगितको बारेमा पनि सचेत गराउने । | | |
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकीय स्थहरु | धार्मिक तथा पर्यटकिय स्थलहरुबाट हुने फाईदाहरु बताउन | धार्मिक तथा पर्यटकिय स्थलहरु र यसबाट हुने लाभ | विद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट उनीहरु बुवा आमा वा साथीहरुसंग घुम्न गएको ठाउँहरु तीर्थस्थलहरुको बारेमा सोधपुछ गरी जानकारी लिने<br><br>मानिसहरु जान मनपराउने ठाउँ तथा देवीदेवताको पुजाआजा गर्ने ठाउँहरु भन्न लगाउने । कुनै नयाँ मानिस वा विदेशीहरु घुम्न आएको देखेको वा सुनेजानेको भए भन्न लगाउने । पोष्टर कट्सआउट्स वा चित्रहरुबाट रमणीय ठाउँ र मठमन्दिरहरुको चित्र देखाई छलफल गराउने । नजिकको मठमन्दिर वा रमणीय ठाउँमा भ्रमण लग्ने र यस्ता ठाउँहरुलाई धार्मिक तथा पर्यटकीय स्थल भनिन्छ भनेर धारणा विकास गर्ने । आफ्नो गाउँघर वडा तथा नगरपालिका रहेका मानिसहरु घुम्न आउने रमाईला ठाउँहरु तथा मठमन्दीर आदिको | अवलोकनबाट देखेका र आफु घुम्न वा देवताको दर्शन गर्न मठमन्दिर गएको अनुभव भन्न लगाउने<br><br>आफ्नो वडामा रहेका मठमन्दिर तथा रमणीय स्थानको नाम भन्न र लेख्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नाम भन्न र लेख्न लगाउने । पर्यटन सम्वन्धि विभिन्न चित्र पोष्टर आदिबाट यसबारेमा थप छलफल गराई प्रष्ट पार्ने । आफ्नो नजिकको पर्यटकीय स्थलकोबारेमा भन्न लगाउने तथा त्यसको चित्र कोर्ने अभ्यास गराउने । आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । पर्यटकीय स्थलहरुको भ्रमण गर्नका लागि पर्यटकहरुलाई कसरी आकर्षण गर्न सकिन्छ भन्ने बारेमा विद्यार्थीहरुलाई छलफल गराई प्रस्तुत गर्न लगाई प्रस्तुत गर्न लगाउने । पर्यटकहरु घुम्न आउँदा सिर्जना भएका रोजगारी तथा व्यवसायहरुको बारेमा छलफल गर्ने । पर्यटकहरु रहँदा बस्दा घुम्दा उनीहरुले गर्ने खर्चबाट स्थानीय व्यक्तीहरु, नगरपालिका तथा राज्यलाई हुने आम्दानी र फाईदाको बारेमा छलफल गरी अन्तमा शिक्षकले थप ब्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने | लगाउने<br><br>ती मद्दे कुनैको चित्र कोर्न लगाउने । नगरपालिलक भित्र रहेका प्रमुख पर्यटकीय स्थलहरु भन्न लगाउने । पर्यटकको आगमनबाट हुने फाईदाहरु बारे भन्न लगाउने आवश्यक गृहकार्य दिने र परिक्षण गरी पृष्ठपोषण दिने । | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय | स्थानीय ज्ञान | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु | विभिन्न रोगहरुको उपचारमा प्रयोगहुने वनस्पति तथा सामाग्रीहरु संकलन तथा बर्गिकरण | घरमा आफु, घरपरिवारको सदस्यहरु बिरामीहुँदा कस्तो खालको बिमार लागेको थियो सोध्ने । ती बिमार लाग्दा घरमा आमा बुबाले के गर्नु हुन्थ्यो/गर्नुहुन्छ भन्नेबारेमा विद्यार्थीहरुबाट जानकारी लिने,कस्तो विमार हुँदा के खान दिनुहुन्छ वा कस्कोमा के विमारहुँदा लग्नु हुन्छ/जानुहुन्छ भनी सोध्ने, साधारण रुघाखोकी, | अनुभव आदान प्रदान<br><br>छलफल प्रश्नोत्तर तथा प्रयोगात्मक अभ्यासको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र प्रविधि | | संकलन तथा बर्गिकरण गरी औषधी तयार गर्न र त्यसको उचित प्रयोग गर्न | रोग अनुसार प्रयोगहुने सामग्रीहरुबाट औषधी तयार गर्ने अभ्यास | पेटदुखेको, टाउको दुखेको, खाना मिठो नलाग्ने आदि हुँदा गरिने घरेलु उपचारको औषधी तयार गर्दा कुन कुन वनस्पति तथा समग्रीहरुको प्रयोग हुन्छ भन्ने बारेमा छलफल गरी जानकारी लिने । त्यसरी रोगलाग्दा प्रयोग हुने वनस्पति तथा सामग्रीहरु बढीभन्दा बढी संकलन गर्न लगाउने । रोग अनुसार प्रयोगहुने ती वनस्पति तथा सामग्रीहरु बर्गिकरण गर्न लगाई प्रस्तुत गर्न लगाउने । कपिमा लेख्न लगाउने ।<br><br>रोग अनुसार बर्गिकरण गरिएका सामग्रीहरुको मिश्रण गरी औषधी तयार गर्ने अभ्यास गराउने । | माध्यमबाट विद्यार्थीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| | कृषि तथा पशुपालन | आफ्नो नगरभित्र सञ्चालन भएका कृषि तथा पशुपालनका व्यवसायहरुको सूची बनाई त्यसको विशेषता र महत्व बताउन | कृषि तथा पशुपालनको परिचय, आफ्नो नगरपालिकाभित्र भएका कृषि तथा पशुपालन व्यवसायहरु<br><br>कृषि तथा पशुपालन ब्यवसायको | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट कृषि तथा पशुपालनको बारेमा विद्यार्थीहरुको बुझाईको बारेमा जानकारि लिई शिक्षकले यस बारेमा प्रष्ट पार्ने । आफ्नो घर छरछिमेक वडा तथा नगरपालिका भित्र कुन प्रकारले कृषि तथा पशुपालन गरिएको छ पारिवारिक आवश्यकता पुरा गर्ने हिसावले वा व्यवसायिक हिसावले भन्ने बारेमा विद्यार्थीहरुलाई भन्न लगाई जानकारि लिने । नगरपालिका भित्र रहेका व्यावसायिक कृषि तथा पशुपालन ब्यवसायहरुको पहिचान गर्ने र त्यहाँ कस्ता किसिमका कामहरु हुन्छन भन्ने बारेमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई जानकारि प्रदान गर्ने । आफ्नो | छलफल, प्रश्नोत्तर अनुभव आदानप्रदान तथा कक्षा सहभागिताको आधारमा विद्यार्थीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | । | विषेशता र महत्व | घरमा भएको कृषि तथा पशुपालनमा परिवारका सदस्यहरुले गर्ने काम दिने समय तथा स्वयं विद्यार्थीको भूमिका बारेमा छलफल गरि विद्यार्थीलाई कपिमा लेख्न लगाउने ।<br><br>त्यस्ता व्यवसायहरुबाट परिवारको भरणपोषण हुने आय आर्जनहुने परिवार तथा नगरपालिकाको आर्थिक स्तर उकास्न यसको महत्व हुन्छ भन्ने वारेमा विद्यार्थीहरुमा धारणा विकास गराउने | | |
| | स्थानीय प्रविधि | बाँस तथा निगालोको छनौट गरी चोया काड्न र टोकरी बुन्ने सीप विकास गर्न | बाँस तथा निगालोको छनौट गरी चोया काड्ने र टोकरी बुन्ने | टोकरीमा प्रयोग हुने सामग्रीबारे विद्यार्थीलाई भन्न लगाउने र शिक्षकले प्रष्ट पार्ने । क्षेत्र भ्रमण तथा अवलोकन गराई चोयाकाड्नको लागि उपयुक्त बाँस तथा निगालो छनौट गर्न सिकाउने । बाँस वा निगालोबाट चोया काड्ने तरीका बताउँदै शिक्षकले काडेर देखाउने । चोयाको प्रयोग गरि शिक्षकले टोकरी बुन्ने अभ्यास गर्दै विद्यार्थीहरुलाई पनि विस्तारै सिकाउँदै थप अभ्यास गराउने । | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | आफ्नो नगरपालिकाको ,भौगोलिक संरचना र वातावरण तथा, आफ्नो वडाको प्रशासनिक संरचना । | आफ्नो नगरपालिकाको नक्सा हेरी भौगोलिक संरचना विशेषता र वातावरणको जानकारी दिन । आफ्नो वडाको प्रशासनिक संरचनाको बारेमा बताउन । | आफ्नो नगरपालिकाको ,भौगोलिक संरचना र वातावरण , आफ्नो वडाको प्रशासनिक संरचना । | विद्यार्थीहरुलाई आफ्नो नगरपालिकाको नक्सा देखाई आफ्नो नगरको जमिन सम्म, भिरालो, छाँगो नदी किनार, बनजङ्गल भएको, खेतबारी भएको, बाँझो, अग्लो पहाडी भु-भाग कस्तो छ भन्न लगाउने । नगरपालिकाको नक्सा देखाई विद्यार्थीलाई ती विभिन्न स्वरुप देखाउन लगाउने । पाँचखाल गरपालिको नक्सा देखाई विद्यार्थीहरुलार्य नक्सा बनाउन अभ्यास गराउने र नक्सा बनाउने तरिका विद्यार्थीहलाई बताइदिने । आफ्नो वडाको प्रशासनिक तथा सगठनात्मक स्वरुपबारे बारे विद्यार्थीहरुलाई बताइदिने । | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |
| | नगरभित्रका प्राकृतिक | नगरभित्रका प्राकृतिक र मानव निर्मित | नगरभित्रका प्राकृतिक र मानव निर्मित सम्पदाको | विद्यार्थीहरुलाई आफ्नो नगरभित्रका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु जस्तै पलाञ्चोक भगवती मन्दिर को अवलोकन गराईं महत्व र विशेषताबारे | विद्यार्थीलाई सम्पदाको महत्व र विशेषता भन्न र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र मानव निर्मित सम्पदाहरु | सम्पदाको विशेषता र महत्व बताउन | महत्व र विशेषता | छलफल गराई प्रकाश परिदिने बताइदिने । | लेख्न लगाउने । | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | नगरभित्रको भाषा, धर्म, चाडपर्व, तिनको विशेषता बताउन।<br><br>धामृिक तथा विशिष्ट व्यक्तिका विचारहरुको अध्ययन आफ्नो धारणा बताउन । | नगरभित्रका बोलिने भाषा, मानिने धर्म, चाडपर्वहरु, तिनको विशेषता । सम्बन्धित धार्मिक तथा विशिष्ट व्यक्तिका विचारहरु । | विद्यार्थीलाई आ-आफ्नो नाम,थर,भाषा,धर्म, साथ मनाउने चाडपर्व, तिनका विशेषता भन्न लगाउने । अन्य साथीहरुको छिमेकीको भाषा, धर्म, चाडपर्व सम्बन्धमा भन्न लगाउने । नगरभित्रका मठ मन्दिर चर्च ,गुम्बाहरुको स्थलगत भ्रमण गराई कुन धर्म संग सम्बन्धित छ , तिनको विशेषता सम्बन्धमा बताइदिने । स्थानिय स्तरका धार्मिक तथा विशिष्ट व्यक्तिहरुसंग भेट गराई उहाँहरुको विचार व्यक्त गर्न लगाउने । विद्यार्थीहरुलाई टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने । | बोर्डमा विभिन्न भाषा,धर्म,चाडपर्व लेखि तिनको बारेमा भन्न लगाउने ।<br><br>कापीमा तिनको बारेमा लेख्न लगउने<br><br>प्रतिवेदन पेश गर्न लगाई मूल्यांकन तथा पृष्ठपोषण दिने | |
| सामाजिक मूल्य मान्यता | आफ्नो समुदाय को | आफ्नो समुदायको सामाजिक मूल्य | समुदायमा प्रचलित मूल्य मान्यता, खराब संस्कारको | समुदायमा प्रचलित मूल्य मान्यता संस्कार झल्किने चित्र प्रदर्शन गरि छलफल गराउने । विद्यार्थीलाई आफ्नो घरपरिवार तथा नाता सम्वन्धमा एक अर्कोलाई | आ-आफ्नो समुदायमा प्रचलित मूल्य मान्यता | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक मूल्य मान्यताहरु | मान्यताको पहिचान ,सचेतना खराब संस्कार बारे बताउन र सचेत बन्न | सम्बन्धमा सचेतता | गर्ने सम्मान सहयोग र आफुले घरमा आदर सम्मान मायाँ घरायसी कामहरुमा सहयोग आदिको वारेमा अनुभव आदान प्रदान गर्न लगाउने । बृद्ध असक्त अपाङ्ग दुखमा परेका व्यक्ति तथा जनावरहरुलाई के गर्नुपर्ला भनेर प्रश्न गरी विचार लिने । यस सम्बन्धी सहयोग गरिएका चित्र पोष्टर तथा सन्दर्भ सामग्री देखाउँदै सहयोगी ब्यवहारको बारेमा विद्यार्थीलाई प्रष्ट पार्ने । आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्नुपर्ने असल बानी ब्यवहारहरुको बारेमा विद्यार्थीहरुबाट जानकारि लिई शिक्षकले थप सहजीकरण गर्दै असल ब्यवहारहरु बोर्डमा टिपोट गरी सूची बनाउने । समाजमा एकले अर्कोलाई हेप्ने, गालीगर्ने, कुटपिट गर्ने, अनावश्यक दुख दिने जस्ता खराब व्यवहारहरुबारे विद्यार्थीहरुबाट जानकारी लिंदै यस्ता व्यवहारहरुबारे कक्षामा छलफल गरी त्यस प्रति सचेत गराउने । विद्यार्थीहरुलाई असल तथा सहयोगि ब्यवहारहरु कपिमा लेख्न लगाई अभ्यास गराउने<br><br>समाजमा प्रचलित खराब संस्कार सम्बन्धि चित्रहरु प्रदर्शन छलफल गराउने । | बताउन लगाउने खराब संस्कार सम्बन्धि उदाहरणहरु भन्न लगाउने | |
| | जातजातीहरु तथा | जातजातिको परिभाषा | जातजातिको बारेमा परिभाषा, उंचनिच | बिद्यार्थीलाई आ-आफ्नो जात थर भन्न लगाउने । | आ-आफ्नो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समाजमा हुने जातीय विभेद | बताउन, समाजमा जातीय विभेदका घटना बारे बताउन | भनि गरिने विभेद | समुदायमा<br>उंचननिच जातजाति बीच हुने विभेद भन्न लगाउने । परापुर्ब<br>कालमा कामको आधारमा छुटाएका जातजातिलाई वर्तमान विभेदकारी व्यवहार गरिनु कुसंस्कार रहेको स्पस्ट पार्ने । यसको बारेमा थप उदाहरणहरु र व्यवहारिक पक्षहरुको बारेमा शिक्षकले थप प्रष्टपारी यस्ता विभेदहरु हटाउन गर्न सकिने उपायहरुको बारेमा छलफल गर्दै सचेतना कार्यक्रमहरु संचालन गर्न विद्यार्थीहरुलाई संलग्न गराउने । | समुदायमा रहेका जातजाति भन्न लगाउने । समाजमा<br>रहेको जातीय विभेद भन्न लगाउने । यस्ता विभेद हटाउने उपायहरु भन्न लगाउने | |
| | सामाजिक कुरीतिहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाक्रीको र बास्तबिकता बताउन तथा स्वास्थ्य संस्थाबाट हुने फाइदा बताउन | भुतप्रेत बोक्सा धामी झाँक्री प्रथा<br>स्वास्थ्य संस्थाबाट हुने फाइदा | शिक्षकले सामाजिक कुरितीहरुको अर्थ बताई<br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br>धामी झाँक्री टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने । यस्ता कुरितीको कारणबाट गाउँघर तथा समाजमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिदै यी सबै तथ्यहीन र गलत मान्यताहरु हुन भनी यस्ता मान्यताहरु विरुद्धको वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने । | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीको बुझाई को मूल्यांन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | यस्ता कुरीतिहरु हटाउन विद्यार्थीले खेल्नुपर्ने भूमिका बारे छलफल गर्ने ।<br>बिरामी परेको समयमा धामी झाँक्रीको भर पर्दा समाजमा घटेका घटनाहरुको बारेमा उदाहरण दिंदै स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने बारेमा सहमत गराउने । स्वास्थ्य संस्थाको अवलोकन भ्रमण गराई यसबाट उपलब्धहने सेवा र फाईदा बार् जानकारि दिलाउने र गाउँघरमा सो बारेमा चेतना फैलाउने खालका कृयाकलापमा विद्यार्थीलाई संलग्न गराउने । | | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | महिला तथा बालयौन हिंसा र बालश्रम को न्यूनीकरणका उपायहरु | महिला तथा बाल हिँसाबारे बताउन<br>बालश्रम न्यूनीकरणका उपायहरु बताउन | महिला तथा बाल यौन हिँसा बारे सचेतना<br>बालश्रम न्यूनीकरणका उपाय | बिद्यार्थीलाइ महिला तथा बाल यौन हिंसाका घटना देखाइएका चित्र प्रदर्शन गरि छलफल गराउने आफ्नो घर-गाँउमा यस्तो हिंसा भएको छ भने बताउन लगाउने<br>बालश्रमको चित्र देखाई छलफल गराउने | के कस्ता क्रियाकलाप महिला तथा बालश्रम न्यूनीकरण उपाय बताउने | |
| हाम्रा | हाटबजार | हाट बजारको | हाट बजारको अर्थ | बिद्यार्थीलाई आ-आफ्नो गाउँ समुदायमा उत्पादित | हाट बजार भनेको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय उपजहरु र तिनका उपयोग | तथा यसको महत्व | अर्थ बताउन । हाट बजारको महत्व बताउन । | हाट बजारको महत्व | बस्तुको नाम भन्न लगाई तिनलाई कता लगेर बेचिन्छ भनि प्रश्नोत्तर गर्ने<br><br>आफ्नो टोल बजारमा हप्तामा १-२ दिन विभिन्न आ-आपनो क्षेत्रमा उत्पादित सामान बिक्रि गर्न लाग्ने मेला सम्बन्धमा फाइदा छलफल गराउने । विद्यार्थीलाई हाटबजारको नमूना भूमिका अभिनय अथवा नाटकीकरण गर्न लगाई व्यवहारिक सीप विकास गराउने | के हो रु<br><br>हाट बजारबाट हुने फाइदा बताउ । प | |
| हाम्रा धार्मिक तथा पर्यटकीय स्थलहरु | धार्मिक तथा पर्यटकिय स्थलको महत्व र भूमिका | आफ्नो नगरका धार्मिक तथा पर्यटकीय स्थलमा नाम महत्व बताउन<br><br>आर्थिक क्रियाकलापमा यसको भूमिका बताउन | धार्मिक तथा पर्यटकीय स्थलको महत्व<br><br>आर्थिक क्रियाकलापमा यसको भूमिका | बिद्यार्थीलाई आफ्नो नगर भित्रका धार्मिक तथा पर्यटकीय स्थलको स्थगत भ्रमण गराई यसको महत्व बारे रिपोर्ट तयार गरी प्रस्तुत गर्न लगाउने ।<br><br>घर परिवार तथा नगरपालिकाको आर्थिक क्रियाकलापमा उक्त स्थल वा सम्पदाले पुर्याएको फाइदा लेख्न र भन्न लगाउने । | नगर भित्रका धार्मिक तथा पर्यटकीय स्थलको नाम<br><br>धार्मिक तथा पर्यटकीय सम्पदाको महत्व बताउ ।<br><br>आर्थिक क्रियाकलापमा कस्त्तो फाइदा पुर्याउछ रु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| स्थानीय ज्ञान सिप पेशा ब्यबसाय र प्रबिधि | योग ध्यान र प्राणायाम | योग ध्यान प्राणायामको अर्थ बताउन ।<br>स्वस्थ शरीरको लागि यसको अभ्यास र प्रयोग गर्न । | योग ध्यान प्राणायामको अर्थ अभ्यास र स्वस्थ शरीरको लागि यसको प्रयोग | विद्यार्थीलाई योग ध्यान प्राणायामको विभिन्न सम्बन्धित व्यक्तिको सहयोगमा अर्थ स्पस्ट पार्ने र यसबारे अभ्यास गर्न लगाउने ।<br>स्वस्थ शरीरको लागि यसको प्रयोग गर्ने बानि बसाल्ने । | योग, ध्यान प्राणायाम भनेको के हो रु यसको फाइदा बताउ । योग, ध्यान तथा प्रणायाम गरेर दखाउ | |
| | व्यापार व्यवसाय तथा उद्योगधन्दाहरु | नगर भित्र संचालित व्यापार ब्यबसाय तथा उद्योगधन्दा | नगर भित्र संचालित ब्यापार ब्यबसाय तथा उद्योगधन्दाहरु | बिद्यार्थीलाई आफ्नो नगर भित्र भएका व्यापार ब्यबसाय भन्न लगाउने । नगरभित्र संचालित उद्योगधन्दा सम्बन्धमा प्रश्न सोध्ने र भन्न लगाउने । ब्यापार ब्यबसाय तथा उद्योगधन्दाहरुले नगरपालिकाको समृद्धिमा खेलेको भूमिका बारे विद्यार्थीलाई छलफल | छलफल प्रश्नोत्तर तथा कक्षा सहभागिताको आधारमा विद्यार्थीको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धमा बताउन । | | गराई प्रस्तुतीकरण गराउने । शिक्षकले थप सहयोग र सहजीकरण गर्ने | मूल्यांकन गरी पृष्ठपोषण दिने | |
| स्थानीय प्रबिधि | स्थानीय प्रबिधि | ढिकी जाँतो र यसमा प्रयोग भएको प्रबिधि बताउन ।<br><br>मुढा बनाउने सिप बिकास गर्न । | ढिकी जाँतो र यसको प्रयोग र यसमा प्रयोग भएको प्रबिधि<br><br>मुढा निर्माण सिप | चित्र प्रदर्शन गरि ढिकी जाँतोको परिचय स्पस्ट पार्ने उपलब्ध भएमा प्रत्यक्ष अबलोकन गराई यसमा कस्तो प्रविधिको प्रयोग भएको छ विज्ञानको साधारण यन्त्रको पाठसंग आवद्ध गर्दै विभिन्न प्रश्न तथा छलफल मार्फत स्पष्ट पार्ने । कच्चा पदार्थ संकलन गर्न लगाई ढिकी जाँतोको नमूना बनाउन लगाउने । मुढा बनाउने सिपको विकास गर्न विज्ञको उपस्थितिमा अभ्यास गराई सिप बिकास गराउने । | छलफल प्रश्नोत्तर तथा प्रयोगात्मक अभ्यासको आधारमा विद्यार्थीको मूल्यांकन गरी पृष्ठपोषण दिने । | |

## विषयवस्तुको विस्तृतीकरण : कक्षा-७

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण तथा प्रशासनिक संरचना | आफ्नो नगरपालिकाको भौगोलिक प्राकृतिक वातावरण तथा प्रशासनिक संरचना बारे बताउन | नगरपालिकाको भौगोलिक तथा प्राकृतिक वातावरण<br><br>नगरपालिकाको प्रशासनिक संरचना | विद्यार्थीलाई नगरपालिकाको जमिन (सम्मो, भिरालो, छाँगा, नदीकिनार, बनजङ्गल भएको, खेतबारी भएको, बाँझो, अग्लो, पहाड, चट्टानी भूभाग, खानीयुक्त) कस्तो छ भन्न लगाउने,<br><br>नगरपालिकाको नक्सा देखाई विद्यार्थीहरुलाई ती विभिन्न स्वरुपहरु देखाउन लगाउने,<br><br>नगरपालिकाको भौगोलिक स्वरुप देखाउने गरी नक्सा बनाउन लगाउने,<br><br>त्यहाँको जमिन, पहारीलो, ओसिलो, सुख्खा, पानी परिरहने, माटोको प्रकृति(रातोमाटो, रुखो, चट्टानी माटो) कस्तो छ, खेतीपाती कत्तिको हुन्छ, कुनै खानी वा जडिबुटीआदि भएको छकी आदिको बारेमा छलफल गराई भौगोलिक विशेषताको वारेमा स्पष्ट पार्ने ।<br><br>नगरपालिकाको प्राकृतिक वातावरण वनजंगल, खोलानाला, खेतीयोग्य जमीन, गर्मी बढी हुने, हावा चलिरहने, समय अनुसार पानी पर्ने नपर्ने आदि कस्तो छ भन्ने बारेमा छलफल र प्रश्नोत्तर गरी प्राकृतिक | विद्यार्थीलाई आफ्नो नगरपालिकाको भौगोलिक संरचना तथा विशेषताको बारेमा प्रश्नोत्तर गर्ने,<br><br>प्राकृतिक तथा प्रशासनिक संरचना बारे भन्न लगाउने ।<br><br>परियोजना कार्यको प्रतिवेदन पेश गर्न लगाउने तथा नगरपालिको संगठनात्मक चार्ट बनाएर प्रस्तुत गर्न लगाई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | वातावरण र अवस्था बारे विद्यार्थीहरुलाई प्रष्ट पार्ने ।<br><br>नगरपालिकाको संगठनात्मक चार्ट बनाई यसको प्रशासनिक संरचना बारे विद्यार्थीहरुलाई जानकारि गराउने । वडा स्तरीय वडा समिती तथा न्यायीक समितीबारे विद्यार्थीहरुलाई बुझाई परियोजना कार्य अन्तर्गत वडा भिजिट गराई जानकारि लिन लगाउने र कक्षामा प्रतिवेदन पेश गर्न लगाउने । | मूल्याँकन गर्ने र पृष्ठपोषण दिने । | |
| | नगर भित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरु | आफ्नो वडाको नक्सा निर्माण गर्न र वडाभित्र रहेका प्रकृतिक तथा मानव निर्मित संपदाहरुको संकेत गर्न | आफ्नो वडाको नक्सा निर्माण<br><br>वडाभित्र रहेका प्रकृतिक तथा मानव निर्मित संपदाहरुको संकेत | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने<br><br>आफ्नो नगरभित्रका विभिन्न स्थानमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता, ती सम्पदा रहेको स्थानबारेमा जानकारि गराउने । विद्यार्थी तथा शिक्षकले आफ्नो नगरपालिकामा रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण(पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा चैत्य, मस्जिद आदि) सहित ती सम्पदाहरुको परिचय दिने । बोर्डमा सम्पदाहरुको सूची | विद्यार्थीहरुलाई सम्पदाहरुको नाम रहेको स्थान र संख्या भन्न लगाउने<br><br>सम्पदाको बारेमा सामान्य जानकारि दिन लगाई मूल्याँकन गर्ने र पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बनाई कस्तो सम्पदाहो चिन्न लगाउने ।<br><br>आफ्नो वडाको नक्सा निर्माण गर्न गलाई त्यसमा वडा भित्र रहेका सम्पदाहरु संकेत गर्न लगाउने । | | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार संस्कृति तथा धार्मिक सहिष्णुता | आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार र संस्कृतिको पहिचान र सूचीकरण गर्न, धार्मिक सहिष्णुता, धर्म अनुसारको जन्म, नामाकरण, आन्नप्रासन, विवाह तथा मृत्यू संस्कारबारे बताउन | आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार र संस्कृति, धार्मिक सहिष्णुता, धर्म अनुसारको जन्म, नामाकरण, आन्नप्रासन, विवाह तथा मृत्यू संस्कार | धार्मिक संस्कार र संस्कृतिको बारेमा शिक्षकले जानकारि दिँदै विद्यार्थीलाई आफ्नो गाउँघर तथा समुदायमा प्रचलनमा रहेका धार्मिक संस्कार र संस्कृतिका बारेमा भन्न लगाउने<br><br>समुहमा छलफल गराई आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार तथा संकृतिहरुको सूची बनाउन लगाई प्रस्तुत गराउने ।<br><br>धार्मक सहिष्णुताको बारेमा जानकारी गराई एउटा धर्म मान्नेले अर्को फरक धर्मलाई पनि सम्मान गर्नु पर्छ फरक धर्मका पनि असल विचारहरु ग्रहण गर्नु पर्छ भन्ने कुराको बोध गराउने खालका कृयाकलापहरु गराउने, आफ्नो धार्मिक संस्कार अनुसार जन्म नामाकरण अन्नप्रासन ब्रतवन्ध विवाह तथा मृत्यु संस्कारहरुको बारेमा छलफल प्रस्तुतीकरण तथा कृयाकलापहरु गराई प्रष्ट पार्ने ।<br><br>आफ्नो धार्म अनुसारका संस्कारहरुको चित्र कथा बनाउन | बोर्डमा विभिन्न भाषा, धर्म, धार्मिक प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाई प्रस्तुत गराउने | | |
| सामाजिक मूल्य मान्यता | सामाजिक व्यवहारहरु | आफ्नो समुदायको असल सामाजिक मूल्य मान्यताको प्रवर्धन र खराव मूल्यमान्यताहरुको निराकरणमा भूमिका नर्वाह गर्न | समुदायका असल सामाजिक मूल्य मान्यताको प्रवर्धन र खराव मूल्यमान्यताहरुको निराकरणमा भूमिका | विद्यार्थीलाई आफ्नो घरपरिवार नाता सम्वन्ध तथा समुदाय स्तरमा एक अर्कोलाई गर्ने सम्मान सहयोग आदिको वारेमा अनुभव आदान प्रदान गर्न लगाउने । आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्नुपर्ने असल बानी ब्यवहारहरुको बारेमा विद्यार्थीहरुबाट जानकारि लिई शिक्षकले थप सहजीकरण गर्दै असल ब्यवहारहरु बोर्डमा टिपोट गरी सूची बनाउने । बृद्ध असक्त अपाङ्ग दुखमा परेका व्यक्ति तथा जनावरहरुलाई के गर्नुपर्ला भनेर प्रश्न गरी विचार लिने । यस सम्बन्धी सहयोग गरिएका चित्र पोष्टर तथा सन्दर्भ सामग्री देखाउँदै सहयोगी ब्यवहारको बारेमा विद्यार्थीलाई प्रष्ट पार्ने । विद्यार्थीहरुलाई असल तथा सहयोगि ब्यवहारहरु कपिमा लेख्न लगाई अभ्यास गराउने । यस्ता असल ब्यवहारहरु आफूले पालना गर्ने र अन्य व्यक्तिहरुलाई पनि पालना गराउन एउटा रोल मोडेलको रुपमा काम गर्नको लागि विद्यार्थीहरुलाई उत्साहित पार्ने खालका कृयाकलापहरु गराउने ।<br>समाजमा एकले अर्कोलाई हेप्ने, गालीगर्ने, कुटपिट गर्ने, अनावश्यक दुख दिने जस्ता खराब व्यवहारहरुबारे विद्यार्थीहरुबाट जानकारी लिंदै यस्ता व्यवहारहरुबारे कक्षामा छलफल गरी त्यस प्रति सचेत गराउने । यस्ता | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, अभिनय नाटकीकरण आदिमा विद्यार्थीको सहभागिता र कृयाशीलताको आधारमा विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | व्यवहारहरुले समाजमा झैझगडा कलह अशान्ति भएका घटनाहरुको उदाहरण दिंदै यस्ता खराव व्यवहारहरु आफुले गर्नुहुँदैन र अरुलाई पनि गर्न दिनुहुँदैन भन्ने कुरा सिकाउन थप अभ्यस र नाटकीकरणका कृयाकलापको माध्यमबाट विद्यार्थीहरुलाई प्रष्ट पार्ने । | | |
| | जातजातीहरु र पेशा व्यवसाय तथा जातीय विभेद | - काम र श्रमको सम्मान तथा जातीय सहिष्णुता र सहअस्तित्व को प्रवर्धन गर्न | काम र श्रमको सम्मान तथा जातीय सहिष्णुता र सहअस्तित्वको प्रवर्धन | शिक्षकले आफ्नो समुदाय वडा तथा नगरपालिका भित्र रहेका विभिन्न जातजातीहरु र उनीहरुले गर्ने काम पेशा व्यवसायको बारेमा विद्यार्थीलाई प्रश्न सोधी बोर्डमा टिप्ने ।<br><br>जात र कामको आधारमा समाजमा हुने गरेका विभेदका उदाहरणहरु विद्यार्थीबाट लिंदै थप छलफल गर्ने, यसरी गरिने विभेदका कारण विभेदमा परेका व्यक्तहरुमा परेको मानसिक तथा सामाजिक प्रभावबारे विद्यार्थीहरुसंग थप छलफल गर्ने ।<br><br>विभिन्न चित्र पोष्टरहरुबाट पनि छलफल गराउने<br><br>जातीय विभेदका कारण समाजमा तथा कक्षाकोठामा उत्पन्न भएका समस्याहरुको बारेमा छलफल गर्दै एक जातीले अर्को जात र कामको सम्मान गर्नुपर्छ, जात र कामको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, अभिनय सचेतना र्याली नाटकीकरण आदिमा विद्यार्थीको सहभागिता र कृयाशीलताको आधारमा विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भावना विकास गराउने खालका क्रियाकलाप गर्ने<br><br>कक्षाकोठामा जातीय विभेदका घटनाहरुबाट बालबालिकामा पर्ने गरेको मानसिक प्रभाव बारे उदाहरण दिएर छलफल गराई जातीय सद्भाव र सहयोगको भावना बढाउने खालका कृयाकलाप गराउने । जात र कामको आधारमा कोही पनि ठूलो सानो हुँदैन भन्ने कुरामा विद्यार्थीहरुलाई सहमत गराउँदै एक अर्का प्रति विनम्र र सहिष्णु बन्नु पर्छ भन्ने बारेमा सकारात्मक भावनाको विकास गराउँदै सहिष्णुता र सहअस्तित्वको प्रवर्धनमा भूमिका निर्वाह गर्न सचेतना र्याली अभिनय नाटकीकरण कयाकलापमा विद्यार्थीहरुलाई संलग्न गराउने | | |
| | सामाजिक कुरितीहरु | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रमबाट मुक्त भई त्यसको वास्तविकता बोध गर्न<br><br>स्वास्थ्य संस्थाहरुबाट उपचारलिन | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकता<br><br>स्वास्थ्य संस्थाहरुबाट उपचार तथा सहजिकरण | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने<br><br>गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने<br><br>विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने<br><br>भुत प्रेत संवन्धि हामीले सुन्दै आएका भ्रमपुर्ण कथाहरुको उदाहरण दिंदै यसले बालबालिकाको मन मष्तिष्कमा पार्ने प्रभावको बारेमा जानकारी दिंदै उपचारका लागि अन्धविश्वाँस स्वरुप गरिने धामी झाँक्री, टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई | छलफल प्रश्नोत्तर अनुभव आदान प्रदान आदिको माध्यमबाट विद्यार्थीको सिकाईको मूल्यांकन गरी पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा अन्य व्यक्तिहरुलाई सहजिकरण गर्न | | छलफल गराउने । यस्ता कुरितीको कारणबाट गाउँघर तथा समाजमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने । यस्ता कुरीतिहरु हटाउन विद्यार्थीले खेल्नुपर्ने भूमिका बारे छलफल गर्ने ।<br>बिरामी परेको समयमा धामी झाँक्रीको भर पर्दा समाजमा घटेका घटनाहरुको बारेमा उदाहरण दिंदै स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने बारेमा सहमत गराउने । आफ्नो वडा नगरपालिका भित्र भएका स्वास्थ्य संस्थाहरु नजिका वा टाढाका आफुले सुनेका वा गएका ठुला अस्पतालहरुको बारेमा विद्थार्थीहरुलाई छलफल गराई र तिनीहरुले गर्ने कामको बारेमा पनि व्यापक छलफल गर्ने विद्यार्थीहरुसंग जानकारि लिंदै विरामी पर्दा स्वास्थ्य संस्था र अस्पतालमा गएर मात्र स्वास्थ्य उपचार गराउनु पर्छ भन्ने बारेमा विद्यार्थीहरुलाई बुझाई गाउँघरमा सो बारेमा चेतना फैलाउने खालका कृयाकलापमा विद्यार्थीलाई संलग्न गराउने । | | |
| महिला तथा बालयौन | महिला तथा बालयौन | महिला तथा बालयौन हिंसा र बालश्रमको | महिला तथा बालयौन हिंसा र बालश्रमको | महिला तथा बालयौन हिंसा र बालश्रम झल्कने विभिन्न पोष्टर कट्सआउट्स तथा चित्रहरु देखाएर छलफल गराई महिला तथा बालयौन हिंसा र बालश्रम भनेका के हुन | चित्र अवलोकन, छलफल तथा प्रश्नोत्तर कक्षा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हिंसा र बालश्रम | हिंसा र बालश्रम | न्यूनीकरणका लागि चेतनामूलक सामग्री निर्माण र संप्रेषण गर्न | न्यूनीकरणका लागि चेतनामूलक सामग्री निर्माण र संप्रेषण | भन्नबारेमा धारणा विकास गराउने । यसबाट घटेका घटना तथा व्यवहारहरुबाट पिडित व्यक्तिको जीवन र उसको परिवारमा परेको असर बारेमा उदाहरणहरु दिंदै यस्ता घटनाहरुबाट सचेत र सुरक्षित रहन तथा यसको विरुद्धमा आवाज उठाउन गर्नुपर्ने सचेतताका कुराहरुमा व्यापक छलफल गर्ने ।<br>बालबालिकाहरुलाई महिला तथा बालयौन हिंसा र बालश्रमको<br>विरुद्धमा आवाज उठाउन यस्ता कुकार्यहरुको न्यूनिकरणको लागि चेतनामूलक सामग्री निर्माण गर्ने कार्यमा समुहगत रुपमा अभ्यास गराई प्रस्तुत गर्न लगाउने । यसको विरुद्धमा सामाजिक चेतना विकास गर्न विद्‌यार्थीहरुको सहभागितामा प्लेकार्ड सहितका र्‍याली सडक नाटक आदिको आयोजना गर्ने । | कृयाकलाप सडक नाटक आदिमा विद्‌याथीहरुको सहभागिताको आधारमा मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | स्थानीय उपजहरु को बजारीकरण | - स्थानीय उपजहरुको बजारीकरण तथा खरिदविक्री सम्वन्धि | स्थानीय उपजहरुको बजारीकरण तथा खरिदविक्री | आफ्नो घर तथा समुदाय अथवा स्थानीय स्तरमा उत्पादनहुने प्रमुख कृषिबाली तथा पशुपालन व्यवसाय र त्यसबाट हुने उत्पादनको बारेमा विद्‌यार्थीहरुसंग प्रश्नोत्तर गरी जानकारी लिने । घरमा खाएर बचतहुने यस्ता उपजहरु बेचविखनको लागि स्थानीय स्तरमा भएको अभ्यासको बारेमा छलफल गर्दै जानकारिहरु आदानप्रदान गर्ने । उत्पादनको बजारीकरणको लागि | छलफल प्रश्नोत्तर चित्र अवलोकन प्रतिवेदन तयारी व्यवहारिक लेख तथा प्रस्तुतिकरणको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ज्ञान तथा सीप विकास गर्न | | नगरपालिका, सहकारी संघसंस्थाहरु वा अन्य ब्यापारीहरुको भूमिकाबारे छलफल गर्ने । कस्तो उत्पादनले राम्रो बजार र मूल्य पाएको छ, छिटो विक्रि वितरण गर्न सकिन्छ भन्ने बारेमा विद्यार्थीहरुलाई उपजहरुको बजारमा माँग र आपुर्ति बारे भएको अभ्यासको बारेमा परियोजना कार्य दिई बजार अनुगमन गर्न लगाई प्रतिवेदन तयार पार्न लगाएर प्रस्तुत गराउने । विद्यार्थीहरुलाई स्थानीय स्तरमा भएको उत्पादन ढुवानी बजारमा लगेर विक्रि गरेको तथा उपभोक्ताले खरिद गर्दै गरेको अवस्थाको पोष्टर बनाउन लगाई प्रस्तुत गराउने । आफ्नो घरमा बुवाआमाले गर्ने कृषि उत्पादन र बजारीकरण समेतको सम्पूर्ण चक्रको बारेमा ब्यवहारिक अभ्यास लेख्न लगाई प्रस्तुत गराउने । | माध्यमबाट विद्याथीहरुको मूल्यांकन र पृष्ठपोषण | |
| हाम्रा धार्मिक तथा पर्यटकिय स्थलहरु | धार्मिक तथा पर्यटकीय स्थहरु | धार्मिक तथा पर्यटकिय स्थलहरुको संरक्षण, संवर्धन तथा प्रचार प्रसार संवन्धि सीप विकास | धार्मिक तथा पर्यटकिय स्थलहरुको संरक्षण, संवर्धन तथा प्रचार प्रसार | विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको बारेमा सोधपुछ छलफल गराई सूची बनाउन लगाउने । त्यस्ता स्थलहरुको वर्तमान अवस्था कस्तो रहेको छ, कत्तिको व्यवस्थित सुरक्षित र सफा छ, पानी तथा शौचालयको अवस्था कस्तो छ, त्यहाँसम्म पुग्नको लागि बाटोघाटोऽ यातायात आदिको व्यवस्था छ छैन आदिको | छलफल प्रश्नोत्तर अनुभव आदान प्रदान सूचीकरण चित्र लेखन प्रस्तुतीकरण आदिको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न | | बारेमा विद्यार्थीहरुबाट जानकारि लिंदै शिक्षकले सहजिकारण गर्ने । <br><br> ती स्थलहरुको संरक्षण संवर्धन र थप सुधार एवं विकास र प्रचारप्रसारको लागि स्थानीय समुदाय, वडा तथा नगरपालिकाले कस्तो भूमिका खेलेको छ आदिको बारेमा छलफल गर्ने । ती स्थानहरुमा कत्तिको मानिसहरु आउँछन कहाँकहाँबाट आउँछन र के कस्ता गतिविधिहरु गर्छन त्यस्था गतिविधिहरुबाट स्थानीय समुदाय वडा तथा नगरपालिकाले कस्तो लाभ लिईरहेका छन भन्ने बारेमा पनि छलफल गर्ने । <br><br> यस्ता सम्पदाहरुको संरक्षण संवर्धन र प्रचारप्रसारमा हाम्रो कस्तो भूमिका रहन सक्छ भन्नेबारेमा छलफल गराई विद्यार्थीलाई उनीहरुको विचार लेख्न लगाउने । | माध्यमबाट विद्यार्थीको मूल्यांकन गर्ने र पृष्ठपोषण दिने । | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय | स्थानीय ज्ञान | योग ध्यान र प्रणायामको सीप विकास गर्न । | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको | योग ध्यान र प्रणायामको बारेमा विद्यार्थीहरुले अनुभव गरेको, देखेको वा सुनेको कुराहरु छलफल गराई जानकारि लिने । <br><br> शिक्षकले योग, ध्यान र प्रणायामको अर्थ, शारीरिक तन्दुरुस्ती र स्वस्थ मन मष्तिष्कको विकासको लागि | अनुभव आदान प्रदान छलफल प्रश्नोत्तर तथा प्रयोगात्मक अभ्यासको माध्यमबाट | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र प्रविधि | | स्वस्थता तथा विभिन्न रोगको उपचारमा योग तथ प्रणायामको प्रयोग गर्न | प्रयोग | यसको भूमिका महत्वपूर्ण हुने कुरामा विद्यार्थीहरुलाई जानकारि दिने ।<br><br>विभिन्न योगगुरुहरु र प्राकृतिक चिकित्सालयहरुमा गरिने योगाभ्यस तथा सन्देशमूलक भनाईहरु यूट्युव वा अन्य सामाजिक सञ्जालको माध्यमबाट विद्यार्थीहरुलाई देखाउने ।<br><br>शिक्षकले विभिन्न योग तथा प्रणायाम(जस्तैः मौन बसाई, प्रार्थना, कपालभाँती, भ्रामरी, अनुलोम विलोम, विभिन्न योग आसनहरु) को बारेमा आफुले गरेर देखाउने अनी विद्यार्थीलाई पनि संगसंगै अभ्यास गराउने । थप अभ्यासका लागि योगगुरु स्वामी विकासानन्द बाबा रामदेव आचार्य बालकृष्ण आदि योगगुरुहरुको यूट्युव च्यानलमा गएर थप अभ्यास गराउने तथा शरीरको कुन भागको लागि वा कस्तो रोगको उपचारको लागि कस्तो अभ्यास गर्ने भन्नेबारेमा जानकारि लिई विद्यार्थीहरुलाई त्यस अनुसार अभ्यास गराउने । | विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नगरपालिकामा सञ्चालितव्यापार, व्यवसाय तथा उद्योग धन्दाहरु | नगरपालिकाको समृद्धिमा व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरुले खेलेको भूमिका बारे बताउन । | नगरपालिकाको समृद्धिमा व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु तथा यसले खेलेको भूमिका | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरुको बारेमा विद्यार्थीहरुको बुझाईको बारेमा जानकारि लिई शिक्षकले यस बारेमा प्रष्ट पार्ने । आफ्नो घर छरछिमेक वडा तथा नगरपालिका भित्र कुन प्रकारका व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु छन विद्यार्थीहरुलाई छलफल गराई अलग अलग रुपमा सूचीकृत गर्न लगाउने ।<br><br>यस्ता व्यवसायमा केकस्तो किसिको काम हुन्छ के के वस्तु उत्पादन हुन्छ भन्ने बारेमा पनि छलफलबाट जानकारि प्राप्त गर्ने । यसमा कुन कुन व्यक्ति संस्था वा निकायहरुको संलग्नता छ र रहन सक्छ भन्ने बारेमा छलफल गरि मजदुर कृषक विभिन्न संघसंथा कार्यालय बैंक तथा वित्तीय संस्थाहरु विभिन्न व्यवसायमा संलग्न धैरै व्यक्तिहरुको संलग्नता रहन्छ र यहाँ धैरै प्रकारका कारोबारहरु हुन्छन भन्ने बारेमा विद्यार्थीहरुलाई उदाहरण सहित व्यवहारिकारुपमा जानकारि प्रदान गर्ने । नगरपालिका भित्र रहेका उद्योगधन्दा व्यापार व्यावसायहरुको बारेमा सूचना जानकारि संकलन गर्न विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्रतिवेदन पेशा गर्न लागाउने । आर्थिक परिचालन उद्योग व्यवसाय कर आदिबाट नगरपालिकाको आयश्रोत | छलफल, प्रश्नोत्तर अनुभव आदानप्रदान तथा कक्षा सहभागिता प्रस्तुतीकरणको आधारमा विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बृद्धि गर्न तथा त्यस स्रोतको प्रयोगबाट नगरपालिकाको विकास निर्माणमा मद्दत पुग्नुको साथै व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालनमा संलग्न व्यक्तिहरुको आयआर्जन भई समग्र नगरपालिका र नगरवासीहरुको समृद्धिमा यसको भूमिका रहने बारेमा विद्यार्थीलाई स्पष्ट पार्ने ।<br><br>विद्यार्थीहरुलाई नगरपालिकाको समृद्धिमा व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरुको भूमिका भन्ने विषयमा निवन्ध लेख्न लागाई प्रस्तुत गराउने । | | |
| | स्थानीय प्रविधि | ढीकि, जाँतोको नमूना निर्माण गर्न आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगको पहिचान गर्न, मुढा बनाउने सिप विकास गर्न । | ढीकि, जाँतोको नमूना निर्माण, आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगको पहिचान, मुढा बनाउने अभ्यास । | ढीकि, जाँतो तथा मुढाको प्रयोगको बारेमा विद्यार्थीहरुलाई भन्न लगाई यसमा केके प्रयोग हुन्छन टिपोट गर्न लगाउने । प्रत्यक्ष वस्तुको अवलोकन वा चित्रको माध्यमबाट अलगअलग रुपमा यिनका भागहरु चिनाउने । प्रत्येक भागको काम र यसमा कुन वैज्ञानिक ज्ञानको प्रयोग भएको छ विद्यार्थीहरुसंग छलफल गर्दै विज्ञानको साधारण यन्त्र पाठसंग यसको सम्वन्ध देखाउने । हाम्रा पुर्खाहरुमा पनि असाधारण बैज्ञानिक चेत रहेछ भन्ने बारेमा विद्यार्थीहरुलाई सहमत गराउँदै नयाँनयाँ विचार तथा तर्कहरुको खोज अनुसन्धानमा विद्यार्थीको रुची जगाउन अभिप्रेरणात्मक कृयाकलाप गराउने । यी सामग्री बनाउन आवश्यक कच्चा पदार्थहरु | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | संकलन गराई ढिकी जाँतो तथा मुढाको नमूना निर्माणमा विद्यार्थीहरुलाई संलग्न गराउने । शिक्षकले आवश्यक सहजिकरण गर्ने तथा थप सहयोग आवश्यक पर्ने भएका यस सम्वन्धि सिप भएका व्यक्तिहरुको सहयोगमा निर्माण गर्न लगाउने । | | |

## विषयवस्तुको विस्तृतीकरण : कक्षा-८

| विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| नगरपालिका बारे जानकारी | नगरपालिकाको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक संरचना | नगरको भौगोलिक तथा प्राकृतिक अवस्थाबारे जानकारि दिन<br><br>नगरपालिकाको राजनितिक तथा प्रशासनिक संरचनाबारे ब्याख्या गर्न | नगरपालिकाको भौगोलिक तथा प्राकृतिक अवस्था<br><br>नगरपालिकाको राजनितिक तथा प्रशासनिक संरचना | विद्यार्थीलाई नगरपालिकाको जमिन (सम्मो, भिरालो, छाँगा, नदीकिनार, बनजङ्गल भएको, खेतबारी भएको, बाँझो, अग्लो, पहाड, चट्टानी भूभाग, खानीयुक्त) कस्तो छ भन्न लगाउने,<br><br>नगरपालिकाको नक्सा देखाई विद्यार्थीहरुलाई ती विभिन्न स्वरुपहरु देखाउन लगाउने,<br><br>नगरपालिकाको भौगोलिक स्वरुप देखाउने गरी नक्सा बनाउन लगाउने,<br><br>त्यहाँको जमिन, पहारीलो, ओसिलो, सुख्खा, पानी परिरहने, माटोको प्रकृति(रातोमाटो, रुखो, चट्टानी माटो) कस्तो छ, खेतीपाती कत्तिको हुन्छ, कुनै खानी वा | विद्यार्थीलाई आफ्नो नगरपालिकाको भौगोलिक संरचना तथा विशेषताको बारेमा प्रश्नोत्तर गर्ने,<br><br>प्राकृतिक तथा प्रशासनिक संरचना बारे भन्न लगाउने ।<br><br>परियोजना कार्यको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जडिबुटीआदि भएको छकी आदिको बारेमा छलफल गराई भौगोलिक विशेषताको वारेमा स्पष्ट पार्ने ।<br><br>नगरपालिकाको प्राकृतिक वातावरण वनजंगल, खोलानाला, खेतीयोग्य जमीन, गर्मी बढी हुने, हावा चलिरहने, समय अनुसार पानी पर्ने नपर्ने आदि कस्तो छ भन्ने बारेमा छलफल र प्रश्नोत्तर गरी प्राकृतिक वातावरण र अवस्था बारे विद्यार्थीहरुलाई प्रष्ट पार्ने ।<br><br>नगरपालिकाको संगठनात्मक चार्ट बनाई यसको प्रशासनिक संरचना बारे विद्यार्थीहरुलाई जानकारि गराउने । नगरसभा कार्यपालिका तथा नगरस्तरीय न्यायीक समितीबारे विद्यार्थीहरुलाई बुझाई परियोजना कार्य अन्तर्गत नगरपालिका भिजिट गराई जानकारि लिन लगाउने र कक्षामा प्रतिवेदन पेश गर्न लगाउने । | प्रतिवेदन पेश गर्न लगाउने तथा नगरपालिको संगठनात्मक चार्ट बनाएर प्रस्तुत गर्न लगाई मूल्याँकन गर्ने र पृष्ठपोषण दिने । | |
| | नगर भित्र रहेका प्राकृतिक | आफ्नो नगरपालिकाको नक्सा बनाई त्यसमा | नगरपालिकाको नक्सा निर्माण<br><br>नगरपालिका भित्र रहेका प्रकृतिक | प्रश्नोत्तर गरी विद्यार्थीबाट जानकारी लिने आफ्नो नगरभित्रका विभिन्न स्थानमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको पहिचान र ती विचको भिन्नता, ती | विद्यार्थीहरुलाई सम्पदाहरुको नाम रहेको स्थान संख्या र त्यसबारे | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा मानव निर्मित सम्पदाहरु | नगरभित्र रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको संकेत गर्न | तथा मानव निर्मित संपदाहरुको संकेत | सम्पदा रहेको स्थानबारेमा जानकारि गराउने । विद्यार्थी तथा शिक्षकले आफ्नो नगरपालिकामा रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको उदाहरण(पोखरी, खोलानाला, चौतारा, वन जंगल, विद्यालय, पाटीपौवा, मठ मन्दीर, गुम्वा चैत्य, मस्जिद आदि) सहित ती सम्पदाहरुको परिचय दिने । बोर्डमा सम्पदाहरुको सूची बनाई कस्तो सम्पदा हो चिन्न लगाउने ।<br><br>आफ्नो नगरपालिकाको नक्सा निर्माण गर्न गलाई त्यसमा नगर भित्र रहेका सम्पदाहरु संकेत गर्न लगाउने । | जानकारि दिन लगाउने<br><br>नक्सा निर्माण र सम्पदाहरु संकेत गर्न लगाई मूल्याँकन गर्ने र पृष्ठपोषण दिने । | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | सामाजिक तथा धार्मिक संस्कार संस्कृति को पहिचान संरक्षण तथा प्रवर्धन | आफ्नो नगरपालिकामा मान्ने धार्मिक संस्कार र संस्कृतिको पहिचान संरक्षण तथा प्रवर्धन गर्न | नगरपालिकामा मान्ने धार्मिक संस्कार र संस्कृतिहरु<br><br>धार्मिक संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्धन | धार्मिक संस्कार र संस्कृतिको बारेमा शिक्षकले जानकारि दिंदै विद्यार्थीलाई आफ्नो गाउँघर तथा समुदायमा प्रचलनमा रहेका धार्मिक संस्कार र संस्कृतिका बारेमा भन्न लगाउने<br><br>समुहमा छलफल गराई आफ्नो समुदायमा मान्ने धार्मिक संस्कार तथा संकृतिहरुको सूची बनाउन लगाई प्रस्तुत गराउने ।<br><br>धार्मिक सहिष्णुताको बारेमा जानकारी गराई एउटा धर्म मान्नेले अर्को फरक धर्मलाई पनि सम्मान गर्नु पर्छ फरक धर्मका पनि असल विचारहरु ग्रहण गर्नु पर्छ भन्ने | बोर्डमा विभिन्न भाषा, धर्म, धार्मिक प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, क्षेत्र भ्रमण तथा लेख्ने अभ्यास गराई विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कुराको बोध गराउने खालका कृयाकलापहरु गराउने, आफ्नो धार्मिक संस्कार अनुसार जन्म नामाकरण अन्नप्रासन ब्रतवन्ध विवाह तथा मृत्यु संस्कारहरुको बारेमा छलफल प्रस्तुतीकरण तथा कृयाकलापहरु गराई प्रष्ट पार्ने । धर्म संस्कारमा रहेका गलत बुझाई र प्रचलनहरुको बारेमा छलफल गरी अहिलेको समय र चेतनाको स्तर अनुसार अमिल्दा प्रचलनहरुको परिमार्जन र प्रवर्धनका लागि विद्यार्थीहरुलाई बोध गराउने ।<br><br>आफ्नो धर्म अनुसारका संस्कारहरुको चित्र कथा बनाउन लगाई प्रस्तुत गराउने | | |
| सामाजिक मूल्य मान्यता | सामाजिक व्यवहार र मूल्य मान्यता | असल विवेकपूर्ण सच्चरित्रताको विकास गर्न<br><br>सकारात्मक मूल्य मान्यताहरु प्रति आस्थावान रहन | समुदायका असल र विवेकपूर्ण सच्चरित्र तथा मूल्य मान्यताहरु<br><br>सामाजिक कार्यहरु र त्यस प्रतिको अग्रसरता | विद्यार्थीलाई आफ्नो घरपरिवार नाता सम्वन्ध तथा समुदाय स्तरमा एक अर्कोलाई गर्ने आदर सम्मान सहयोग आदिको वारेमा अनुभव आदान प्रदान गर्न लगाउने । आफ्नो घरपरिवार विद्यालय र समुदायमा गर्नुपर्ने असल बानी ब्यवहारहरुको बारेमा विद्यार्थीहरुबाट जानकारि लिई शिक्षकले थप सहजीकरण गर्दै असल र विवेकपूर्ण ब्यवहारहरु बोर्डमा टिपोट गरी सूची बनाउने । बृद्ध असक्त अपाङ्ग दुखमा परेका व्यक्ति तथा जनावरहरुलाई के गर्नुपर्ला भनेर प्रश्न गरी विचार लिने । यस सम्बन्धी सहयोग गरिएका चित्र पोष्टर तथा सन्दर्भ सामग्री देखाउँदै सहयोगी | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, अभिनय नाटकीकरण आदिमा विद्यार्थीको सहभागिता र कृयाशीलताको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामाजिक कार्यहरुमा अग्रसरता देखाई भूमिका निर्वाह गर्न | | ब्यवहारको बारेमा विद्यार्थीलाई प्रष्ट पार्ने । विद्यार्थीहरुलाई असल तथा सहयोगि ब्यवहारहरु कपिमा लेख्न लगाई अभ्यास गराउने । यस्ता असल ब्यवहारहरु आफूले पालना गर्ने र अन्य व्यक्तिहरुलाई पनि पालना गराउन एउटा रोल मोडेलको रुपमा काम गर्नको लागि विद्यार्थीहरुलाई उत्साहित पार्ने खालका कृयाकलापहरु गराउने ।<br>समाजमा एकले अर्कोलाई हेप्ने, गालीगर्ने, कुटपिट गर्ने, अनावश्यक दुख दिने जस्ता खराब व्यवहारहरुबारे विद्यार्थीहरुबाट जानकारी लिंदै यस्ता व्यवहारहरुबारे कक्षामा छलफल गरी त्यस प्रति सचेत गराउने । यस्ता व्यवहारहरुले समाजमा झैझगडा कलह अशान्ति भएका घटनाहरुको उदाहरण दिंदै यस्ता खराव व्यवहारहरु आफुले गर्नुहुँदैन र अरुलाई पनि गर्न दिनुहुँदैन भन्ने कुरा सिकाउन थप अभ्यस र नाटकीकरणका कृयाकलापको माध्यमबाट विद्यार्थीहरुलाई प्रष्ट पार्ने ।<br>सामाजिक कार्यहरु जस्तो खानेपानी विजुली सञ्चार क्षेत्रको व्यवस्थापन बाटोघाटो निर्माण वातावरण संरक्षण सरसफाई आदि सामाजिक विकास तथा सुधारका क्षेत्रहरुमा अग्रसरता देखाई भूमिका निर्वाह गर्ने कुरामा विद्यार्थीहरुलाई अनुभूति दिलाउने खालका कृयाकलापहरु | आधारमा विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्ने | | |
| | समुदायमा हुने जातजातीहरु र जातीय विभेद | समुदायमा जातीय विभेद अन्त्यको लागि भूमीका निर्वाह गर्न तथा सन्देशमूलक नाटक तयार गरी प्रदर्शन गर्न | समुदायमा हुने जातीय विभेद तथा त्यसको अन्त्यका उपायहरु जातीय विभेद अन्त्यको लागि क्रियाकलाप निर्माण | शिक्षकले आफ्नो समुदाय वडा तथा नगरपालिका भित्र रहेका विभन्न जातजातीहरु र उनीहरुले गर्ने काम पेशा व्यवसायको बारेमा विद्यार्थीलाई प्रश्न सोधी बोर्डमा टिप्ने । <br><br> जात र कामको आधारमा समाजमा हुने गरेका विभेदका उदाहरणहरु विद्यार्थीबाट लिंदै थप छलफल गर्ने, यसरी गरिने विभेदका कारण विभेदमा परेका व्यक्तहरुमा परेको मानसिक तथा सामाजिक प्रभावबारे विद्यार्थीहरुसंग थप छलफल गर्ने । <br><br> विभिन्न चित्र पोष्टरहरुबाट पनि छलफल गराउने <br><br> जातीय विभेदका कारण समाजमा तथा कक्षाकोठामा उत्पन्न भएका समस्याहरुको बारेमा छलफल गर्दै एक जातीले अर्को जात र कामको सम्मान गर्नुपर्छ, जात र कामको आधारमा कोही पनि सानो वा ठूलो हुँदैन भन्ने भावना विकास गराउने खालका क्रियाकलाप गर्ने <br><br> कक्षाकोठामा जातीय विभेदका घटनाहरुबाट बालबालिकामा पर्ने गरेको मानसिक प्रभाव बारे उदाहरण दिएर छलफल गराई जातीय सद्भाव र सहयोगको भावना | प्रश्नोत्तर, छलफल, चित्र अवलोकन, अभिनय सचेतना र्याली नाटकीकरण आदिमा विद्यार्थीको सहभागिता र कृयाशीलताको आधारमा विद्यार्थीको बुझाईको मूल्याँकन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बढाउने खालका कृयाकलाप गराउने । जात र कामको आधारमा कोही पनि ठूलो सानो हुँदैन भन्ने कुरामा विद्यार्थीहरुलाई सहमत गराउँदै एक अर्का प्रति विनम्र र सहिष्णु बन्नु पर्छ भन्ने बारेमा सकारात्मक भावनाको विकास गराउँदै सहिष्णुता र सहअस्तित्वको प्रवर्धनमा भूमिका निर्वाह गर्न सचेतना र्याली अभिनय नाटकीकरण कयाकलापमा विद्यार्थीहरुलाई संलग्न गराउने | | |
| | सामाजिक कुरितीहरु | सडक नाटक र्याली आदिको माध्यमबाट नागरिक चेतनाको अभिवृद्धि गरी भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्रीको भ्रमबाट मुक्त स्वस्थ समाज निर्माणमा भूमिका निर्वाह गर्न | भुत प्रेत बोक्सा बोक्सी धामी झाँक्री बारेको भ्रम र वास्तविकता<br><br>सामाजिक कुरीतिको विरुद्धमा चेतना विकास र स्वस्थ र सुसंस्कृत समाजको विकास | शिक्षकले सरल भाषामा सामाजिक कुरितीहरुको अर्थ बताउने, गाउँघरमा हुने सामाजिक कुरितीहरुको उदाहरण दिने, विद्यार्थीहरुलाई उनीहरुको अनुभव सुनाउन लगाउने ।<br><br>भुत प्रेत संवन्धि हामीले सुन्दै आएका भ्रमपुर्ण कथाहरुको उदाहरण दिंदै यसले बालबालिकाको मन मष्तिष्कमा पार्ने प्रभावको बारेमा जानकारी दिंदै उपचारका लागि अन्धविश्वाँस स्वरुप गरिने धामी झाँक्री, टुना मुना आदिका चित्र तथा पोष्टरहरुबाट देखाई छलफल गराउने । यस्ता कुरितीको कारणबाट गाउँघर तथा समाजमा देखिने झैझगडा समस्या तथा पिडाका उदाहरुणहरु दिने र यस्ता मान्यताहरु विरुद्ध वुझाई विकास गर्न विद्यार्थीहरुसंग थप छलफल गर्ने । यस्ता कुरीतिहरु हटाउन विद्यार्थीले खेल्नुपर्ने भूमिका बारे छलफल गर्ने । | छलफल प्रश्नोत्तर अनुभव आदान प्रदान आदिको माध्यमबाट विद्यार्थीको सिकाईको मूल्यांकन गरी पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बिरामी परेको समयमा धामी झाँक्रीको भर पर्दा समाजमा घटेका घटनाहरुको बारेमा उदाहरण दिंदै स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने बारेमा सहमत गराउने । आफ्नो वडा नगरपालिका भित्र भएका स्वास्थ्य संस्थाहरु नजिकका वा टाढाका आफुले सुनेका वा गएका ठुला अस्पतालहरुको बारेमा विद्‌यार्थीहरुलाई छलफल गराई  तिनीहरुले गर्ने कामको बारेमा पनि व्यापक छलफल गर्ने विद्‌यार्थीहरुसंग जानकारि लिंदै विरामी पर्दा स्वास्थ्य संस्था र अस्पतालमा गएर मात्र स्वास्थ्य उपचार गराउनु पर्छ भन्ने बारेमा विद्‌यार्थीहरुलाई बुझाई गाउँघरमा सो बारेमा चेतना फैलाउने खालका कृयाकलापमा विद्‌यार्थीलाई संलग्न गराउने । सामाजिक कुरीतिको विरुद्धमा चेतना विकास र स्वस्थ र सुसंस्कृत समाजको विकास गर्ने खालका सडकनाटक सचेता र्याली जस्ता क्रियाकलापहरु निर्माण गरि विद्‌यार्थीहरुलाई प्रस्तुत गर्न लगाउने । यसबारेमा कक्षामा बक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने । | | |
| महिला तथा बालयौन | महिला तथा बालयौन | महिला तथा बालयौन हिंसा र | महिला तथा बालयौन हिंसा र बालश्रममुक्त | महिला तथा बालयौन हिंसा र बालश्रम झल्कने विभिन्न पोष्टर कट्‌सआउट्‌स तथा चित्रहरु देखाएर छलफल गराई महिला तथा बालयौन हिंसा र बालश्रम भनेका के हुन | चित्र अवलोकन, छलफल तथा प्रश्नोत्तर कक्षा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हिंसा र बालश्रम | हिंसा र बालश्रम | बालश्रममुक्त समाज निर्माणको लागि भूमिका निर्वाह गर्न | समाज निर्माणमा विद्यार्थीको भूमिका | भन्नबारेमा धारणा विकास गराउने । यसबाट घटेका घटना तथा व्यवहारहरुबाट पिडित व्यक्तिको जीवन र उसको परिवारमा परेको असर बारेमा उदाहरणहरु दिंदै यस्ता घटनाहरुबाट सचेत र सुरक्षित रहन तथा यसको विरुद्धमा आवाज उठाउन गर्नुपर्ने सचेतताका कुराहरुमा व्यापक छलफल गर्ने ।<br><br>बालबालिकाहरुलाई महिला तथा बालयौन हिंसा र बालश्रमको विरुद्धमा आवाज उठाउन यस्ता कुकार्यहरुको न्यूनिकरणको लागि चेतनामूलक सामग्री निर्माण गर्ने कार्यमा समुहगत रुपमा अभ्यास गराई प्रस्तुत गर्न लगाउने । यसको विरुद्धमा सामाजिक चेतना विकास गर्न विद्यार्थीहरुको सहभागितामा प्लेकार्ड सहितका र्याली सडक नाटक आदिको आयोजना गर्ने । | कृयाकलाप सडक नाटक आदिमा विद्याथीहरुको सहभागिताको आधारमा मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |
| हाम्रा स्थानीय उपजहरु र तीनको उपयोग | उपयुक्त विउ विजनको छनौट जैविक मलको उत्पादन | उपयुक्त विउ विजनहरुको छनौट र प्रवर्धन जैविक मल र विषादीको प्रयोग बारे परिचित भई | उपयुक्त विउ विजनको छनौट विकास तथा प्रवर्धन<br><br>जैविक मल तथा विषादिको उत्पादन र प्रयोग | आफ्नो घर तथा समुदाय अथवा स्थानीय स्तरमा उत्पादनहुने प्रमुख कृषिबाली तथा पशुपालन व्यवसाय र त्यसबाट हुने उत्पादनको बारेमा विद्यार्थीहरुसंग प्रश्नोत्तर गरी जानकारी लिने । बजारमा कस्तो खालका उपजहरुको माँग बढी छ उपभोक्ताहरुले कस्ता चिजहरु बढी मन पराउँछन तथा स्वास्थ्य र वातावरणको हिसावले कस्तो उत्पादन उपयोगी हुन्छ साथै कस्तो जात वा विउविजनको प्रयोग गर्दा उत्पादन बढी हुन्छ र बढी फाईदा लिन सकिन्छ भन्ने बारेमा विद्यार्थीहरुलाई | छलफल प्रश्नोत्तर चित्र अवलोकन प्रतिवेदन तयारी व्यवहारिक लेख तथा प्रस्तुतिकरणको माध्यमबाट विद्याथीहरुको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र प्रयोग | त्यसको उत्पादन र प्रयोगबारे सीप विकास गर्न | | छलफल गराई उपयुक्त विउविजनको छनौट गर्न मद्दत पुग्ने खालका कृयाकलापहरु गराउने । नजिको बागवानी कृषिफर्म आदिको अवलोकन भ्रमण गराई सूचना तथा जानकारिहरुको संकलन गर्न लगाएर प्रतिवेदन तयार पार्न लगाई प्रस्तुत गराउने ।<br>विद्यार्थीहरुलाई स्थानीय स्तरमा भएको उत्पादन ढुवानी बजारमा लगेर विक्रि गरेको तथा उपभोक्ताले खरिद गर्दै गरेको अवस्थाको पोष्टर बनाउन लगाई प्रस्तुत गराउने ।<br>आफ्नो घरमा बुवाआमाले गर्ने कृषि उत्पादन र बजारीकरण समेतको सम्पूर्ण चक्रको बारेमा ब्यवहारिक अभ्यास लेख्न लगाई प्रस्तुत गराउने ।<br>स्थानीय वनस्पति तथा जनावरको मलमुत्र प्रयोग गरी जैविक मल तथा विषादिको उत्पादन गर्ने अभ्यास गराई सिप विकास गराउने तथा आफ्नो गाउँघरमा यसको प्रयोग गर्नु पर्छ भन्ने बारेमा सूचना प्रवाह गर्न तथा सहयोग गर्न प्रोत्साहन गर्ने । | मूल्यांकन र पृष्ठपोषण | |
| हाम्रा धार्मिक तथा पर्यटकिय | धार्मिक तथा पर्यटकीय स्थहरु संरक्षण र | धार्मिक तथा पर्यटकिय स्थलबाट देशको समृद्धि र पहिचानमा | धार्मिक तथा पर्यटकिय स्थलहरु र यसको योगदान<br>धार्मिक तथा पर्यटकिय | विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको बारेमा सोधपुछ छलफल गराई सूची बनाउन लगाउने ।<br>त्यस्ता स्थलहरुको वर्तमान अवस्था कस्तो रहेको छ, कत्तिको व्यवस्थित सुरक्षित र सफा छ, पानी तथा | छलफल प्रश्नोत्तर अनुभव आदान प्रदान सूचीकरण चित्र लेखन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थलहरु | संवर्धन | पुग्न सक्ने योगदानको चर्चागर्न तथा संरक्षण र संवर्धनमा सहभागि बन्न | स्थलहरुको संरक्षण संवर्धन र प्रचारप्रसार | शौचालयको अवस्था कस्तो छ, त्यहाँसम्म पुग्नको लागि बाटोघाटो यातायात आदिको व्यवस्था छ छैन आदिको बारेमा विद्यार्थीहरुबाट जानकारि लिंदै शिक्षकले सहजिकारण गर्ने ।<br><br>यस्ता धार्मिक तथा पर्यटकिय स्थलहरुबाट समुदाय तथा नगरपालिका स्तरमा हुने आर्थिक कृयाकलाप र यसले नगरपालिकाको विकासमा गर्नसक्ने योगदानको बारेमा चर्चा गर्ने ।<br><br>ती स्थलहरुको संरक्षण संवर्धन र थप सुधार एवं विकास र प्रचारप्रसारको लागि स्थानीय समुदाय, वडा तथा नगरपालिकाले कस्तो भूमिका खेलेको छ आदिको बारेमा छलफल गर्ने । ती स्थानहरुमा कत्तिको मानिसहरु आउँछन कहाँकहाँबाट आउँछन र के कस्ता गतिविधिहरु गर्छन त्यस्ता गतिविधिहरुबाट स्थानीय समुदाय वडा तथा नगरपालिकाले कस्तो लाभ लिईरहेका छन भन्ने बारेमा पनि छलफल गर्ने ।<br><br>यस्ता सम्पदाहरुको संरक्षण संवर्धन र प्रचारप्रसारमा हाम्रो कस्तो भूमिका रहन सक्छ भन्नेबारेमा छलफल गराई विद्यार्थीलाई उनीहरुको विचार लेख्न लगाउने । | प्रस्तुतीकरण आदिको माध्यमबाट विद्यार्थीको मूल्यांकन गर्ने र पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | योग ध्यान र प्रणायाम | योग ध्यान र प्रणायामको अभ्यास । स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको प्रयोग गर्न | योग ध्यान र प्रणायामको अभ्यास ।<br><br>स्वस्थता तथा विभिन्न रोगको उपचारमा यसको प्रयोग | योग ध्यान र प्रणायामको बारेमा विद्यार्थीहरुले अनुभव गरेको, देखेको वा सुनेको कुराहरु छलफल गराई जानकारि लिने ।<br><br>शिक्षकले योग, ध्यान र प्रणायामको अर्थ, शारीरिक तन्दुरुस्ती र स्वस्थ मन मष्तिष्कको विकासको लागि यसको भूमिका महत्वपूर्ण हुने कुरामा विद्यार्थीहरुलाई जानकारि दिने ।<br><br>विभिन्न योगगुरुहरु र प्राकृतिक चिकित्सालयहरुमा गरिने योगाभ्यस तथा सन्देशमूलक भनाईहरु यूट्युव वा अन्य सामाजिक सञ्जालको माध्यमबाट विद्यार्थीहरुलाई देखाउने ।<br><br>शिक्षकले विभिन्न योग तथा प्रणायाम(जस्तैः मौन बसाई, प्रार्थना, कपालभाँती, भ्रामरी, अनुलोम विलोम, विभिन्न योग आसनहरु) को बारेमा आफुले गरेर देखाउने अनी विद्यार्थीलाई पनि संगसंगै अभ्यास गराउने । थप अभ्यासका लागि योगगुरु स्वामी विकासानन्द बाबा रामदेव आचार्य बालकृष्ण आदि योगगुरुहरुको यूट्युव च्यानलमा गएर थप अभ्यास | अनुभव आदान प्रदान छलफल प्रश्नोत्तर तथा प्रयोगात्मक अभ्यासको माध्यमबाट विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गराउने तथा शरीरको कुन भागको लागि वा कस्तो रोगको उपचारको लागि कस्तो अभ्यास गर्ने भन्नेबारेमा जानकारि लिई विद्यार्थीहरुलाई त्यस अनुसार अभ्यास गराउने । | | |
| | व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु | व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालनको सम्भाव्यता अध्ययन तथा व्यवसाय छनौट संवन्धि सीप विकास गर्न | व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरुको सम्भाव्यता अध्ययन र व्यवसाय छनौट संवन्धि सीप विकास | छलफल तथा प्रश्नोत्तरको माध्यमबाट व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरुको बारेमा विद्यार्थीहरुको बुझाईको बारेमा जानकारि लिई शिक्षकले यस बारेमा प्रष्ट पार्ने । आफ्नो घर छरछिमेक वडा तथा नगरपालिका भित्र कुन प्रकारका व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु छन विद्यार्थीहरुलाई छलफल गराई अलग अलग रुपमा सूचीकृत गर्न लगाउने ।<br><br>यस्ता व्यवसायमा केकस्तो किसिमको काम हुन्छ के के वस्तु उत्पादन हुन्छ भन्ने बारेमा पनि छलफलबाट जानकारि प्राप्त गर्ने । यसमा कुन कुन व्यक्ति संस्था वा निकायहरुको संलग्नता छ र रहन सक्छ भन्ने बारेमा छलफल गरि मजदुर कृषक विभिन्न संघसंथा कार्यालय बैंक तथा वित्तीय संस्थाहरु विभिन्न व्यवसायमा संलग्न धैरै व्यक्तिहरुको संलग्नता रहन्छ र | छलफल, प्रश्नोत्तर अनुभव आदानप्रदान तथा कक्षा सहभागिता प्रस्तुतीकरणको आधारमा विद्याथीहरुको मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | यहाँ धेरै प्रकारका कारोबारहरु हुन्छन भन्ने बारेमा विद्यार्थीहरुलाई उदाहरण सहित व्यवहारिकारुपमा जानकारि प्रदान गर्ने । नगरपालिका भित्र रहेका उद्योगधन्दा व्यापार व्यावसायहरुको बारेमा सूचना जानकारि संकलन गर्न विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई प्रतिवेदन पेशा गर्न लागाउने । कस्तो किसिमका व्यापार, व्यवसाय तथा उद्योगधन्दाहरु सञ्चालन गर्दा बढीलाभ लिन सकिन्छ भन्ने बारेमा त्यसको लागि चाहिने कच्चा पदार्थ जनशक्ति खर्च र बजारको सम्भाव्यता अध्ययन गर्न विद्यार्थीको सीप विकास गराउने खालका कृयाकलाप तयार गरी विद्यार्थीलाई अभ्यस गर्न लगाउने । समुहगत रुपमा परियोजना कार्य दिई प्रस्तुत गर्न लगाउने । | | |
| | स्थानीय प्रविधि | ढीकि, जाँतो र पानी घट्टको नमूना निर्माण गर्न,<br><br>आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगबारे | ढीकि, जाँतो र पानी घट्टको नमूना निर्माण, आधुनिक यन्त्रहरुमा यस प्रविधिको प्रयोगको पहिचान, मुढा बनाउने अभ्यास । | ढीकि, जाँतो पानीघट्ट तथा मुढाको प्रयोगको बारेमा विद्यार्थीहरुलाई भन्न लगाई यसमा केके प्रयोग हुन्छन टिपोट गर्न लगाउने । प्रत्यक्ष वस्तुको अवलोकन वा चित्रको माध्यमबाट अलगअलग रुपमा यिनका भागहरु चिनाउने । प्रत्येक भागको काम र यसमा कुन वैज्ञानिक ज्ञानको प्रयोग भएको छ विद्यार्थीहरुसंग छलफल गर्दै विज्ञानको साधारण यन्त्र चुम्वकत्व जस्ता पाठसंग यसको सम्वन्ध देखाउने । हाम्रा पुर्खाहरुमा पनि | छलफल प्रश्नोत्तर प्रयोगात्मक अभ्यासबाट विद्याथीहरुको सीप विकासको मूल्यांकन गरी पृष्ठपोषण दिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन, मुढा बनाउने सिप विकास गर्न | | असाधारण बैज्ञानिक चेत रहेछ भन्ने बारेमा विद्यार्थीहरुलाई सहमत गराउँदै नयाँनयाँ विचार तथा तर्कहरुको खोज  अनुसन्धानमा विद्यार्थीको रुची जगाउन अभिप्रेरणात्मक कृयाकलाप गराउने ।<br><br>यी सामग्री बनाउन आवश्यक कच्चा पदार्थहरु संकलन गराई ढिकी जाँतो तथा मुढाको नमूना निर्माणमा विद्यार्थीहरुलाई संलग्न गराउने । शिक्षकले आवश्यक सहजिकरण गर्ने तथा थप सहयोग आवश्यक पर्ने भएका यस सम्वन्धि सिप भएका व्यक्तिहरुको सहयोगमा निर्माण गर्न लगाउने । | | |

## ९ .सिकाइ सहजीकरण विधि र प्रकृया

स्थानीय पाठ्यक्रम स्थानीय बस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । स्थानीय विषयकोलागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापी विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भपुस्तकहरूलाई उपयोगमा भने ल्याउन सकिन्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाई क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप बाञ्छनीय हुन्छ, स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा । स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दापनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठय् पुस्तकको परिकल्पना गर्दैन । एउटै पालिकाको विभिन्न क्षेत्रको बस्तुस्थिति पनि फरक फरक हुन सक्ने भएकोले ठाउँ विशेष यसका क्रियाकलापहरू पनि फरक फरक हुन सक्ने सम्भावना रहन्छ । कुनै पनि विषय वस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थनीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ:

**अ) छलफल/प्रश्नोत्तर:** विभिन्न विषयहरूमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात् के कस्ता प्रश्नहरू सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नु पर्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने हो भने तलका जस्ता बुँदाहरूमा छलफल गर्न सकिन्छ:

तिम्रो आमा के काम गर्नुहुन्छ ? तिम्रो बुवाले कुन पेसा गर्नुहुन्छ ?

. तिमी कक्षाकोठा फोहोर भयो भने के गर्छौ ? आफूभन्दा ठूलालाई तिमी के गर्छाै ?

. तिमीलाई कुन फल मनपर्छ ? किन मनपर्छ ?

. बासी सडेगलेको खानाले हाम्रो स्वास्थ्यमा कस्तो असर पर्छ ?

. किन स्थानीय स्तरमा निर्मित घरमा बनाएको पोषणयुक्त खाजा खानु पर्छ ?

**आ) प्रदर्शन:** शिक्षक, विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न सामग्रीहरू सङ्कलन गरेर, विभिन्न कृषि मेला, ब्यापर मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यसबारेमा छलफल गर्ने जस्ता क्रिकलापहरू गर्न सकिन्छ । आवश्यकता अनुसार बास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिलिम फुटेज, चित्र, तश्वीर तथा श्रब्य, दृष्य, श्रब्य– दृष्य सामग्री, मोवाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ । यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ ।

- तिम्रो घरमा भएका कुनै तिन ओटा अन्नबाली देखाऊ वा नाम भन । वा चित्रमा भिडियोमा भएका मद्धे कुनकुन अन्नबालीहरू तिम्रो घरमा छन् ? कुनै ३ वटा अन्नबालीको नाम भन ।
- तिम्रो वरपर भएको कुनै दुई मठमन्दिरको नाम लेखेर प्रदर्शन गर ।
- कुनै एक लोक गीत गाएर सुनाऊ ।
- स्थानीय बस्तुको प्रयोग गरी कुनै एक सामग्री निर्माण गर ।

**इ) सहभागिता:** गरेर सिक(learning by doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ । यसो गर्दा विद्यार्थीहरूले हेरेर र गरेर धेरै कुराहरू सिक्दछन् ।

- अशक्त व्यक्तिले बाटो काट्न नसक्दा तिमी के गर्छौ ?

- अपाङगता भएका व्यक्तिहरूसँग हामीले कस्तो व्यवहार गर्नुपर्छ ?

**ई) अवलोकन भ्रमण र अभ्यास:** विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात् सिकारुले सिकेका कुराहरूलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।

**उ) परियोजना कार्य:** अभ्यास कै महत्त्वपूर्ण अङ्गका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरू पहिले नै सोच्नु पर्छ । परियोजना कार्य मार्फत करेसाबारी निर्माण, स्थानीय प्रविधिको प्रयोग, फलफूल एवम् तरकारी खेती, स्थानीय सामग्री निर्माण र प्रदर्शन जस्ता कार्यहरू गर्न/गराउन सकिन्छ ।

**ए) अभिभावकीय संलग्नता:** शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आचरण, मूल्य मान्यता, सोचाइ र व्यवहार परिवर्तत लिखित या मौखिक तवरले सहजीकरण

गरेरमात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ । यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनुपर्ने हुन्छ । अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिकृयालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नु पर्दछ ।

**ऐ) कथाकथन वा गीत/संगीत विधि**: पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा संगीतको माध्यमले पनि सिकाई सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

**ओ) भूमिका निर्वाह तथा नाटकीकरण विधि:** स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयमलाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनु पर्दछ । जस्तै अपाङ्गतामैत्री व्यवहार प्रदर्शन गर्न यदी कक्षाकोठामा अपाङ्ग बालबालिकाहरू छैनन् भने सिकारु मद्धे कुनै एकलाई अपाङ्ग व्यक्तिको रुपमा भूमिका निर्वाह गर्न लगाउने र अरुलाई अपाङ्ग व्यक्तिलाई सहयोग गरेको भुमिका दिएर यो विधि प्रयोग गर्न सकिन्छ । यसैगरी सकारात्मक व्यवहार प्रदर्शन, बृद्ध–बृद्धा तथा अग्रजहरूलाई सम्मान गर्ने खालको नाटक तयार गरेर पनि सिकारुलाई विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।

**औ) अन्वेषण, अनुसन्धान तथा खोज** विधिः विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निश्कर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।

**अं) प्रविधियुक्त कक्षाः** विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकतानुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरूको समुचित प्रयोग गरी धारणाहरूको दृष्याङ्कन गर्न सकिन्छ ।

**अः) अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरूः** आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तर्क्रिया विधि, उदाहरण र प्रयोग विधि आदि सान्दर्भिक विधिहरूलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय, सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य ध्येय भनेकै सिकारुले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकुन भन्ने नै हो ।

**STEAM Pedgagogy: परिचय, आवश्यकता र महत्त्व**

परिचयः विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ, कला र गणितलाई एकीकरण गरी कुनैपनि विषयवस्तुलाई समग्रमा बुझ्ने र बुझाउने शिक्षण पद्धति STEAM Pedgagogy हो ।

**आवश्यकता**

- यो अन्तरविषयक ढाँचा भएकोले बहुक्रियाकालपद्धारा विषयवस्तु प्रस्टयाउन,

- वास्तविक जीवन अनुभूतिको आधारमा सिक्न र सिकाउन,

- सिकारुको आफ्नै सक्रियता र सहभागितामा सिर्जनात्मक गतिविधिमा संलग्न गराउन,

- एकीकृत शिक्षण सिकाइलाई प्रोत्साहन गर्ने,

- सिकाइमा कला जोडेर विषयवस्तुलाई थप रोचक बनाउन,

- सिकारुमा उच्च तहको सोचाइ सिप विकास गर्ने,

- प्रविधिको विवेकशील प्रयोग गर्ने,

- खोज तथा अन्वेषणात्मक क्रियाकलापमा आधारित सिकाइ गर्ने,

- मूल्य मान्यतामा आधारित सिकाइ प्रोत्साहन गर्ने,

- सिकारु परिवर्तनको बाहक हो भन्ने कुरा स्वीकार्ने,

- ज्ञान निर्माणमा सिकारुलाई उत्साहित गर्ने,

- सहयोगात्मक तथा सहकार्यात्मक कार्यमा संलग्न हुन अभिप्रेरित गर्ने,

- डिजाइन गर्ने तथा सिर्जनात्मक कार्यलाई प्रोत्साहित गर्ने,

- सिकाइलाई दीगो, टिकाउ र समस्या समाधानमूखी बनाउन ।

**महत्त्व**

- सिर्जनात्मक क्रियाकलापमा जोड दिने तथा गहिरो अèययन अनुसन्धानमा संÚाग्न गराइने हुँदा सिकारुले

विषयवस्तुलाई गम्भिर रुपमा बुझ्न सक्छन,

- टेक्नोलोजीको विवेकसम्मत प्रयोग हुने हुँदा विषयवस्तुबारे स्पष्ट हुन सहयोग गर्दछ ,

- सिकाइमा इन्जिनियरिंग डिजाइनले एउटा पद्धतिगत सिकाइलाई सहयोग गर्दछ,

- सहकार्य र समन्वयात्मक सिकाइको बावतारण निर्माणमा सहयोग पुग्दछ,

- सैद्धान्तिक पक्षलाई व्यवहारिक ढाँचामा रुपान्तरण गर्न सहयोग गर्दछ,

- सवै सिकारुलाई सक्रिय बनाउने हँुदा कक्षाकोठा नै सक्रिय हुन्छ,

- विज्ञान र गणित विषय पनि रोचक बनाउन कला (गीत, कविता, कथा) को उपयोग हुने हुँदा विषयवस्तु थप सहज र सरस बन्दछ ।

**STEAM Pedgagogy को अभ्यासात्मक प्रयोग**

**Science:** खोजी गर्न, अवलोकन गर्न, चरणबद्धरुपमा पद्धतिमा आधारित कार्य गर्न

**Technology:** सूचना र प्रविधिको प्रयोग गरी विषयवस्तु रोचक तथा अर्थपूर्ण बनाउन

**Engineering:** अवधारणाहरूलाई चित्रद्धारा प्रस्तुत गर्न, डिजाइन गर्न, चित्रात्मक या अनुभवजन्य आकृति प्रस्तुत गर्न

**Arts :** कथा, कविता, गीत, संगीत, रंगरोगन, छलफल, ब्यवहारकुशल सिप आदिद्धारा विषयवस्तुलाई कलात्मक रुपमा पस्कन

**Mathematics:** तर्क, तथ्यांक, अंक परिमाण आदिको माध्यमले गणितीय समस्याहरू समाधान गर्न तथा समाज बुझ्न ।

स्थानीय पाठ्यक्रमको कुनै एक थिमलाई एकिकृत पाठक्रमको कुनै एउटा साझा थिमसंग जोड्नुहोस । उक्त साझा थिम शिक्षण गर्दा तपाइँले बनाउने एउटा क्रियाकलाप योजना बनाउनुहोस र त्यस थिममा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ कला र गणितलाई एकिकृत गर्नुहोस । यसरी विषयवस्तुलाई एकीकृत गरी शिक्षण सिकाइ सहजीकरण गर्दा सिकारुले विषयवस्तुलाई एकीकृत रुपमा नै बुझ्ने छन् र यस्तो सिकाइ दीर्घकालीन पनि हुन्छ । यो प्रक्रिया केवल आधारभूत तह कक्षा (१–३) मात्र नभएर कक्षा (४–८) को स्थानीय पाठ्यक्रममा पनि सहजै गर्न सकिन्छ ।

**१०. सिकाइ सहजीकरण विधि तथा प्रकृया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष**

स्थानीय पाठ्यक्रम स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूका सँगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ पुस्तकः÷कायर्पु स्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्बन्धित विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- **विषयवस्तु तथा सिकाइ उपलब्धिः** स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धिसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सीप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई ब्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सीप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन् ।

- **बालमनोविज्ञानः** पाठ्यपुस्तक तथा कार्यपुस्तकद्धारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ पुस्तक या कार्यपुस्तकबाट पढनु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा पुर्याउनुपर्ने हुन्छ ।

- **स्रोत साधनको उपलब्धताः** स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ ।

- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिः** विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् ? स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षण सिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ? जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रकृया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।

- **शिक्षकको योग्यता, क्षमता र रुचिः** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्धारा पठनपाठन गर्नुपन भएकोले शिक्षक योग्य भएर मात्र पुग्दनै । शिक्षकले आत्मविश्वासका साथ आवश्यक

विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सकृय हुनु पर्छ । लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमानदारीपूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।

**- स्थानीय परिवेश, सन्दर्भ र प्रसंगः** स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसंग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजनगर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

**११. मूल्यांकन प्रणाली:**

मूलतः स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको मूल्याङ्कन गर्न सिकारुले प्राप्त गरेका उपलब्धिहरू परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ । पेपर–पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धि मूल्यांकन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि प्राप्त भए,नभएको यकिन गर्न कठिन हुन्छ । तर पनि विद्यार्थी मूल्यांकन पाठ्यक्रमको एक अभिन्न अंग हो । यस अन्तर्गत विद्यार्थी मूल्यांकन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्यांकनमा निरन्तर विद्यार्थी मूल्यांकनलाई विशेष जोड दिएको छ । कक्षा १—३ मा सतप्रतिशत् निरन्तर विद्यार्थी मूल्यांकनकै आधारमा, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्यांकन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्यांकन गर्नु पर्ने प्रावधान छ । यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरुप विद्यार्थी मूल्यांकन गर्नुपर्ने हुन्छ । यसो भनेको निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रुपमा नै मूल्यांकन लाई प्रयोग गरिनुपर्छ भनिएको हो । स्थानीय पाठ्यक्रमको मूल्यांकन पनि यही आधारमा नै गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा ब्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रकृयाको मूल्यांकन अनौपचारिक रुपमा निरन्तर गरिनु पर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिकृया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिकृया आदि उपयोगी हुन्छन् । विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियोहरू पनि राख्नु पर्दछ । पाठक्रमको समग्र मूल्यांकन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विदार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन,

अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक पनि गर्दै लान आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउँदै जान पनि सकिन्छ । स्थानीय विषयको मूल्यांकन गर्दा प्रत्यके विद्यार्थीहरूको कार्यसञ्चयिका(portfolio) ब्यवस्थित गरि राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएका अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गद सोही आधारमा विद्यार्थीको मूल्यांकन गरिनुपर्छ । सिकारुको मूल्यांकन मा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सीप, बुझाइ, ब्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्यांकन र सिर्जनशीलता लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रकृयाको अबलम्बन गर्नुपर्छ । स्थानीय विषयको सम्भावित मूल्यांकन नमुनालाई निम्नानुसार देखाइएको छः

१. प्रश्नोत्तर: प्रश्न चित्र, घट्ना प्रश्न, छोटा मौखिक या लिखित प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीकबेठीक प्रश्न, बहुबैकल्पिक प्रश्न आदि ।

२. अवलोकन: रुव्रिक्स, रुजुसूची, श्रेणी मापन, मौखिक प्रश्न, घट्ना वर्णन आदि ।

३. परियोजना तथा प्रयोगात्मक कार्य: मौखिक प्रश्न, स्वतन्त्र अभिव्यक्ति, बँदागत प्रस्तुति, रुव्रिक्स, रुजुसूची, श्रेणीमापन,

४. सहपाठी मूल्यांकन: विभिन्न खालका फाराम, रुजुसूची, श्रेणीमापन

५. अभिभावक प्रतिकृया: रुजु सूची, स्वतन्त्र अभिव्यक्ति, श्रेणीमापन आदि

६. कुराकानी, सोधपुछ, छलफल: रुजु सूची, श्रेणी मापन, फाराम आदि ।

७. मौखिक कार्य: वास्तविक बस्तुस्थिति, प्रश्न, घट्ना, सन्दर्भ, श्रब्य, दृष्य, श्रब्य– दृष्य आदि ।

८. लिखित कार्य: विभिन्न खालका प्रश्नहरू, चित्रात्मक प्रस्तुति आदि

१०. व्यवहार प्रदर्शन: श्रेणी मापन, रुजुसूची, फारम, ग्राफ आदि ।

माथि उल्लेखित मूल्यांकन का साधन र तरिका मद्धे विषयवस्तुसँग सान्दर्भिक हुने साधनको प्रयोग गरी सिकारुको सिकाइ उपलब्धि मूल्यांकन गरिसकेपछि उपलब्धिलाई भने तल उल्लेख गरिएको तालिका अनुसार रेटिङ गर्नुपर्छ ।

विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर(Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य(Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो(Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको । |
| उच्च(Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

मूल्यांकन प्रकृयालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष, अङ्ग मानिएको सन्दर्भमा शुरुवाती चरणमा दैनिक कक्षा क्रियाकलापको रुपमा सिकारुको सिकाइ स्तर मूल्यांकन गरी सिकाइमा सुधार पुर्याउने प्रयास गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्यांकन का साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्यांकन गरी अभिलेखिकरण गर्नु पर्दछ । मूल्यांकन गर्दा सिकारुको उपलब्धिस्तर यदि १ या २ मात्र देखियो भने सुधारात्मक योजना बनाइ कम्तिमा पनि ३ सम्म उपलब्धि स्तर पुर्याउनु पर्छ । विद्यार्थीहरू मद्धे सिकाइ उपलब्धि १ या २ मात्र पुर्याउने र ३ वा ४ पुर्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी सामधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशिल रहनुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्दछ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भएपनि छोटो छोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्यांकन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रूचि र कठिनाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थी पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्यांकन को अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छः–

– विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्यांकन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।

– कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाइ राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काकाउने प्रतिनिधि कार्यहरूमा समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभएपनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।

– कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ

– प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

## स्थानीय पाठक्रमको थिमगत मूल्यांकन फाराम

कक्षा – १

| विषयवस्तु(थिम) | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्यांकन | | | थप सहायता पछिको मूल्यांकन | | | मूल्यांकन का सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| नगरपालिका र | नगरपालिका | नगरपालिकाको | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा परिचय | र आफु बसेको वडाको नाम र रहेको स्थान बताउन | नाम बताउन | | | | | | | |
| | | नगरपालिकाको ठेगाना बताउन | | | | | | | |
| | | आफु बस्ने वडा पहिचान गर्न | | | | | | | |
| | | आफु बस्ने वडाको ठेगाना बताउन | | | | | | | |
| अभिभावकको सही: शिक्षकको सही: | | | उपलब्धि प्रतिशत | | | | | | |

*स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकले माथिको नमुनाको आधारमा कक्षा १ देखी ३ सम्मका सवै थिमगत मूल्यांकन फाराम तयार गरी विद्यार्थी मूल्यांकन अभिलेखिकरण गर्नुपर्दछ । माथिको फारम उदाहरणको रुपमा कक्षा १ को नगरपालिका परिचय भन्ने थिमको हो । यसैलाई आधार मानेर मुख्य सिकाइ उपलब्धी पुरा भए/नभएको यकिन गर्न र सुधारात्मक शिक्षण सिकाइ मार्फत सिकारुलाई थप सहयाता प्रदान गर्न यस किसिमको मूल्यांकन ढाँचालाई उपयोग गर्नुपर्ने हुन्छ ।*

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छः

– शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन

– विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन

– अभिभावकले विद्यार्थीको कार्य तथा सिकाइ प्रगति तथा कमजोरी सुधारमा सहयोग गर्न जानकारी प्राप्त गर्न

– विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिइ अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न

– विद्यालय व्यवस्थापनको विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विद्यार्थीको व्यक्तिगत विवरण**

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

क) विद्यालयको नाम र ठेगानाः ......... ......... ......... .......... ....... ......

ख) विद्यार्थीको नामः ........ ............. .............. ग) जन्म मितिः ........ ......... ....... .....

घ) विद्यार्थीको घरको ठेगानाः

ङ) पारिवारिक विवरण

अ) आमाको नामः ...... ........ ...... ...... पेसाः .... ........ ...... सम्पर्क नंः ........ ...

आ) बाबुको नामः ........ ....... ...... पेसाः ..... ...... ...... सम्पर्क नंः ....... ....

च) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको:

(अ) नामः ..... ..... ...... ...... (आ) विद्यार्थीसँगको नाताः ...... .... ....

छ) विद्यालय भर्ना मिति र कक्षाः .. .... ..... .....

ज) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमताः ...... ........ ......... .......

झ) अघिल्लो अनुभवः ..... ...... ....... ...... .......

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको

(आ) अन्य कक्षामा भर्ना भएको अन्य विद्यालयको अनुभव: .... ......... ....... .... ......

**स्वास्थ्यसम्बन्धी विवरण**

क) तौल र उचाई

मितिः .............................. तौल (के.जी.मा): .............. उचाई:(से.मी.मा): .......... प्रतिकृया(यदि छ भने): ..........

ख) कुनै विशेष रोग भएमा सोबारे टिपोटः ..............................................................

ग) कुनै अपाङ्गता भए सोको विवरणः .................................................................

घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भएः ..................................................

**विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा (कक्षा १–३)**

विद्यार्थीको नामः ............................... कक्षाः ......... रोल नंः ........

विद्यालयको नामः ............................ सङ्केत नं.: वर्षः ...........

उपस्थितिः विद्यालय सञ्चालन भएको दिनः ................. उपस्थित भएको दिन र प्रतिशतः ..........

| क्र.सं. | विषयक्षेत्र (थिम) | कार्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | स्तरअनुसार उपलब्धि सङ्ख्या | समग्र उपलब्धि स्तर |
|---|---|---|---|---|---|
| १ | आफ्नो वडा तथा नगरपालिकाको परिचय र भौगोलिक अवस्था | २५ | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| २ | सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | २० | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| ३ | स्थानीय सामाजिक मूल्य मान्यताहरु | २५ | | कमजोर:<br>सामान्य:<br>राम्रो: | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उच्च: | |
| ४ | महिला तथा बालयौन हिंसा र बालश्रम | २० | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| ५ | स्थानीय उपजहरु र तीनको उपयोग | २० | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| ६ | स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु | २० | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| ७ | स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | ३० | | कमजोर:<br>सामान्य:<br>राम्रो:<br>उच्च: | |
| ८ | दनुवार/तामाङ् भाषाको चिनारी | आवश्यकतानुसार समायोजन गर्ने | | कमजोर:<br>सामान्य:<br>राम्रो: | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उच्च: | |

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोरलाई उपलब्धि सङ्ख्या १, राम्रोलाई उपलब्धि सङ्ख्या २, सामान्यलाई उपलब्धि सङ्ख्या ३ र उच्च दक्षता भएकोलाई उपलब्धि सङ्ख्या ४ प्रदान गर्ने ।

ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९०–१००%) लाइ A+, उच्च (७५–९०%) लाइ A, राम्रो (६०–७५%) लाइ B, सामान्य (४०–६०%) लाइ C, कमजोर (२०–४०%) लाइ D र ज्यादै कमजोर (०–२०%) लाइ E स्तर निर्धारण गर्नुपर्छ ।

**कक्षा शिक्षक** **प्रधानाध्यापक** **मितिः**

**विषयक्षेत्रगत रूपमा मूल्यांकन गर्ने तरिका तथा अभिलेख फारामहरू:**

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीका सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्यांकन गर्दा प्रयोग गरेका साधन मद्धे फाराममा उल्लेख भएमा त्यसमा चिन्ह लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्ने ।

- हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनि यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एक भन्दा बढी मूल्यांकन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढि सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

- सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइ अवसर प्रदान गर्न मूल्यांकनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्यांकनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्यांकन भए अनुसार अभिलेखित गर्नुपर्दछ ।

- सामान्यतया सबै प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार प्रयोजनका लागि उपचारात्मक शिक्षण

सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्न अवसर प्रदान गरिनु पर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्याउनु अपेक्षित छ ।

विषयक्षेत्र तथा थिमअन्तर्गका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{विषयक्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अंकको जोड}}{४\times \text{मूल्यांकन गरिएको सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छः

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ० – २० | E | ज्यादै कमजोर |
| २०– ४० | D | कमजोर |
| ४०– ६० | C | सामान्य |
| ६०– ७५ | B | राम्रो |
| ७५– ९० | A | उच्च |
| ९०– १०० | $A^+$ | उत्कृष्ट |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत

समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{उपलब्धिस्तरको अङकको जोड} = \frac{\text{उपलब्धि स्तरको अंकको जोड}}{४\times \text{मूल्यांकन गरिएको सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ ।

# सञ्चित अभिलेखको नमुना

१. विद्यार्थीको नाम ........................................ विद्यार्थीको फोटो

२. विद्यार्थीको व्यक्तिगत विवरण

(क) जन्म मितिः ...............................................

(ख) जन्म स्थानः ......................................................................

(ग) ठेगानाः .............................................................................

(घ) विद्यालयमा भर्ना मितिः .......................................................

३. विद्यार्थीको स्वास्थ्य विवरण

| कक्षा | उचाइ | तौल | रोग भए |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

४. विद्यार्थीको पारिवारिक विवरण

बाबुको नाम: शैक्षिक योग्यता: पेसा: जीवित/ मृतक:

आमाको नाम: शैक्षिक योग्यता: पेसा: जीवित/ मृतक:

परिवार सङ्ख्याः दाजुभाइ सङ्ख्याः दिदीबहिनी सङ्ख्याः

विद्यार्थीको जन्मक्रमः

विद्यार्थीको संरक्षकको नाम थरः नाताः शैक्षिक योग्यताः

विद्यार्थीको उपस्थिति

कक्षा: १ कक्षा:२ कक्षा:३ कक्षा:४ कक्षा: ५

विद्यालय खुलेको जम्मा दिन: विद्यार्थी उपस्थिति भएको दिन: विद्यार्थी अनुपस्थिति भएको दिन:

विद्यार्थीको अभिरुचि:

कुनै महत्वपूर्ण घटनाको विवरण:

**शिक्षकलाई निर्देशनः**

हाम्रो पाँचखाल(स्थानीय पाठ्यक्रम)को मूल्यांकन र अभिलेखीकरण सन्दर्भमा कक्षा (१–३) को माथि उल्लिखित ढाँचामा सतप्रतिशत निरन्तर मूल्यांकन प्रणालीमा अभिलेखीकरण गर्नुपर्ने हुन्छ । कक्षा (४–७)को मूल्यांकन ढाँचा एवम् अभिलेखीकरण भने कक्षा ८ विशिष्टीकरण तालिकालाई आधार मानेर आफैंले तयार गर्नुपर्ने छ । कक्षा ४, ५ मा दशवटा प्रश्न नै विषयगत नबनाएर ३० प्रतिशत बरावरको विषयगत र २० प्रतिशत बराबरको बहुबैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने र ठिक बेठिक प्रश्न तयार गर्ने र सोको आधारमा मूल्यांकन गर्नुपर्दछ । ३० प्रतिशत बरावरको विषयगत प्रश्नलाई ज्ञान, सिप र उच्च क्षमता प्रदर्शन हुने प्रश्न तयार गर्नुपर्दछ । ५० प्रतिशत मूल्यांकन प्रयोगात्मक हुने भएकोले कक्षा ८ कै प्रयोगात्मक मूल्यांकनको आधारमा मूल्यांकन गर्ने र अभिलेखीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

## हाम्रो पाँचखाल (स्थानीय पाठ्यक्रमको) विशिष्टिकरण तालिका: कक्षा ८

प्रयोगात्मकः ५० प्रतिशत

सैद्धान्तिकः ५० प्रतिशत

प्रयोगात्मक मूल्यांकनको विशिष्टीकरण तालिका

| विषय क्षेत्र (थिम) | क्रियाकलाप | अंकभार | कैफियत |
|---|---|---|---|
| नगरपालिकाको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक अवस्था | १.नगरपालिकाको भौगोलिक प्राकृतिक अवस्था झल्किने गरि सामाजिक नक्सा निर्माण<br>२. राजनितिक तथा प्रशासनिक अवस्थाको चित्रण गरि प्रतिवेदन तयारी | १० | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | स्थानीय धार्मिक संस्कार र संस्कृति सम्बन्धमा परियोजना प्रवितवेदन प्रस्तुति | ५ | |
| स्थानीय सामाजिक मूल्य मान्यताहरु | १.स्थानीय सामाजिक मूल्य मान्यता सम्बन्धमा परियोजना प्रवितवेदन प्रस्तुति<br>२. सकारात्मक व्यवहार प्रदर्शन | १० | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | समाजमा भएका महिला तथा बालयौन हिंसा र बालश्रम सम्वन्धि घटनाहरु समेटिने गरी परियोजना प्रतिवेदन प्रस्तुती | ५ | |
| स्थानीय उपजहरु र तीनको उपयोग | स्थानीय उपजहरु र तीनको उपयोग संवन्धमा विवरण तयारी र प्रस्तुती | ५ | |
| स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु | स्थानीय धार्मिक तथा पर्यटकीय सम्पदा सम्बन्धी विवरण प्रस्तुति (कुनै ५ सम्पदाको विवरण) | ५ | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | १. कुनै एक रैथाने सिप प्रस्तुति<br>२. कुनै एक रैथाने सिप तथा प्रविधिको पहिचान,संरक्षण, विकास र प्रचार प्रसार सम्बन्धी | १० | |

| | | | |
|---|---|---|---|
| | प्रतिवेदन | | |
| जम्मा | | ५० | |

सैद्धान्तिक मूल्यांकनको विशिष्टीकरण तालिका

| एकाइ (थिम) | प्रश्न संख्या | अंक | ज्ञान | सीप | उच्च दक्षता | कैफियत |
|---|---|---|---|---|---|---|
| नगरपालिकाको भौगोलिक प्राकृतिक राजनितिक तथा प्रशासनिक अवस्था | २ | १० | १ | १ | | |
| सामाजिक तथा धार्मिक संस्कार र संस्कृति | १ | ५ | १ | | | |
| स्थानीय सामाजिक मूल्य मान्यताहरु | २ | १० | १ | | १ | |
| महिला तथा बालयौन हिंसा र बालश्रम | १ | ५ | | | १ | |
| स्थानीय उपजहरु र तीनको उपयोग | १ | ५ | | | १ | |
| स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु | १ | ५ | | १ | | |
| स्थानीय ज्ञान सीप पेशा व्यवसाय र प्रविधि | २ | १० | | १ | १ | |
| जम्मा | १० | ५० | | | | |

**प्रयोगात्मक कार्य**

हाम्रो पाँचखाल (स्थानीय पाठ्यक्रम) अन्तर्गत कुल कार्यघण्टाको ५० प्रतिशत समय प्रयोगात्मक कार्यलाई ब्यवस्थापन गर्नुपर्दछ । कक्षाभित्र गरिने अभ्यासात्मक क्रियाकलाप, आफ्नो स्थानीय परिवेशमा गरिने क्षेत्र भ्रमण, सामुदायिक कार्य वा परियोजना कार्यसमेतलाई उल्लेखित समय व्यवस्थापन गर्न सकिन्छ । प्रयोगात्मक कार्यका लागि स्थानीय स्तरमा उपलब्ध सम्बन्धित विषयमा जानकार ब्यक्तिहरू मार्फत स्रोत

ब्यक्तिको रुपमा सहयोग लिनुपर्ने पनि हुन सक्छ । प्रयोगात्मक मुल्यांकनका लागि निम्नानुसारका आधारहरूलाई उपयोग गर्न सकिन्छः

- क्षेत्रभ्रमण, सामुदायिक कार्य तथा सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यका अभिलेख
- सामग्री निर्माण तथा सिप प्रदर्शन
- लघु योजना तथा कार्यान्वयनका खाका सहितको विवरण प्रस्तुति
- STEAM Based योजना प्रस्तुति
- मौखिक कार्य

## १२. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण छ, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गर्ने पाठ्यक्रम पनि हो । यो केन्द्रमुखी हुँदैन । हुनु हुदैन पनि । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गारो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम  तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहा“का प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । काभ्रपलाञ्चोक जिल्लाको हकमा पनि यही कुरा लागू हुन्छ । पाँचखाल नगरपालिकाको सन्दर्भमा पनि ।

नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । पाँचखाल नगरपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनि छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगरीको सिर्जना गर्नेभन्दा अरुले सिर्जना गरी दिएको रोजगरीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । पाँचखाल नगरपालिकाले विभिन्न पेसा एवम् ब्यावसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, विना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाईरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक र पालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्यिगक क्षेत्र र सो क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यावसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन् । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्यजस्तो देखिन्छ । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा पुर्याउनु पर्ने हुन्छ । यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशिल हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सीप र अभिवृत्ति हासिल गर्न सक्नेछन् । स्थानीय विषय शिक्षण गर्न शिक्षकहरूले मूलतः निम्नकुराहरूमा ध्यान दिन आवश्यक हुन्छः

(क) स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, क्रम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,

(ख) सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारुको सकृय सहभागिता बढाउन विशेष ध्यान दिने,

(ग) स्थानीय पेसा, ब्याबसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारुको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

(घ) आवश्यकता अनुसार STEAM Based learning योजनालाई समुचित रुपमा उपयोग गर्ने,

(ङ) पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रुपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

(च) कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, ब्याख्या, प्रयोगात्मक अभ्यास, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोडदै सिकाइका प्रभावकारीतामा ध्यान दिने,

(छ) कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घटना अèययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,

(ज) सिकाइलाई दिगो र उद्देश्यमलक बनाउन सिकारुलाई गरेर सिक्ने (learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,

(झ) मूल्यांकन का लागि पेपर पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारुको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,

(ञ) विभिन्न स्रोतसामग्री संकलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,

(ट) मूल्यांकन गर्दा सिकारुको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारुले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने,

(ठ) स्थानीय विषय पढाउने शिक्षकहरूवीच अनुभव आदान–प्रदान गरी आइपरेका समस्याहरू हल गर्न हर्दम क्रियाशिल रहने,

(ड) पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यक महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्न पहल गर्ने,

(ढ) सिकारुलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र सिकारु दुवैको भूमिकालाई समन्वयात्मक ढंगले विकास र विस्तार गर्न प्रयत्नशील रहने,

(ढ) आफनो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता, स्थानीय पेशा, व्यवसाय र प्रविध जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।